यदुनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत**

# शोधपत्र


**शोधार्थी**

**ऋषिराम उपाध्याय**

**नेपाली केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर**


**२०६३**

# कृतज्ञताज्ञापन

प्रस्तुत 'यदुनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको शोधपत्र मैले आदरणीय गुरु उप-प्रा. गोविन्दप्रसाद शर्माज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । आफ्नो विविध कार्यव्यस्तता हुँदा-हुँदै पनि मलाई शोधकार्यमा अभिप्रेरित गर्नाका साथै वस्तुगत निर्देशन दिनुभएकामा सर्वप्रथम म उहाँप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्रको शीर्षक चयनमा आवश्यक प्रेरणा र सुझाउ दिनुका साथै स्वीकृति प्रदान गर्नुहुने पूर्व– विभागीय प्रमुख प्रा.डा. दयाराम श्रेष्ठप्रति आभारी छु । यस शोत्रपत्रको तयारीका क्रममा आफूसँग भएका सामग्रीहरु—रू उपलब्ध गराउनाका साथै आफ्ना जीवनका विविध पक्षको लिखित तथा मौखिक जानकारी दिई सहयोग गर्नुहुने शोधनायकका सुपुत्र उदयराज खनाल तथा उहाँका आफन्तहरूप्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधलेखनको सिलसिलामा मेरा शोधनायकका सम्बन्धमा विविध जानकारी दिनाका साथै सामग्री सङ्कलनमा भरमग्दुर सहयोग पुऱ्याउनुहुने श्री जयराज आचार्य, डिल्लीराम मिश्र, कृष्णराज खनाल, डा. राजेश गौतमज्यूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । शोधकार्यका लागि आवश्यकत पुस्तक, पत्रपत्रिका, शोधपत्र आदि सामग्री उपलब्ध गराई सहयोग पुऱ्याउने त्रि.वि. केन्द्रीय पुस्तकालयप्रति पनि आभारी छु ।

यसैगरी शिक्षा आर्जनको मार्ग खुल्ला गराई दिनु हुने प्रेरणामयी बुबा प्रेमनारायण उपाध्याय र ममतामयी मुमा खिमा उपाध्यायप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु । शैक्षिक सफलता तिर उन्मुख गराउन प्रयत्नरत दाजु टाकानाथ उपाध्याय तथा भाइ दोलराजलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।यसैमसी साथै यस शोधकार्यका सिलसिलामा सामग्री–सङ्कलन तथा अन्य कार्यमा सहयोग पुऱ्याउनु हुने बाबुराम दाई, दोलराज भाई, मुक्ति भतिज तथा साथीहरुहरू देवबहादुर महतरा, ताराबहादुर थापा लगायत सम्पूर्ण सहपाठीहरुहरूलाई धन्यवाद दिन चाहन्छु ।

शोधकार्यको टङ्कन कार्यमा सहयोग गर्नुहुने एकेडेमीक कम्प्युटर कीर्तिपुरप्रति पनि हार्दिक धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा म प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेसश गर्दछु ।

मिति : २०६३/०८७/

ऋषिराम उपाध्याय
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक–शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षका छात्र श्री ऋषिराम उपाध्यायले ‘यदुनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन’ शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । मिहिनेतपूर्वक तयार पारिएको उहाँको शोधकार्यसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६३/०७/८/

______________________

उपप्राध्यापक
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **यदुनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनार्थ तयार गरिएको हो ।

## १.३ विषयपरिचय

यदुनाथ खनालको जन्म वि.सं. १९७० श्रावण २८ गते तनहुँको मानुङ भन्ने गाउँमा भएको हो । उनको मृत्यु २०६१ असोज १६ काठमाडौंमा भएको हो । उनको शिक्षा संस्कृतमा मध्यमा, बी.एस्सी र अङ्ग्रेजीमा एम.ए. रहेको छ । आफ्नो अध्ययन पछि उनी त्रिचन्द्र कलेजमा अङ्ग्रेजीका प्राध्यापकमा नियुक्त भए । खनाल एक कुशल प्रशासक र कूटनीतिज्ञ पनि हुन् । उनी मन्त्रिपरिषद् सचिवालयका सचिव, राष्ट्रिय योजना आयोगका सदस्य, भारतका लागि शाही नेपाली राजदूत, परराष्ट्रमन्त्रालयका सचिव, अमेरिकाका लागि शाही नेपाली राजदूत, लोकसेवा अयोगका अध्यक्ष हुँदै जनवादी गणतन्त्र चीनका लागि शाही नेपाली राजदूत भए । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उल्लेखनीय योगदान गरेका खनालले वेधनिधि पुरस्कार, त्रि.वि. बाट महाविद्यावारिधि, त्रिशक्ति पट्ट प्रथम, गोरखा दक्षिणबाहु प्रथम र नेपाली श्रीपद दोस्रा जस्ता मानपदवी पाएका छन् ।

खनाल संस्कृत, नेपाली र अङ्ग्रेजी भाषाका त्रिवेणी हुन् । उनी संस्कृत भाषामा एक कवि र अनुवादकका रूपमा चिनिन्छन् । **सूक्तिसञ्चय** उनको संस्कृतमा रचिएको पद्यात्मक कृति हो र **भामिनीबिलास** संस्कृतबाट नेपालीमा अनुवाद गरिएको अनुवादग्रन्थ हो । खनाल नेपाली भाषामा कवि र अनुवादकका रूपमा नभएर सैद्धान्तिक र प्रयोगात्मक रूपले नेपाली साहित्य र साहित्यकारलाई केलाउने कुशल समालोचकका रूपमा चिनिन्छन् । उनका समलोचनाका दुई कृतिहरू **समालोचनाको सिद्धान्त** (२००३) र **साहित्यिक चर्चा** (२०३४) प्रकाशित छन् । उनका फुटकर निबन्ध र समलोचनात्मक लेखहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । खनाल संस्कृत र नेपाली भाषामा जस्तै अङ्ग्रेजी भाषाका पनि साधक हुन् । अङ्ग्रेजी भाषामा उनका प्रकाशित **रिफ्लेक्सन अन इन्डो-नेपाल रिलेसन**, **स्ट्रेथट्स**, **प्रिन्सिपल अफ-क्रिटिसिज्म, नेपाल ट्रान्जिसन फ्रम आइसोलेसनिज्म** जस्ता पुस्तकका अतिरिक्त अन्य फुटकर रचनाहरू पनि रहेका छन् ।

यस शोधकार्यमा यदुनाथ खनालको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको चर्चा गरिएको छ । यस कार्यमा उनले नेपाली साहित्यको विकासमा दिएको योगदानलाई व्यवस्थित रूपले अध्ययन गरिएको छ ।

## १.४ समस्याकथन

यो शोधकार्य यदुनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वमा केन्द्रित छ । खनाल नेपाली समालोचना विधामा स्थापित समालोचक हुन् । उनको समग्र जीवनी,व्यक्तित्व र कृतित्वको प्रामाणिक अध्ययन भएको छैन । प्रस्तुत शोधकार्य निम्नलिखित मुख्य समस्या विवेचनामा केन्द्रित रहेको छ :

क. यदुनाथ खनालको जीवनी के-कस्तो छ ?

ख. उनको व्यक्तित्व के-कस्तो छ ?

ग. उनका प्रमुख साहित्यिक कृतिहरू के-कस्ता रहेका छन् ?

घ.	नेपाली साहित्यमा उनको योगदान के-कस्तो रहेको छ ?

यस शोधकार्यमा यिनै शोधसमस्यामा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

## १.५ शोधको उद्देश्य

यस शोधकार्यको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क.	यदुनाथ खनालको जीवनीका विभिन्न पाटाहरूको अध्ययन गर्नु ।

ख.	उनको व्यक्तित्वको अध्ययन गर्नु ।

ग.	उनका प्रमुख कृतिहरूको अध्ययन र विश्लेषण गर्नु ।

घ.	उनले नेपाली साहित्यमा दिएको योगदानको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको खोज तथा अनुसन्धान कार्यमा संलग्न यदुनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा यसभन्दा अगाडि खास अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भएको छैन । नेपाली साहित्यको इतिहास लेखन र समालोचनाका क्रममा केही लेखकहरूले उनका जीवनी, व्यक्तित्व र साहित्यक योगदानको सामान्य-चर्चा मात्र गरेका छन् । उनका बारेमा गरिएका केही चर्चा परिचर्चाको विवरण निम्नानुसार छ :

रूद्रमणि अधिकारीले **संक्षिप्त साङ्ग-श्रुति**, (पोखरा : लक्ष्मी प्रेस, २०२९) । श्री यदुनाथ खनालज्यू अमेरिकामा पढाउन जाने नेपाली प्रोफेसरमा प्रथम हुनाका साथै नेपालको प्रकाश फैलाउने एक चम्किलो ज्योति हुनुहुन्छ, भनेका छन् ।

कमल दीक्षितले (प्रकाशकीय, **समालोचनको सिद्धान्त**, (काठमाडौः साझा प्रकाशन, २०३०) संस्कृत र अङ्ग्रेजीका समान विद्वान् लेखकले दुबैतिरका समालोचनाका सिद्धान्तको सार झिकेर तयार पारेको यस पुस्तकले त्यस क्षेत्रमा 'ताती' गर्न हामीलाई सिकायो भन्नु अत्युक्ति हुने छैन, भनेका छन् ।

प्रकाशकीय, **साहित्यिक चर्चा**, (काठमाडौः साझा प्रकाशन, २०३४) समसामयिक गतिविधि र कवि कृतिबारे स्वतन्त्र समीक्षा गर्ने समालोचकका रूपमा उहाँलाई उभ्याइएको छ ।

मोहनराज शर्मा ((सहलेखन), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, प्रथम संस्करण, (काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३४), पृष्ठ १३२ )ले पूर्वेली र पश्चिमेली काव्य सिद्धान्त र साहित्यक आन्दोलनको परिचयात्मक व्यख्या गर्ने यदुनाथ खनालको नाम महत्त्वपूर्ण छ भनेका छन् ।

घटराज भट्टराई **प्रतिभै, प्रतिभा र नेपाली साहित्य**, (काठमाडौंः नेसनल रिसर्च एसोसीयट्स, २०४०), पृष्ठ ३१२-३१८ ) ले खनालको जीवनी, व्यक्तित्व र कृतित्वको संक्षिप्त चर्चा गर्दै एक साधकका रूपमा उनलाई परिचय गराउनु अस्वाभाविक देखिंदैन भनेका छन्  ।

रविलाल अधिकारी **नेपाली समलोचनाको रूपरेखा**, (पोखराः लेकाली प्रकाशन, २०५१), पृष्ठ ७६-८० ) ले यदुनाथ खनाललाई गुण र दोष दुबै पक्षको उल्लेख गर्ने प्रवृत्तिलाई अङ्गिकार गर्दै तुलना गर्नु, समालोचनात्मक तुलनालाई प्राथमिक मान्नु, बौद्धिक साहित्यको पक्ष लिनु, नैतिकता र आदर्शको दृष्टिकोण राख्नु, साहित्यिक परिष्कृतिको लागि समालोचकको कलमको आवश्यकता देख्छन, स्तरीय भाषाको प्रयोग गर्ने, जस्ता कुरालाई अँगालेर समालोचना लेख्ने समालोचकका रूपमा चिनाएका छन् ।

घनश्याम कँडेल ((सम्पादकं), **नेपाली समालोचना**, (काठमाडौंः साझा प्रकाशन २०५५), पृष्ठ ९-१०)ले  खनालको जीवनी, व्यक्तित्व र कृतित्वका महत्त्वपूर्ण पक्षको संक्षिप्त उल्लेख गरेका छन् । उनलाई सचेतताका साथ सैद्धान्तिक समालोचनाको थालनी गर्ने पहिला व्यक्ति, अभिव्यक्तिमा सन्तुलन देखाउने,  कतै पनि, कसैलाई अनावश्यक रूपमा उचाल्ने र पछार्ने नगर्ने व्यक्तिका रूपमा चिनाएका छन् ।

तारानाथ शर्मा **नेपाली साहित्यको इतिहास**, (काठमाडौँः अक्षर प्रकाशन, २०५६)) ले उहाँलाई शीलता र नैतिकताको प्रेमले सूक्तिसिन्धुका विरोधी बनायो, अनि बौद्धिकता प्रेमले नै समको आगो र पानीका समर्थक उहाँ हुनुभयो भनेका छन् ।

कृष्णचन्द्रसिंह प्रधान ((सम्पादक), **साझा समालोचना**, पाँचौं संस्करण,(काठमाडौँः साझा प्रकाशन, २०५८))ले यदुनाथ खनालले कवि-कृतिको समालोचना गर्नु भन्दा पहिले सिद्धान्तहरूको खाँचो देखे । त्यसैले पूर्वीय पाश्चात्य दृष्टिकोणको तुलनात्मक विवेचना गरी यससम्बन्धी सिद्धान्त प्रस्तुत गरे । नेपाली माधयमबाटै समालोचनाका सिद्धान्तहरूबाट परिचित हुन र यसलाई प्रोत्साहित गर्न उक्त कार्य निकै सहायक हुन गयो भनेका छन् ।

जयराज आचार्य **यदुनाथ खनाल जीवनी र विचार**, (काठमाडौँः साझा प्रकाशन, २०५९)) ले खनालको जीवनी कृतित्वका विविध पक्षहरूको समान्य चर्चा गर्दै उनको विचारलाई जस्ताको तस्तै उतार्ने प्रयास गरेका छन् ।

दयाराम श्रेष्ठ र मोहनराज शर्मा (संम्पादक), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, छैटौ संस्क. (काठमाडौँः साझा प्रकाशन, २०५९))ले खासगरी साहित्यिक चिनारी दिने र विचारपरक लेख लेख्ने यदुनाथ खनाल (१९७०) ले केही कृति एवम् कृतिकारको प्रभाववादी समीक्षा पनि गरेको पाइन्छ । यिनका व्याख्या र विवेचना प्रधान लेखहरूका दुई सँगाला ‘समालोचनाको सिद्धान्त’ (२००३) र ‘साहित्यिक चर्चा’ (२०३४) उपलब्ध छन् । उपर्युक्त दुबै कृतिहरूमा सङ्कलित लेखमा प्रभाववादको छाल उर्लिएको छ, भनी टिप्पणी गरेका छन् ।

राजेन्द्र सुवेदी **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, (भारतःभूमिका प्रकाशन, २०६१))ले यदुनाथ खनालको जीवनी,क व्यक्तित्व र कृतित्वको संक्षिप्त चर्चा गरेका छन् र समालोचक खनाल नेपाली समालोचनाको आधुनिक कालखण्डका प्रथम उठानमा गहन भूमिका खेल्ने समीक्षक सिद्ध भएका छन्, भनेका छन् ।

डिल्लीराम मिश्र "**नेपाली वाङमयका प्राज्ञिक धरोहर सरदार यदुनाथ खनाल**", गरिमा,२०६१,पौष )ले यदुनाथ खनालको जीवनी, व्यक्तित्व, कृतित्वको संक्षिप्त चर्चा गर्दै उनीद्वारा संस्कृत, नेपाली र अङ्ग्रेजी भाषामा लेखिएका कृतिहरूको नामोल्लेख गरेका छन् ।

यसरी यदुनाथ खनालका बारेमा गरिएका अध्ययनसम्बन्धी पूर्वकार्यलाई एकत्रित गरेर समीक्षा गर्दा उनको जीवनी, व्यक्तित्व र कृतित्वका सम्पूर्ण पक्षमा सघन चर्चा हुन सकेको छैन । यस शोधपत्रमा खनालका पारिवारिक पृष्ठभूमि,बाल्यकाल, शिक्षादीक्षा, व्यक्तित्व, साहित्यमा प्रवेश, साहित्यिक क्षेत्रमा दिएको योगदान तथा कृतिहरूको विश्लेषण आदिको अध्ययन भएको छ ।

## १.७ अध्ययनको औचित्य र महत्त्व

नेपाली साहित्यका क्षेत्रमा लामो साहित्यिक यात्रा पार गरेका खनालको जीवनी, व्यक्तित्व र कृतित्वमा सामान्य टिप्पणी र छिटफुट चर्चा-परिचर्चाबाहेक व्यवस्थित ढङ्गले व्यापक अध्ययन र अनुसन्धान हालसम्म नभएकाले उनका बारेमा सर्वप्रथम व्यवस्थित र समग्र रूपमा गरिएको यो अध्ययन अनुसन्धान औचित्यपूर्ण देखिन्छ । यसबाट खनालका बारेमा अध्ययन अनुसन्धान गर्न चाहने जोसुकै अध्येतालाई वस्तुगत जानकारी उपलब्ध हुनेछ । त्यसैगरी त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक र स्नातकोत्तर तहको ऐच्छिक नेपालीको पाठयक्रममा खनाललाई समालोचकका रूपमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि समेत प्रस्तुत अध्ययन उपयोगी हुनेछ । उनका बारेमा आजसम्म विस्तृत अध्ययन हुन नसकेको परिप्रेक्ष्यमा यस शोधकार्यको औचित्य स्वत: स्थापित भएको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोत्रपत्रमा खनालको जीवनी र व्यक्तित्वका विविध पक्षको अध्ययन गरिएको छ । यस कार्यमा उनका नेपाली भाषामा प्रकाशित महत्त्वपूर्ण कृति तथा

निबन्धको परिचयात्मक र विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ । यस शोधपत्रमा खनालका फुटकर निबन्ध र अन्य समालोचनात्मक रचनाको कालक्रमिक सूची दिएर तिनीहरूको अध्ययन गरिएको छ । यसै क्रममा उनका अङ्ग्रेजी भाषामा र संस्कृत भाषामा प्रकाशित कृति तथा लेखहरूको कालक्रमिक सूचीमा नामोल्लेख गरिएको छ भने तिनीहरूका बारेमा विश्लेषणात्मक अध्ययन गरिएको छैन ।

## १.९ सामग्रीसङ्कलन

प्रस्तुत शोधपत्र लेखनका क्रममा पुस्तकालयीय अध्ययन सामग्रीसङ्कलनको मूल आधार बनाइएको छ । यस क्रममा खनालका कृति तथा उनका बारेमा लेखिएका सूचनात्मक टिप्पणीहरूको अध्ययन गरिएको छ । उनका जीवनी र व्यक्तित्वका विविध पक्षको अध्ययन गरिएको छ । शोधनायकसँग उनको मृत्यु हुनुभन्दा अगाडि विभिन्न विद्वान्बाट लिइएका अन्तर्वार्ता र भेटवार्ताका सामग्री जुटाइएको छ । यसका अतिरिक्त उनका घर परिवारका सदस्य, चेला तथा समवर्ती मित्रहरूसँग भेटघाट गरी प्रश्नोत्तर विधिद्वारा जानकारी लिइएको छ । त्यसै गरी खनालका कृति तथा कृतिका बारेमा लेखिएका भूमिका तथा प्रकाशकीयलाई पनि सहायक सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

## १.१० शोधविधि

यस शोधपत्रको विश्लेषणको प्रमुख आधार जीवनीपरक र कृतिपरक समालोचनालाई बनाइएको छ । यहाँ परम्परित सैद्धान्तिक र व्यावहारिक समालोचना पद्धतिको समेत उपयोग गरी तथ्यपरक र वस्तुनिष्ठ तरिकाले अध्ययन गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई  निम्नलिखित शीर्षकहरूमा विभाजित गरिएको छ :

पहिलो परिच्छेद : शोधपत्रको परिचय,

दोस्रो परिच्छेद : यदुनाथ खनालको जीवनी,

तेस्रो परिच्छेद : यदुनाथ खनालको व्यक्तित्व,

चौथो परिच्छेद : यदुनाथ खनालको साहित्ययात्रा र तिनका चरणगत प्रवृतिहरू,

पाचौँ परिच्छेद : यदुनाथ खनालको कृतित्वको अध्ययन,

छैटौं परिच्छेद : उपसंहार,

सन्दर्भग्रन्थसूची :

परिशिष्ट :

उपर्युक्त ६ वटा परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरिएको छ ।

# दोस्रो परिच्छेद

# यदुनाथ खनालको जीवनी

## २.१ जन्म र जन्मस्थान

यदुनाथ खनालको जन्म विक्रम संवत १९७० श्रावण २८ गते शुक्ल एकादशीका दिन पिता पं नरनाथ खनाल र माता श्रीमती तारादेवी खनालका कान्छा सुपुत्रको रूपमा भएको हो[१] (हेर्नू उनको जन्मकुन्डली परिशिष्ट १) । यदुनाथ खनालको जन्मस्थान गण्डकी अञ्चलअन्तर्गत तनहुँ जिल्लाको जामुने गा.वि. स. वडा नं १ मानुङ गाउँमा पर्दछ ।[२] यदुनाथ खनालको आत्मस्वीकृति यस्तो छ -"मेरो जन्म गण्डकी अञ्चल तनहुँ जिल्लाको मानुङ  गाउँमा भएको हो मानुङ डाडाँमा हाम्रो घर थियो, खेतीपाती बँसीमा हुन्थ्यो । बँसीमा औलो लाग्ने भएकाले हाम्रो वसोवास लेकमा गरिएको रहेछ ।"[३]

## २.२ पारिवारिक पृष्ठभूमि

विक्रमसम्वतको पन्ध्रौं शताब्दीमा भारतमा मुसालमानहरूको आक्रमणबाट बच्न शिवराज शाह गढवालबाट कर्णाली प्रदेश हुँदै हालको अर्घाखाँची जिल्लाको '**खन**' भन्ने स्थानमा आइपुगेको कुरा खनाल वंशावलीमा उल्लेख छ । उनी दलबलसहित ११ परिवारका साथ सो स्थानमा आएका थिए । गढवालबाट शिवराजसँग आउनेमा एउटा चामु पाध्याको परिवार पनि थियो । चामु पाध्ये वि.स. १४४२ मा दिवंगत भए । उनकी धर्मपत्नी गढवालबाट भागेर आउने टोलीमा सम्मिलित भएर आएकाले यिनलाई 'भागाबज्यै' भनिन्थ्यो । आफ्ना पति चामु पाध्याको निधनपछि  भागाबज्यैले आफ्ना तीन सन्तानको पालनपोषण कसरी गर्ने भनी राजासँग बिन्ती चढाइन् । अर्घाका

---

[१] जयराज आचार्यबाट प्राप्त जानकारी ।

[२] कृष्णराज खनालबाट प्राप्त जानकारी ।

[३] यदुनाथ खनाल, स्वावलम्वन एक अनुभव, **गाउँसेवा स्मारिका**, तनहुँ, अङ्क ४, २०४१/४२. ।

राजाले हाल **खन** भएको डाँडालाई देखाई उनलाई भने एकदिनमा खनेर चिह्न लगाउन सक्छ्यौ, त्यति जमीन तिम्रो हुनेछ । अनि भागाबज्यैले आफ्ना सिपाहीहरूसित त्यस ठाँउमा गई जमिन देखाइन्, सिपाहीहरू जमिन खन्दै गए । यसरी एकदिनमा खनेर चिह्न लगाएको जति जग्गा अर्घाको राजाबाट भागाबज्यैले कुशविर्ता प्राप्त गरी त्यस ठाउँको नाम 'खन' रहन गयो र भागाबज्यैका सन्तानहरूलाई '**खनाल**' भनिन थालियो ।[४]

यसरी खनालको मूलथलो अर्घाखाँची जिल्लाको खन गाउँ हो र त्यहीँबाट खनालहरू नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा फैलिएका हुन भन्ने देखिन्छ ।[५] तनहुँका खनालहरू पाल्पाली राजा मुकुन्द सेनका छोरा भृङ्गी सेनको अंशमा परेका तनहुँ राज्यमा उनीसितै आएका हुन् भन्ने अनुमान छ । भृङ्गीसेनले आफ्ना पूर्व परिचित पाल्पाका भारदार (पाण्डे खनाल, भट्टराई आदि थरका) सन्तानलाई तनहुँमा ल्याई विभिन्न भूमिविर्ता दिएर राख्नाका साथै विश्वासी पदहरूमा राखे ।[६] यस शाखाका मूलपुरुष सत्यधर देखिन्छन् यिनका छोरा रामु पाध्या पण्डित थिए ।[७]

मानुङमा रामु पाध्यापछि संस्कृत शिक्षा हराएको देखिन्छ । त्यसपछिको पुस्तामा खनालले पढ्नु हुँदैन भन्ने अन्धविश्वासले जरा गाडिसकेको थियो । विभिन्न स्थानमा छरिने र बस्ने क्रममा खनालहरूको एउटा हाँगो पहाडी भ-भाग मानुङ भन्ने स्थानमा आइपुगेको देखिन्छ ।[८] त्यसबेला समथर र होचो बेँसीमा मलेरिया रोगको प्रकोप भएका कारण अग्लो भूभाग खोज्ने क्रममा खनालहरू मानुङमा आएका हुन् भन्ने आत्मस्वीकृति यदुनाथ खनालको छ । यदुनाथ खनालका हजुरबुबाको नाम रामप्रसाद खनाल थियो ।[९] यदुनाथका बाबु नरनाथ खनाल(१९०६-१९९५) को विवाह तारादेवीका साथ भएको हो । त्यसबेलाको चलनअनुसार उनको विवाह १३ वर्षको उमेरमा भएको

---

[४] कृष्णराज खनाल, **प्रो. हरिनाथ खनाल जीवनी र परिवेश**, काठमाडौँ २०५८,पृष्ठ ३ ।

[५] ऐजन ।

[६] ऐजन ।

[७] ऐजन ।

[८] ऐजन ।

[९] उदयराज खनालवाट प्राप्त जानकारी ।

हो । तारादेवी भानुभक्त आचार्य वंशकी हुन् ।[१०] नरनाथ सम्पन्न नभए पनि संवेदनशील र ईर्श्यालु व्यक्ति थिए । मानुङमा भन्दा रम्घाका बाहुनहरूमा शिक्षाको गर्व थियो । एकदिन ससुराली गएका बेला नरनाथमा संस्कृत शिक्षाको अभावलाई लक्ष्य गरेर अपमानसूचक शब्द प्रहार गरिएछ । नरनाथलाई त्यस व्यवहारले धक्का दियो । उनी त्यही वाणबाट घाइते बाघ झैं भएर सरासर आफ्नो घर मानुङ आए । राती पिंढीमा सुत्ने बहानामा कागजको एकटुक्रामा लेखेर सिरानीमुनि राखे । अनि उनी ओछ्यानमा ठूलो काठको मूढालाई सिरकभित्र दुरुस्त राखेर गहनागुरिया बोकी कास्की प्रस्थान गरे ।[११]

त्यसबखत कास्कीलाई काँशी पनि भनिन्थ्यो । त्यहाँ संस्कृत शिक्षाको पठनपाठन हुन्थ्यो । त्यहाँ केही समय उनका गुरु दिननाथको रेखदेखमा पठनपाठन गरेर त्यहाँबाट काठमाडौं राजकीय संस्कृत पाठशाला गएर केही समय अध्ययनमा तल्लीन भए । उनले थप अध्ययनका लागि भारतको अयोध्या, वनारस आदि विद्याकेन्द्रहरूमा गएर संस्कृतको शिक्षा लिएका थिए । उनले त्यो शिक्षा सरकारी जागिर खानका लागि लिएका थिएनन् र सरकारी जागिर खाने चेष्टा पनि गरेनन् । आफ्नो व्यक्तिगत संस्कारका लागि मात्र उनले विद्या लिएका थिए । यसरी उनले खनालहरूलाई पढाइ फाप्दैन भन्ने अन्धविश्वासको परम्परा तोडे । धेरै समयसम्म ब्राह्मणहरूले गर्ने पौरोहित्य र कथा, पुराण आदि भन्ने काम पनि नरनाथले गरेनन् । उनले आफूले पढेको विद्या आफ्ना छोराहरू र गाउँमा अरू केटाहरूलाई भने निकै मिहिनेतका साथ निःशुल्क रूपमा पढाए ।[१२] आफ्ना पिताको अध्ययनसम्बन्धी यदुनाथ खनालको स्मरणलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक नै हुन्छ -"... उहाँले पोखरा काठमाडौं, अयोध्या आदि विद्यास्थलहरूमा निष्किञ्चन अवस्थामा बडो साहसका साथ गई संस्कृत

---

[१०] जयराज आचार्य, **यदुनाथ खनाल जीवनी र विचार**, काठमाडौः साझा प्रकाशन, २०५९ ,पृष्ठ ३ ।

[११] कृष्णराज खनाल, पूर्ववत्,पृष्ठ ५।

[१२] जयराज आचार्य, पूर्ववत्, पृष्ठ २ ।

विद्याको उपार्जन गरी अन्दाजी संवत १९५० तिर घर फर्कनुभयो । उहाँले दुर्भाग्यको चक्र विद्या र आत्मबलले फोड्न सकिन्छ भन्ने देखाउनुभयो । खनाल परिवारमा अध्ययन अध्यापन अफाप हुन्छ भन्ने अन्धविश्वासले गर्दा सम्पूर्ण गाँउलेहरू नै विल्कुल अशिक्षित भएको बेला विषम आर्थिक परिस्थितिमा आत्मबलको आधारमा देशविदेश भौतारिएर शिक्षा उपार्जन गर्नु स्वावलम्वनको ज्वलन्त उदाहरण रहेको छ ।[१३] उनले पढेर यो विश्वास त तोडे तर धेरै समयसम्म सो अध्ययनलाई पण्डित्याइँ कर्म नगरी स्वाध्ययनमा सीमित राखे । कृषक जीवनबाट फुर्सद मिलेको बेला अध्ययन गर्नलाई उनले **लघुकौमुदी**, **अमरकोश**, **दुर्गासप्तशती**, **महाभारत**, **जैमिनीयभारत**, **रामायण बालरामायण**, **भागवत्**, **निर्णयसिन्धु**, **मुहूर्तचिन्तामणि**, **देविभागवत्** आदि ग्रन्थको एउटा सानो पुस्तकालय नै बनाएका थिए ।[१४] धेरै लामो प्रसवनबाट सल्काएको सानो तर साहसपूर्ण विद्याको फिलिङ्गो गाउँका अरू केही बालकहरूका साथसाथै आफ्ना छोराहरूमा सुम्पेर नरनाथले यसलाई कहिल्यै निभ्न दिएनन् । यदुनाथ खनालले आफ्ना बुबाको स्वावलम्वीपनको खुलेर प्रशंसा गरेका छन् - “उहाँको दैनिक कृषिमा आधारित गृहस्थी जीवनमा पनि स्वावलम्वीपनको ठूलो छाप थियो । उहाँले छाडेको विद्याको नासो त्यसै अर्थमा स्मरणीय छ । कोही छोरा बाबुको अंशमा जग्गाजमिन पाएर सुखी हुन्छन् , कोही राम्रो कलाले पूर्ण भागहरूले भरिएको महल पाएर खुसी हुन्छन् । कोही ऐश्वर्यको खानी स्वरूप परिश्रमले पाइने हिरारत्न पाएर सुखी हुन्छन् तर मेरा लागि पैतृक अंशको रूपमा आएको मात्र विद्याको नासो ती सबैभन्दा ठूलो छ ।”[१५]

यदुनाथकी आमा तारादेवी तनहुँकै चुँदीको आचार्य वंशमा जन्मिएकी भए पनि पढेलेखेकी थिइनन् । आफूहरू शिक्षित भए पनि छोरीहरूलाई पढाउने चलन आचार्यहरूमा पनि थिएन । सुचरित्र उनको विशेषता थियो भन्ने कुरा उनका

---

[१३] यदुनाथ खनाल , पूर्ववत् ।

[१४] जयराज आचार्य, पूर्ववत्, पृष्ठ २ ।

[१५] यदुनाथ खनाल, पूर्ववत् ।

जीवनकालमा प्रसिद्ध नै भएको थियो । तारादेवीका चरित्रका विषयमा थप उल्लेखनीय कुरा के थियो भने उनी अत्यन्त मृदुभाषी सहनशील र स्वाभिमानी थिइन् ।[१६]

यदुनाथ खनालका तीन दाजुभाइ र पाँच दिदीबहिनी हुन् ।[१७] यदुनाथ खनालका दिदीबहिनी ५ जना भए पनि उनीहरू आल्पायुमै मरेको देखिन्छ । उनका जेठा दाजु हरिनाथ खनालको जन्म १९५४ सालमा भएको थियो । हरिनाथ खनाल त्रिचन्द्र कलेजका प्राध्यापक थिए र उनले प्रशस्त कविता तथा निबन्धहरू लेखेका छन् । हरिनाथ खनालको मृत्यु २०१६ साल असारमा  कमलपित्त रोगको कारणले भयो । उनका श्रीमती तथा छोरा बुहारीहरू हाल काठमाडौंको कालधारामा  बस्दै आएका छन् ।[१८] उनका माहिला दाजु सूर्यनाथ खनालको जन्म १९५६ मा भएको थियो र उनको निधन २०४७ मा भयो ।[१९]

## २.३ बाल्यकाल

यदुनाथ खनालको बाल्यकाल उनको जन्मस्थल मानुङमा बित्यो । उनले छिमेकका बाहुन र मगरका केटाकेटीहरूसँग सहज खेलेर बाल्यकाल बिताए ।[२०] यस प्रसङ्गमा यदुनाथ खनालको आत्मस्वीकृति छ - "गाँउमा छँदा ऐंसेलु काफल र अम्बा खान वनपाखा डुलिन्थ्यो । मगरका छोराछोरीसँग हिँड्यो भने बिग्रिन्छ भनेर बुबाले हामीलाई बाहिर डुल्न दिनुहुन्नथ्यो ।"[२१] उनी गाउँका केटाकेटीहरूले खेल्ने खेलहरू खेल्थे, गामवँसी उकालीओराली गर्थे र कहिलेकाहीँ पिताजीको आँखा छलेर खोलाहरूमा खेल्ने कोसिस गर्थे । उनलाई पौडी खेल्न सिक्ने ठूलो रहर थियो । उनका पिता नरनाथ

---

[१६] जयराज आचार्य, पूर्ववत्  पृष्ठ ३ र ४।

[१७] ऐजन, पृष्ठ ४ ।

[१८] कृष्णराज खनाल, पूर्ववत्, पृष्ठ ३ ।

[१९] जयराज आचार्य, पूर्ववत्, पृष्ठ  ५ ।

[२०] ऐजन, पृष्ठ ६ ।

[२१] यदुनाथ खनाल(२०४२), पूर्ववत् ।

भने छोराले पाङ्ग्रा, गिर, डन्डीबियो, पौडी खेलेको र पाठ कण्ठ नगरेको थाहा पाउनासाथ उनलाई हप्काइहाल्थे ।[२२]

यदुनाथ खनालको उमेर ५ वर्षको पुगेपछि वि.स. १९७५ श्रीपञ्चमीका दिन पिता नरनाथले अक्षर चिनाउन थालेको देखिन्छ र केही देवीदेवताका स्तोत्रहरू घोकाउन पनि सुरु गरेको देखिन्छ । चञ्चल स्वभाव र बढी खेल्न मनपराउने यदुनाथ खनाललाई उनका बाबुले खेल्न  नदिने र गाली गर्ने भएकाले उनको बाल्यकालमा उनकी आमाको वात्सल्यले मद्दत गरेको देखिन्छ । सबै सफल मानिसको पृष्ठभूमिमा उसकी आमा रहेकी हुन्छिन् त्यस्तै उनले  आफ्नो बाल्यकालको अधिकांश समय आमा तारादेवीसँग बिताएको देखिन्छ ।

## २.४ शिक्षादीक्षा

### २.४.१ अक्षरारम्भ र प्रारम्भिक शिक्षा

यदुनाथ खनाल पाँच वर्ष पुगेपछि  श्रीपञ्चमी (१९७५) का दिन पिता नरनाथ खनालले उनलाई खरी र माटाका धूलाले भरेको काठको पाटीको साहयता लिएर अक्षरारम्भ गराए ।[२३] नरनाथले यदुनाथ खनाललाई अक्षर चिनाउनाका साथै विभिन्न देवीदेवताको स्तोत्रहरू घोकाउन पनि सुरु गरे ।[२४] यसै प्रसङ्गमा यदुनाथ  खनालको कथन छ -"छ वर्षको भएपछि मलाई पढाउन थालियो । त्यतिबेला नेपालीमा लेखिएका किताबहरू थिएनन् । मलाई स्तोत्रावली पढाइयो । अक्षर चिन्ने र श्लोक घोक्ने कामसँगसँगै हुन्थ्यो । स्तोत्रावलीपछि चण्डी, लघुकौमदी पढें ।"[२५] यदुनाथ खनालले घरमा नै आफ्ना आमाबावुबाट अक्षरारम्भ गरी संस्कृतका चण्डी, गणेश स्तोत्र, अमरकोश र लघुकौमुदी आदि पुस्तकहरू स्वतस्फूर्तरूपमा उम्लेको प्रतिभाका कारण यदुनाथले छोटो समयमा नै कण्ठाग्र पारिसेकेको देखिन्छ । नरनाथले माघ,भारविका

---

[२२] जयराज आचार्य,पूर्ववत्, पृष्ठ ६ ।

[२३] जयराज आचार्यबाट प्राप्त जानकारी ।

[२४] ऐजन ।

[२५] यदुनाथ खनाल, 'म सानो छँदा', काठमाडौँः **कोपिला**, वैशाख १४,२०५८ ।

काव्य अमरकोष आफ्ना कान्छा पुत्र यदुनाथलाई घरैमा राखेर पढाएका थिए ।[२६] आमाको वात्सल्यपूर्ण ममता र बाबुको बारम्बारको पिटाइबाट खारिएको यदुनाथको बालमस्तिष्कमा पढाइ ठूलो कुरा रहेछ भन्ने भाव घुसेको र विद्याआर्जन एक तपस्या हो भन्ने कुरा बुझेको देखिन्छ ।[२७]

परम्परागत संस्कृत शिक्षामा समालोचनात्मक, रचनात्मक या कल्पनाशील तत्त्व कम थियो, तैपनि लघुसिद्धान्त कौमुदीको अध्ययनमा यदुनाथ खनालको रचनात्मक व्युत्पत्ति बढी मुखरित थियो ।[२८] पिता नरनाथ खनालको विशेष घोटाइ र यदुनाथको उमेरभन्दा बढी पढाइको संस्कारले उनलाई एक असल विद्वान्, नीतिज्ञ र कूटनीतिज्ञ बन्नमा सहायता भएको पनि देखिन्छ ।

### २.४.२ औपचारिक शिक्षा

यदुनाथ औपचारिक पढाइका लागि वि. स. १९८२ साल फाल्गुण महिनामा ( १२ वर्षको उमेरमा) काठमाडौं आएका थिए ।[२९] काठमाडौंमा उनका दाजु हरिनाथ खनाल बस्तथे र उनले त्रिचन्द्र कलेजमा पढाउँथे ।[३०] यस सन्दर्भमा यदुनाथको कथन छ - "१२ वर्षको भएपछि दाजुले मलाई काठमाडौं पढाउन ल्याउनुभयो ।"[३१] यदुनाथ खनाल संस्कृत पढ्न भनी काठमाडौँमा आए । त्यतिखेर काठमाडौँलाई मात्रै नेपाल भनिन्थ्यो, नेपालका बाँकी भागहरूलाई आआफ्नै नामले बोलाइन्थ्यो । यदुनाथलाई घरबाट काठमाडौं पुग्न ६ दिनको पैदलयात्रा लाग्थ्यो ।[३२] यसरी वि. सं १९८२ फागुनमा काठमाडौंमा आएर यदुनाथले परम्परागत शैलीमा संस्कृत पढ्न थालेका हुन् । त्यो शैक्षिक सत्रपछि १९८३ साल मङ्सिरमा भएको वार्षिक परीक्षामा उनी तेस्रो स्थानमा

---

[२६] कृष्णराज खनाल, पूर्ववत, पृष्ठ, १६ ।

[२७] ऐजन पृष्ठ १६ ।

[२८] जयराज आचार्य, पूर्ववत्, पुष्ठ ७ ।

[२९] जयराज आचार्य बाट प्राप्त जानकारी ।

[३०] जयराज आचार्य, बाट प्राप्त जानकारी ।

[३१] यदुनाथ खनाल, (**इमेज च्यानल**) सावि शर्मालाई दिएको अन्तर्वार्ता ।

[३२] ऐजन ।

पास भए र तुरुन्तै उनी तीनधारा पाकशाला र संस्कृत छात्रावासमा पनि भर्ना भए । यो पाकशाला राणाहरूले संस्कृत पढ्ने ब्राह्मण बटुकहरूलाई खान, बस्न र पढ्न भनी धार्मिक प्रेरणाले व्यवस्था गरेको ठाउँ थियो । यसबाट अरूलाई जस्तै यदुनाथलाई पनि पढ्ने सुविधा भयो ।[३३]

यदुनाथ खनाल पढाइमा ज्यादै तेज थिए । उनले काठमाडौंको रानीपोखरीस्थित संस्कृत प्रधान पाठशालामा नेपालमा ठूलाठूला नाम चलेका विद्वान्हरूसित पढे । उनलाई टेकनाथ पौडेलले व्याकरण पढाए भने पण्डितराज सोमनाथले न्यायशास्त्रको प्राथमिक ग्रन्थ सिद्धान्तमुक्तावली पढाए । कालिदास र देवीदत्त पराजुलीले **कीरातार्जुनीय**, **शिशुपालबध** आदि संस्कृत साहित्य पढाए ।[३४]

यदुनाथ खनालले वि.स. १९८७ मा संस्कृत व्याकरणमा व्याकरणमध्यमाको जाँच दिए र प्रथमश्रेणीमा उत्तीर्ण गरे ।[३५] तत्कालीन चलनअनुसार संस्कृत व्याकरण मध्यमा जाँचलाई चारपास भनिन्थ्यो जुन सरकारी जागिरका लागि आवश्यक परीक्षा थियो । उनलाई अङ्ग्रेजी पढ्ने ठूलो धोको थियो । उनलाई अङ्ग्रेजी पढ्न निर्णय गर्ने व्यक्ति भने उनी भन्दा सोरवर्ष जेठा उनका पिता समान दाजु हरिनाथ खनाल थिए । नेत्रलाल सिग्द्यालसित सल्लाह गरेर हरिनाथ खनालले यदुनाथलाई अङ्ग्रेजी पढाउने निर्णय गरे । उनले निर्णयअनुसार १९८८ सालको वैशाख १ गते **फस्ट बुक अफ इङ्लिस रिडर** किनेर ल्याई पढाउन थाले । त्यो वैशाख सङ्क्रान्ति यदुनाथका जीवनमा एक ठूलो क्रान्तिको दिन थियो 'चारपास' गरेर सरकारी कारिन्दा हुने बाटामा लागेका यदुनाथले त्यो छोडी अङ्ग्रेजीको पढाइ सुरु गरे र देशको इतिहासमा महत्त्वपूर्ण भूमिका खेल्ने बाटामा लागे । यसरी १९८८ साल वैशाख १ देखि फागुनसम्म घरमै मिहिनेतसँग पढ्दा यदुनाथले अङ्ग्रेजी भाषाको ज्ञान निकै नै बढाए । उनी १९८८ सालकै फागुनमा दरवार हाईस्कुलमा आठौं कक्षामा भर्ना भई पढ्न थाले । शैक्षिक

[३३] जयराज आचार्य ,पूर्ववत्, पृष्ठ ९ ।

[३४] ऐजन ।

[३५] ऐजन ।

सत्रको सुरुमै विद्यालयमा भएको निबन्ध प्रतियोगिता **रानीपोखरी** भन्ने निबन्ध लेखी उनी पहिला भए । पुरस्कार वितरण गर्न तत्कालीन शिक्षा विभागका डाइरेक्टर मृगेन्द्रशमशेर आएका थिए र त्यसबेला चिनाजान भएदेखि उनले बाटामा देख्ता हात हल्लाएर चिनेको सङ्केत गर्दथे र बराबर के-कस्तो छ भनेर पनि सोध्थे ।[३६]

यदुनाथ खनाल अङ्ग्रेजीपट्टिको आठौं कक्षाको वार्षिक परीक्षामा पहिला भए । दरवार हाइस्कुलमा पढ्दा यदुनाथका निकै मिल्ने साथीहरू थिए- काजी कालु पाँडेका सन्तान भीमबहादुर पाँडे जो पछि गएर भारत, जर्मनी आदि देशमा नेपालका राजदूत तथा महालेखा परीक्षकसम्म भए । अमृत प्रधान जो अमृत साइन्स कलेजका संस्थापक भए र उनको निधन एक हवाई दुर्घटनामा भयो, जुन दुर्घटनामा भारतका प्रसिद्ध वैज्ञानिक भाभा पनि परे । कुलरत्न तुलाधर जो इन्जिनियर भए । मोदिनीनाथ भट्टराई पनि इन्जिनियर भए र देवविक्रम राणा जो सेनामा मेजर जनरलसम्म भए । त्यस बेलाका एक साथी कृष्णजङ्ग शाह अझ जीवित र सक्रिय छन् ।[३७]

मेधावी छात्र यदुनाथ वि.सं. १९९१ सालको एस.एल.सी परीक्षामा प्रथम श्रेणीमा प्रथम स्थानमा पास भए । त्यसपछि आई.एस्सी. पढ्नका लागि उनले मासिक पन्ध्र रूपैयाँको छात्रवृत्ति दुई वर्षसम्म पाए । त्यतिखेर एक तल्लो तहको सरकारी कर्मचारी नैसिन्दाको तलब एघार रूपैयाँ थियो । यस सन्दर्भमा यदुनाथको कथन छ - "म प्रथम भएँ र त्यसपछि दुई वर्षसम्म मासिक पन्ध्र रुपैयाँ छात्रवृत्ति पाएँ । नैसिन्दा (कर्मचारीको एक पद) को तलब ११ रुपैयाँ भएको समयमा मासिक पन्ध्र रुपैयाँ पाउनु ठूलो कुरा थियो । त्यसैले गर्दा मलाई पढ्न सजिलो भयो ।"[३८]

मासिक पन्ध्र रुपैयाँ पाउँदा यदुनाथ र उनका दाजु हरिनाथलाई निकै खुसी लाग्यो । यदुनाथलाई मिलेको छात्रवृत्तिले उनी एकजनालाई राम्ररी खान पुग्थ्यो । त्यो रकम उनले भाउजूलाई दिने गरेका थिए । यदुनाथ हरिनाथको भान्सामा खाने एक

[३६] ऐजन, पृष्ठ १३ ।

[३७] ऐजन पृष्ठ १४ ।

[३८] यदुनाथ खनाल(२०५८),पूर्ववत् ।

घरका सदस्य थिए ।[३९] प्रवेशिका पछि त्यसताका पटना विश्वविद्यालयले लिने गरेको आई.एस्सी. परीक्षामा पनि वि.सं. १९९४ (सन १९३७) मा यदुनाथले दोस्रो श्रेणीमा पास भए । नेपाली विद्यार्थीहरूमा भने उनी प्रथम नै भए । यसपछि उनलाई डाक्टरी पढने ठूलो इच्छा थियो । मृगेन्द्रशमशेरले सरकारी सिटमा तृतीय श्रेणीमा पास भएका महेन्द्रप्रसादलाई पढ्न पठाए । उनी नेपालका प्रथम बालविशेषज्ञ डाक्टर भए ।[४०] यदुनाथले मृगेन्द्रशमशेरलाई भने “म आफैं डाक्टरी पढ्ने सिट खोज्दछु , छात्रवृत्ति र एक सिफारिस मात्र दिनोस् ।” उनले सिफारिस मात्र पनि लेख्न मानेनन् । त्यसै बेला राणाशासकहरूले उच्चशिक्षाका लागि प्रतिवर्ष बी.एस्सी पास गरेका चारजना नेपालीलाई जापान पठाउने योजना गरे । यस योजनाअन्तर्गत जापानी भाषासमेत पढ्ने गरी यदुनाथ बी.एस्सी. पढ्न कलकत्ता जान छानिए र वि.सं. १९९४ मा उनी बी. एस्सी. पढ्न कलकत्ता गए । कलकतामा बी.एस्सी. पढ्नका लागि उनले अरूसरह सत्तरी रुपैयाँ मासिक छात्रवृत्ति पाए ।[४१]

यदुनाथका पिताजी नरनाथ खनाल आफ्नी पत्नीसहित काशीवासका लागि बसेका थिए । वि.सं. १९९५ मा उनी निकै विरामी भएको खबर सुनी यदुनाथ बनारस गए । वि.सं. १९९५ को चैत्रमा बनारसमा नै नरनाथ खनालको देहान्त भयो । पिताजीको देहान्तपछि कपाल खौरिएको मुडुलो टाउको छोप्न यदुनाथले गान्धीटोपी लगाउने गरेका थिए । त्यसलाई राणाका चरहरूले राजनैतिकरूपमा हेरी यो गान्धीवादी, अङ्ग्रेजविरोधी र राणाविरोधी भएछ भन्ने ठाने । यस घटनापछि बी.एस्सी. बाट थप पढाइ अघि बढाउन उनको छात्रवृत्ति पनि दिएनन् ।[४२] यसरी यदुनाथ खनालले वि.सं. १९९६ मा ३ वर्ष लगाएर बी.एस्सी. पास गरेको देखिन्छ ।

यदुनाथ खनालले पहिले संस्कृत पढे । त्यसपछि अङ्ग्रेजी पढ्न थाले तर उनको डाक्टर बन्ने धोको थियो । उनी मौका नपाएर विज्ञान पढे । विज्ञानको पढाइबाट

---

[३९] जयराज आचार्य, पूर्ववत्, पृष्ठ १४ ।

[४०] ऐजन , पृष्ठ १५।

[४१] ऐजन , पृष्ठ १५।

[४२] ऐजन पृष्ठ १५ ।

जीविकाको अवसर सीमित भएको उनले बुझे । त्यसपछि उनलाई  अङ्ग्रेजीमा एम.ए. गर्ने विचार आयो । यदुनाथलाई पेसाको हिसाबले अङ्ग्रेजीमा एम.ए. गरेमा काम पाइने सम्भावना बढी भएजस्तो लाग्थ्यो । विद्यार्थीकालमै यदुनाथले (वि.सं. १९९८ मा '**शारदा**' नामक प्रसिद्ध नेपाली साहित्यिक पत्रिकामा) '**बाटो बिलायो**' भन्ने एक निबन्ध छपाए।[४३]

गणित, विज्ञान, अङ्ग्रेजी, नेपाली सबै बिषय पढाउन सक्ने भएमा केही नलागे ट्युसन गरेर भए पनि जीविका चल्छ भन्ने ठानी यदुनाथले अङ्ग्रजी पढ्ने विचार गरेका थिए । उनलाई अङ्ग्रेजी साहित्यमा पनि विशेष अभिरुचि थियो । विज्ञान पढेका विद्यार्थीले अङ्ग्रेजी पढ्न अङ्ग्रेजी र नेपालीमा बी.ए को जाँच दिनु पर्थ्यो । उनले बी.ए. को जाँच दिए र १९९७ मा कलकत्ता विश्वविद्यालबाट (१४ अगस्ट १९४१ मा प्रमाणपत्रजारी) बी.ए.को परीक्षा पास गरे ।[४४] उनले प्रोभिजनल रूपमा एम.ए. कक्षामा भर्ना भई पढ्न चाहे पनि प्रोभिजनल भर्ना हुन पाएनन् । उनी एकदिन बिहान विश्वविद्यालय सिन्डिकेट सदस्य श्यामप्रसाद मुखर्जीलाई गुहार्न गए । दिउँसो यदुनाथ कलकत्ता विश्वविद्यालयतिर, घुम्नजाँदा 'खनाल आउनु' भनी चिच्याईचिच्याई कसैले खोजिरहेको रहेछ । श्यामप्रसाद मुखर्जीको  शक्ति र सहयोग उनले बुझे ।  यदुनाथ खनाल विश्वविद्यालयमा भर्ना भई एम.ए. पढ्न थाले ।[४५]

उनले दाजु हरिनाथलाई आर्थिक बोझ पार्न चाहेनन् । उनले कलकत्तामा नै पढ्न बसेका शासक परिवार राणाजीका छोराछोरीहरूलाई ट्युसन पढाएर आफ्नो खर्च चलाउने विचार गरे । दाजु हरिनाथको अनुरोधमा उनलाई राणाहरूसँग चिनाउन भनी बोधविक्रम अधिकारी र कविशिरोमणि लेखनाथ पौड्यालले पहिला इन्दुशमशेर राणालाई अनि उनका छोराहरू गन्धर्वशमशेर र पशुपतिशमशेरलाई पनि चिठी

---

[४३] ऐजन पृष्ठ १६ ।

[४४] ऐजन पृष्ठ १६ ।

[४५] ऐजन पृष्ठ १६ ।

लेखिदिए । खनालले उनीहरूलाई पढाउन थाले र पाएको पैसाले खर्च चलाउँदै आफ्नो अध्ययन अघि बढाए ।[४६]

यदुनाथले स्नातकोत्तर तहको दोस्रो वर्षमा अध्ययन गरिरहेको बेला विश्वयुद्धको ज्वाला दन्किरहेको थियो । जापानले दक्षिणपूर्वी एसियाका देशहरू मलेसिया, सिङ्गापुर, थाइल्यान्ड, बर्मा आदिमा हमला गरिसकेको थियो । भारतको बङ्गालमा पनि चाँडै नै हमला हुन्छ भन्ने भयाक्रान्त हल्ला व्याप्त थियो । विश्वविद्यालयको पढाइ बन्द भयो । त्यसैले यदुनाथ र उनका साथीहरू कोलकाटा सहरबाट केही टाढा वर्धवान् भन्ने ठाउँमा प्रवास गए । १९९८ फागुनको अन्त्यतिर (मार्च १२, १९४२) मा जापानले बङ्गालको खाडीको अन्डमान टापुमा हमला नै गऱ्यो तर त्यसभन्दा माथि भएन ।[४७] यदुनाथले त्यसै वर्ष १९९९ को वैशाख-जेठताका एम.ए.को अन्तिम वर्षको परीक्षा पास गरे । यसरी उनको औपचारिक शिक्षायात्रा यहीँ टुङ्गिएको देखिन्छ ।

मानुङमा आफ्ना पिताजीसित वि.सं. १९७५ साल श्रीपञ्चमीका दिन श्री गणेशायनमः श्री सरस्वत्यै नमः भनेर सुरु गरेको शिक्षायात्रा धेरै घुम्ती पूरा गरी यहाँसम्म आइपुगेर टुङ्गिएको देखिन्छ ।

यदुनाथले संस्कृतमा मध्यमा, बी.एस्सी., अङ्ग्रेजी साहित्यमा कोलकाटा विश्वविद्यालयबाट एम.ए. औपचारिक रूपमा गरेको देखिन्छ । त्यसका अतिरिक्त उनले २०१० सालमा लन्डन विश्वविद्यालयबाट **इङ्लिस एजुकेसनल थट् एन्ड प्राक्टिस** मा स्नातकोत्तर डिप्लोमा गरेका थिए । उनले २०३१ सालमा अमेरिकामा डाक्टर अफ लज् (अनरिस कजा) क्लेयरमोन्ट ग्र्याजुयट स्कुलबाट पास गरे । उनलाई वि.स.२०५४ सालमा त्रिभुवन विश्वविद्यालयबाट मानार्थ विद्यावारिधिबाट सम्मान गरिएको पाइन्छ ।[४८]

---

[४६] ऐजन पृष्ठ १६ ।

[४७] जयराज आयार्यबाट प्राप्त जानकारी ।

[४८] ऐजन ।

## २.५ उपनयन संस्कार

ब्राह्मणको कुलमा जन्मेका यदुनाथ खनालको उपनयन संस्कार वि.सं. १९७६ मा सातवर्षको लागेपछि वैदिक विधिअनुसार पिताजी नरनाथले घरमै गरिदिएका थिए । उनका गायत्री गुरु स्वयं आफ्नै पिताजी पं. नरनाथ थिए भने दीक्षा गुरुमा चाहिं आफ्नै माता तारादेवी थिइन् । [४९]

## २.६ विवाह र सन्तान

### २.६.१ विवाह

वि.स. १९८२ साल फागुन महिनामा १२ वर्षको उमेरमा तनहुँ स्याम्घा निवासी प्रयागदत्त काफ्लेकी सुपुत्री कमलादेवी काफ्लेसित सुसम्पन्न भई उनी दाम्पत्य जीवनमा आवद्ध भएका थिए ।[५०] उनको विवाहका वेला कमलाको उमेर नौ वर्षको थियो । यदुनाथलाई विवाह गर्ने मन थिएन किनभने उनी भर्खर १२ वर्षका थिए । त्यसैले उनले डराईडराई आफ्ना पितालाई एक लिखित निवेदन ***(दोषस्तिष्ठति मद्देई विवाहन करोम्यछ्मा)*** पेस गरे । त्यस निवेदनको पिजाजीमा कुनै असर परेन । परम्पराले जित्यो, तर्क हार्‍यो अन्ततः यदुनाथ खनालको विवाह भयो ।[५१]

यदुनाथ खनालकी श्रीमती कमलाको २०४७ साल माघ १२ गते निधन भयो ।[५२] यदुनाथ खनालको तिनै विवाहिता धर्मपत्नी कमलासँगै दाम्पत्यजीवन परस्पर सहयोगात्मक रूपमा कमलाको मृत्युसम्म सुमधुर रहेको थियो ।[५३]

### २.६.२ सन्तान

यदुनाथ खनालका जम्मा ४ सन्तान छन् । तिनीहरूमा दुई जना छोरी र दुई जना छोरा हुन् ।[५४] ती चारमध्ये दुई छोरी र एक छोरा जीवितै छन् । एकजना छोराको

---

[४९] ऐजन ।

[५०] उदयराज खनालबाट प्राप्त जानकारी ।

[५१] जयराज आचार्य, पूववत्, पृष्ठ ९ ।

[५२] जयराज खनालबाट प्राप्त जानकारी ।

[५३] डा. राजेश गौतमबाट प्राप्त जानकारी ।

[५४] उदयराज खनालबाट प्राप्त जानकारी ।

सानैमा मृत्यु भएको हो ।[५५] यदुनाथ खनालकी जेठी छोरी विजयाले काठमाडौँको पद्मकन्या स्कुलबाट एस.एल.सी. पास गरेपछि भारतको राँची महाविद्यालय, लखनऊ विश्वविद्यालय र दिल्ली विश्वविद्यालयमा पढी मानवशास्त्रमा स्नातकोत्तर डिग्री गर्नाका साथै फ्रान्सको एलियस फ्रँसेमा पढी स्नातकोत्तर डिप्लोमा पनि गरिन् । उनको विवाह कुमार ज्ञवालीसित भयो । उनी नेपाल सरकारको परराष्ट्र सचिव र पाकिस्तानका राजदूतसम्म भए । विजया अहिले लैनचौरमा बस्दै आएकी छन् र उनका एक छोरा र एक छोरी छन् ।[५६]

यदुनाथ खानालकी कान्छी छोरी सुभाले दिल्लीको कन्भेन्ट जिजस एन्ड मेरी र काठमाडौं सेन्ट मेरिज स्कुलमा पढी जी.सी.ई. पास गरी संयुक्त राज्य अमेरिकाको जर्ज वासिङ्टन विश्वविद्यालयबाट बी.ए. डिग्री हासिल गरिन् । उनी डा. नरोत्तम बास्कोटासित विवाहित हुन पुगिन र हाल संयुक्त राज्य अमेरिकाको राजधानी वासिङ्टन डी.सी. मा सपरिवार बसोबास गर्छिन । उनका दुई छोरा रहेका छन् ।[५७]

सबैभन्दा कान्छा सन्तान छोरा उदयराज खनालले काठमाडौँ सेन्ट जेभियर्स स्कुलबाट जी.सी.ई. पास गर्नाका साथै फ्लोरिडा विश्वविद्यालयबाट बी.एस्सी. र दिल्ली विश्वविद्यालयबाट एम.एस्सी., पि.एच.डी. गरेका छन् । हाल उनी त्रिभुवन विश्वविद्यलयमा भौतिकशास्त्रका प्राध्यापक छन् । उनका एक छोरा अंशुल र एक छोरी श्रेया गरी दुई सन्तान छन् । उनी वानेश्वर हाइटमा रहेको आफ्नै घरमा बस्दै आएका छन् ।[५८]

यसरी यदुनाथ खनालको पारिवारिक जीवन सुखमय देखिन्छ । सन्तानहरू सबै आआफ्ना कार्यमा लागेका छन् र सबै शिक्षित हुनाले उनीहरूको जीवन सुखी र सन्तोषप्रद देखिन्छ ।

---

[५५] ऐजन ।

[५६] जयराज आचार्य, पूर्ववत्, पृष्ठ २३० ।

[५७] ऐजन् ।

[५८] ऐजन ।

## २.६ आर्थिकअवस्था

यदुनाथ खनालको बाबुबाजेको आर्थिकअवस्था त्यति राम्रो थिएन । यस प्रसङ्गमा यदुनाथको कथन छ - “म पनि तनहुँ गाउँमा झन्डै त्रिहत्तर वर्ष अगाडि एक असम्पन्न खनाल परिवारमा जन्मेको नेपाली नागरिक भएकाले... ।”[५९] आफ्नो बाबुको आर्थिकस्थितिका बारेमा यदुनाथ खानालको अर्को कथन छ - “अन्दाजी १० रोपनी जति पाखो र झन्डै त्यति नै जति खेतको आयस्तामा हाम्रो परिवारले गुजारा गर्नु पर्दथ्यो । ज्येष्ठ पितृत्व र कनिष्ठ पितृत्वको परिवारमा जग्गा जमिन उति नै भए पनि सानो परिवार भएको कारण हामीलाई भन्दा शायद कम कठिनाइ थियो ।”[६०] गरे के हुँदैन भन्ने सिद्धान्तलाई मूलमन्त्र मान्ने यदुनाथ खनालको आफ्नै परिश्रमबाट नै हालको अवस्था राम्रो मान्नु पर्दछ । वि. सं. २००२ मा काठमाडौंको कालधारामा १.५ रोपनी जग्गामा दुई तलाको घर बनाएका थिए । पछि त्यसलाई २०२९ सालतिर बेचेर काठमाडौंको वानेश्वरमा झन्डै १.५ रोपनीमा पक्की घर बनाए । यसै घरमा २०६१ मा उनको मृत्यु भयो । उक्त घरमा अहिले उनका छोरा उदय, बुहारी र नातिनातिना बसिरहेका छन् ।[६१] खनालका आम्दानीका स्रोतहरूमा उनको आफ्नो शिक्षण पेसा, कूटनीतिक पेसा, प्रशासनिक पेसा नै मुख्य रूपमा रहेका छन् ।[६२]

यसरी स्वआर्जनबाट यदुनाथले आफ्नो आर्थिकस्थितिलाई राम्रो बनाए तर उनले विभिन्न पदहरूमा रहँदा अनियमित तरिकाले धनसम्पत्ति आर्जन गर्नतिर लागेनन् । सार्वजनिक पदमा बस्ता आफ्नो पाउने तलब भन्दा एक पैसा पनि बढी नलिएको उनका छोरा उदयको कथन छ । उनी धनसम्पत्ति कमाउनतिर कहिल्यै लागेनन् ।[६३]

---

[५९] यदुनाथ खनाल (२०४२) , पूर्ववत् ।

[६०] ऐजन ।

[६१] ऐजन ।

[६२] डा. राजेश गौतमबाट प्राप्त जानकारी ।

[६३] ऐजन ।

## २.८ कार्यक्षेत्र

### २.८.१ प्राध्यापन कार्य

वि.सं. १९९९ मा अङ्ग्रेजी साहित्यमा एम.ए. जाँच दिएर स्वदेश फर्केपछि यदुनाथ खनालले त्रिचन्द्र कलेजमा अस्थायी प्रोफेसर भई पढाउन थाले ।[६४] त्यसताका प्रोफेसरको मासिक तलब भारतीय रुपियाँ एकसय थियो । त्यसको नेपाली रुपैयाँ नब्बे मात्र हुन्थ्यो । एक वर्षपछि आई.एस्सी.का छात्रहरूको सङ्ख्या बारबाट चौबीस बनाउने योजनाअन्तर्गत विज्ञानका केही नयाँ प्रोफेसरहरू स्थायी नियुक्त भए जसमध्ये यदुनाथका साथी अमृत प्रधान पनि थिए । यदुनाथलाई स्थायी बनाइएन न त तलब नै बढाइयो । त्यसमा उनलाई चित्त बुझेन र उनले राजीनामा दिए । यसरी जागिर छोडेर बसेकै बेला एकपल्ट फेरि मृगेन्द्रशमशेरसित भेट भयो र उनले आफ्नो दरवारमा यदुनाथलाई पढाउन बोलाए । तलब पनि त्रिचन्द्रकलेजमा जत्ति नै दिए तर केही समयपछि बिदामा बसेका भारतीय प्रोफेसरहरू फर्केनन् र विद्यार्थीको पढाइमा निकै बाधा भयो । अनि यदुनाथलाई पुनः त्रिचन्द्रमा नै स्थायी हुने गरी बोलाइयो । वि. सं. २००२ मा उनी त्यस कलेजमा स्थायी प्रोफेसर भए । उनी झन्डै डेढ दशकसम्म त्रिचन्द्र कजेजमा अङ्ग्रेजी साहित्यको प्राध्यापक भए ।[६५] उनले त्रिचन्द्र कलेजमा प्राध्यापनबाहेक ट्युसन पनि पढाए ।[६६] पछि उनले त्रिभुवन विश्वविद्यालयको आर्थिक विकास तथा प्रशासन केन्द्रसँग आवद्धभई आगन्तुक प्राध्यापकको रूपमा काम गरे ।[६७]

### २.८.२ प्रशासनिक कार्य

नेपालको प्रजातान्त्रिक आन्दोलनमा अग्रणी भूमिका खेल्ने नेपाल प्रजापरिषद्का नेता टंकप्रसाद अचार्यको प्रधानमन्त्रित्व काल (२०१२ साल)मा श्री ५ को सरकारले त्रिचन्द्र कलेजको सम्मानित प्राध्यापक सेवाबाट गृहसचिवमा नियुक्त गरेपछि यदुनाथ

---

[६४] जयराज आचार्य, पूर्ववत्,पृष्ठ १९ ।

[६५] ऐजन ।

[६६] डा. राजेश गौतमबाट प्राप्त जानकारी ।

[६७] डा. मदनकुमार भट्टराई, *गरिमा,* वर्ष २३, अङ्क १०, पूर्णाङ्क २७४, असोज २०६२ ।

खनालको प्रशासनिक कार्य आरम्भ हुन्छ ।[६८] उनी २०१४ साल पौष २३ गते योजना मण्डल सदस्यमा नियुक्त भए । यसरी नै उनी २०१७ सालमा पुनः परराष्ट्रसचिवमा नियुक्त भए । उनलाई २०२९ सालमा त्रिभुवन विश्वविद्यलयको सदस्यका रूपमा नियुक्त गरियो । उनले २०३२ देखि २०३५ सालसम्म लोकसेवा आयोगको अध्यक्षका रूपमा कार्य गरे ।[६९] विभिन्न प्रशासनिक कार्यभार सम्हालेका यदुनाथ खनाललाई निष्पक्ष र निरपेक्षताको उदाहरणका रूपमा लिन सकिन्छ ।

### २.८.३ सामाजिक कार्य

मुलुकको चौतर्फी विकास रचनामा र ख्यातिप्राप्त व्यक्तित्वको रूपमा श्री ५ बाट राष्ट्रिय विकास परिषद्को सदस्यसमेत मनोनित भएका यदुनाथ खनालको समाज सेवामा पनि गहिरो अभिरुचि र योगदान रहेको छ । मित्रराष्ट्र चीन सरकारले काठमाडौँ र पोखरा दुई ठूला उपत्यकालाई नजिक बनाउने उद्देश्यले थालेको कार्यमा खनालले पृथ्वीराजमार्गको निर्माण राष्ट्रिय हित र आवश्यकताको पक्षमा हुनु पर्छ भन्दै लिखित रूपमा आफ्नो अमूल्य सुझाउ सम्बन्धित ठाउँमा प्रस्तुत गरे । अन्ततः पृथ्वीराजमार्ग निर्माण हुने भएपछि निर्माणस्वरूप प्रारम्भ बिन्दु नौबीसे र अन्तिमविन्दु पोखराबाट एकै साथ कार्य आरम्भ गरिएको थियो । तत्कालै नौबीसेतर्फ निर्माणकार्यको सुपरभिजन गर्ने कार्य सचिवस्तरबाट यदुनाथले गरेका थिए ।[७०] वि.सं. २०२५ मा आफ्नै जिल्ला तनहुँको सदरमुकाम बन्दीपुरबाट दमौली सरेपछि सरकारी भवन बनाउने सिलसिलामा केही हदसम्म जनश्रमदान परिचालन गरिएको थियो । दमौली सदरमुकाम हस्तान्तरण समिति संयोजक तारापति भट्टराईका अनुसार तत्काल यदुनाथ खनालले डोकामा नाम्लो लगाएर चारपाँच डोको ईंट्टा

[६८] डिल्लीराम मिश्र, पूर्ववत्, पृष्ठ २३९ ।

[६९] जयराज आचार्यबाट प्राप्त जानकारी ।

[७०] डल्लीराम मिश्र, पूर्ववत्, पृष्ठ २३९ ।

बोकेको कुरा अहिले सम्झदा अत्यन्त रोचक लाग्छ, जबकि त्यतिबेला यदुनाथ खनाल भारतका लागि शाही नेपाली राजदूत भइसकेका थिए ।[७१]

### २.८.४ कूटनीतिक कार्य

कूटनीतिक सेवामा प्रवेश गर्ने प्रसङ्गमा सर्वप्रथम २०१२ साल वैशाख ५ देखि ११ गतेसम्म इन्डोनेसियाको बाङडुङ सहरमा भएको पहिलो ऐतिहासिक अफ्रो-एसियाली सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलका तर्फबाट सदस्य सचिवको प्रतिनिधित्व यदुनाथ खनालले गरेका थिए । सातदिनसम्म चलेको त्यस सम्मेलनलाई वाङडुङ सम्मेलनको नामले चिनिन्छ ।[७२] ऐतिहासिक वाङडुङ सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको सदस्य सचिवको रूपमा मुलुकको प्रतिनिधित्व गर्ने अवसर नै कूटनीतिज्ञ खनालको निमित्त परराष्ट्र मामिला क्षेत्रमा प्रवेशको पहिलो पाइला थियो ।[७३] वि.सं. २०१६ सालमा यदुनाथ खनाल संयुक्त राष्ट्रसंघको साधारण सभामा नेपाली प्रतिनिधि मण्डलको सदस्यका रूपमा गएका थिए ।[७४] खनाल २०१८ भाद्र १७ गते बेल्ग्रेडमा असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा श्री ५ महेन्द्रसित गएका थिए । वि.सं. २०१८ असोज ९ मा श्री ५ महेन्द्रको चीन र मङ्गोलियाको भ्रमणमा समेत उनी राजा महेन्द्रसितै गएका थिए । कूटनीतिक मामिला क्षेत्रमा आफ्नो प्रतिभा उजागर गर्ने क्रममा २०१९ देखि २०२३ सम्म भारतका लागि राजदूत भएर करीव ५ वर्ष कुशलतापूर्वक उनले कार्य सम्पन्न गरे । वि.सं. २०१४ मा यदुनाथ खनाल श्री ५ महेन्द्रको संयुक्त राष्ट्रसंघ तथा सयुक्त राज्य अमेरीकाको भ्रमणमा सामेल भएका थिए । २०३० देखि २०३२ सम्म संयुक्तराज्य अमेरिकाको शाही नेपाली राजदूतको रूपमा अमूल्यसेवा प्रदान गरे । वि.सं. २०३५ देखि २०३९ सम्म चीनका लागि शाही नेपाली

---

[७१] ऐजन ।

[७२] जयराज आचार्य, पूर्ववत् , पृष्ठ ३० ।

[७३] डिल्लीराम मिश्र पूर्ववत् ,पृष्ठ २३९ ।

[७४] जयराज आचार्यबाट प्राप्त जानकारी ।

राजदूत नियुक्त भए ।[७५] वि.सं. २०४२ मा यदुनाथ खनाल प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको पालामा परराष्ट्र मन्त्रालयको सल्लाहकारमा नियुक्त भए । यस्तैगरी खनाल २०४८ मा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका पालामा पुनः परराष्ट्र सचिवमा नियुक्त भए ।[७६] गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा केही महिना सल्लाहकार भए पनि ज्ञान, बुद्धि र विवेकहीन नेतृत्वको निगरानीमा रहेर प्रतिभाका साथै कार्यकौशलताको परिचय दिन खोज्नु हास्यास्पद ठानी पदबाट राजिनामा दिए ।[७७]

## २.९ रुचि, स्वभाव तथा आनिबानी

### २.९.१ रुचि

हरेक व्यक्तिका रुचि आआफ्नै प्रकारका हुन्छन् । एक व्यक्तिको रुचि अर्को व्यक्तिको रुचिसँग मेल नखान पनि सक्छ । यदुनाथ खनाल अरू कुरामा भन्दा पढ्न र लेख्नमै बढी रमाएको पाइन्छ ।[७८]  अध्ययन, अध्यापन, कूटनीति र लेखनले प्राध्यापन पेसासँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकाले पनि यी कार्य रुचिपूर्ण हुनु स्वाभाविकै हो । सधैँ सामान्य पोसाक पहिरन मनपराउने यदुनाथ खानपिनमा पनि सारै सजिला देखिन्छन् । उनी भोकलाई शान्त पार्ने जुनसुकै खाना पनि मनपराउथे । ती विभिन्न खानामध्ये उनी पनीर भन्दा हुरुक्कै हुन्थे  ।[७९] खेलकुदमा उनी कन्ट्याक्ट-ब्रिज र ब्याटमिन्टन आदि मनपराउथे ।[८०]

साहित्यिक विधाहरूमा उनलाई समालोचना मनपरेको पाइन्छ । यस प्रसङ्गमा यदुनाथको आत्मस्वीकृति स्मरणीय छ - “म त साहित्यको एक प्रेमी मात्रै हुँ, साधक

---

[७५] ऐजन ।

[७६] ऐजन ।

[७७] डिल्लीराम मिश्र :, पूर्ववत्, पृष्ठ २४१ ।

[७८] *गण्डकी सामाजिक गुठी,* सरदार प्रध्यापक यदुनाथ खनाल अभिनन्दन कार्यक्रम, पृष्ठ ८ ।

[७९] ऐजन ।

[८०] ऐजन ।

हैन । तैपनि म धेरै टिप्पणीकेन्द्रित भएजस्तो लाग्छ । पूर्वीय र पश्चिमी समालोचना सिद्धान्त अध्ययन गर्न र त्यसमा दिमाग लगाउन मलाई मनपर्छ ।"[८१]

### २.९.२ स्वभाव तथा आनिबानी

मानिस जुन किसिमको वातावरणमा हुर्किन्छ र बढ्छ उसको स्वभाव र बानीव्यहोरा पनि सोही अनुरूपकै हुन्छ । यो कुरा यदुनाथ खनालमा पनि लागु हुन्छ । बिस्तारै बोल्ने, सारगर्भित कुरा गर्ने र विशेषतः अध्ययनमनन र चिन्तनमा लाग्ने उनको स्वभाव थियो भन्ने जानकारी पाइन्छ ।[८२] यदुनाथ खनाल जिज्ञासु, लगनशील, मिलनसार तथा सरल स्वभावका थिए पनि भनिएको छ ।[८३] आफ्नो काम आफै गर्नुपर्छ भन्ने मान्यता उनमा पाइन्छ । खनालले बिहान ३ बजे उठ्ने ओछ्यानमै ध्यान गर्ने, त्यसपछि गीता पाठ गर्ने गर्थे ।[८४] सरल व्यवहार भएका यदुनाथ खनाल आफूभन्दा सानाका लागि प्रेरणा दिने व्यक्तित्व थिए ।[८५] यदुनाथ खनालले कर्म नै सबैभन्दा ठूलो भएको विचार सधैँ अगाडि सार्दथे ।[८६] यदुनाथको रिस अत्यन्त कम भएको पनि जानकारी छ । रिस उठ्यो भने "मेरो ब्रह्माण्ड तातेर आयो" भन्ने थेगोको प्रयोग गर्दथे ।[८७] सानाठूलालाई कहिल्यै पनि तलमाथि नगर्ने खनालले सबैलाई समान व्यवहार गर्दथे । कुराकानीमा कसैले आलोचनात्मक टिप्पणी गरे भने खनाल तर्कबाट त्यसलाई काट्ने प्रयास गर्थे । आफ्ना मान्यता स्पष्टसँग राख्न सक्ने र अरूको आलोचनायुक्त भावनालाई पनि सम्मान गर्ने खुवी उनामा थियो ।[८८] यसै प्रसङ्गमा डा. भेषबहादुर थापाको स्मरण छ -"आफूभन्दा धेरै कान्छाहरूलाई प्रोत्साहित गर्न र समान

---

[८१] यदुनाथ खनाल, *गोरखापत्र*, "पिंढीलाई उमेरले छुट्टयाउनु हुँदैन", काठमाडौं: वर्ष ८५, अङ्क २७३, माघ २६,२०४२ ।

[८२] डा. राजेश गौतमबाट प्राप्त जानकारी ।

[८३] डा. उदयराज खनालबाट प्राप्त जानकारी ।

[८४] ऐजन ।

[८५] कृष्णराज खनालबाट प्राप्त जानकारी ।

[८६] डिल्लीराम मिश्रबाट प्राप्त जानकारी ।

[८७] जयराज आचार्यबाट प्राप्त जानकारी ।

[८८] कीर्तिनिधि विष्ट (पूर्वप्रधानमन्त्री), *समय,* असोज २८, २०६१ ।

व्यवहार गर्नबाट उहाँले कहिल्यै कन्जुस्याइँ गर्नु भएन ।"[८९] आफ्नो जीवनप्रति आत्मसन्तोष व्यक्त गर्दै यदुनाथ अगाडि भन्दछन् -"मसँग त्यस्तो केही अनुभव छैन जो सबैसँग बाड्न सकौँ । जीवनमा जेजति गर्न सकियो सबै कुरामा मलाई सन्तोष छ । सुरुमा विद्यार्थी भेला पारेर ट्युसन पढाउन थाल्दा पनि म रमाएकै थिएँ । पछि राजदूत, परराष्ट्र सचिव, गृहसचिव लोकसेवा आयोगको अध्यक्ष भएँ, त्यसमा पनि आनन्दित नै रहेँ कुनै योजना र पूर्व सोचविना नै पर्दै आएका जिम्मेवारी निभाएको हुँ । यसमा बाँड्ने के कुरा छ र ।"[९०] यसरी आफूले जुन काम गऱ्यो त्यसमै रमाउने उनको स्वभाव रहेको पाइन्छ ।

## २.१० लेखन

### २.१०.१ लेखनका लागि प्रेरणा र प्रभाव

समाजमा हुने विभिन्न घटनाले व्यक्तिलाई प्रभाव पार्दछ । यस्ता घटनामध्ये कतिपय गौण हुन्छन् र तिनको प्रभाव त्यति सारो व्यक्तिमा नपर्न पनि सक्छ । कतिपय घटना यस्ता हुन्छन् जसले मानिसको जीवनमा नौलो मोड ल्याइदिन्छ । मानिसको समुचित व्यक्तित्व निर्माणमा यस्ता घटनाले प्रभाव पार्ने गर्दछ । विश्वका कैयौं सफल व्यक्तिहरूको जीवनी अध्ययन गर्ने हो भने पनि यो सिद्ध हुन्छ । यदुनाथ खनाल पनि यस्ता प्रेरणा र प्रभावबाट अछुतो रहेनन् । शिक्षित परिवारमा जन्म भएकाले यदुनाथ खनाललाई आफ्नो परिवारका सदस्यबाट साहित्यिक प्रेरणा र प्रभाव परेको देखिन्छ ।[९१]

यदुनाथका पिता नरनाथ खनाल यदुनाथका प्रथम प्रेरणाका स्रोत थिए । यसै प्रसङ्गमा यदुनाथको आत्मस्वीकृति स्मरणीय छ - "पिताजीले तीनवटै छोराहरूको नियमित शिक्षाका निमित्त आफैले प्रयत्नसाथ सिकाई वा विद्यास्थलहरूमा पुऱ्याएर अवसर दिलाई ठूलो योगदान गर्नुभयो । हामी तीनै भाइले उहाँकै प्रेरणामा संस्कृत

[८९] युवराज घिमिरे,पूर्ववत् ।

[९०] देवेन्द्र भट्टराई *गरिमा,* वर्ष- १९, अङ्क-६ पूर्णाङ्क २२२, जेष्ठ २०, २०५८ ।

[९१] जयराज आचार्यबाट प्राप्त जानकारी ।

मध्यमासम्मको पढाइ पूरा गऱ्यौं ।[९२] त्यसैगरी यदुनाथ खनाललाई प्रेरणा तथा प्रभाव पार्ने उनका आफ्नै जेठा दाजु हरिनाथ खनाल पनि हुन् ।[९३] यदुनाथ खनाल पढ्न अत्यन्तै रुचाउने व्यक्ति भएकाले उनको लेखनको प्रेरक तत्त्वका रूपमा उनले पढेका विभिन्न पुस्तक तथा पत्रपत्रिकाले काम गरेका छन्  तथा विभिन्न विदेशी साहित्यकारहरू र तिनका साहित्यिक कृतिहरूबाट पनि  खनाल प्रभावित भएको पाइन्छ ।

यसरी यदुनाथ खनाल साहित्य सिर्जनातर्फ उन्मुख हुनाका पछाडि विभिन्न ठाउँको भ्रमण, सामाजिकसांस्कृतिक वातावरण, पारिवारिक पृष्ठभूमि आफूले देखेका र भोगेका परिस्थिति आदिबाट पनि प्रेरित र प्रभावित हुनु जस्ता कारक तत्त्व रहेका छन् ।

### २.१०.२ लेखनको आरम्भ र प्रकाशनको थालनी

यदुनाथ खनालको बाल्यकालदेखि नै साहित्यतर्फ रुचि रहेको जानकारी पाइन्छ । साहित्यमा पनि समालोचना, कविता, निबन्ध विधा उनका लेखन विधा हुन् । आरम्भमा उनी संस्कृत कविताबाट साहित्यिक लेखनमा प्रवेश गरेका हुन् । आफ्नो विवाहको असहमतिमा आफ्ना पितालाई लेखेको निम्नलिखित संस्कृतको पद्य नै उनले रचना गरेको पहिलो पद्य हो :

"दोषस्तिष्ठति भद्धेहे विवाहं न करोम्यहम्"[९४]

यसरी संस्कृतको एक हरफबाट लेखन सुरु गरेका यदुनाथ खनालले त्रिचन्द्र कलेजमा १९९३ मा **पृथ्वी, समुद्र र आकाशको विजय** शीर्षकका निबन्धबाट निबन्धलेखन सुरु गरेको जानकारी पाइन्छ ।[९५] प्रकाशनका हिसाबले **बाटोबिलायो**

[९२] यदुनाथ खनाल(२०४२), पूर्ववत् ।

[९३] जयराज आचार्यबाट प्राप्त जानकारी ।

[९४] जयराज आचार्य, पूर्ववत्, पृष्ठ ९ ।

[९५] शिव ढकाल,**अभिलेखका पानाहरू**,काठमाडौं: निता घिमिरे,२०६१, पृष्ठ १३० ।

शीर्षकको निबन्ध प्रथम पटक १९९८ मा '**शारदा**' पत्रिकामा प्रकाशित भएको हो ।[९६] समालोचना तर्फ भने उनको **समालोचनाको सिद्धान्त (२००३)** नामक पहिलो पुस्तक हो ।[९७] यसरी उनी सार्वजनिक रूपमा लेखनक्षेत्रमा देखापरेका हुन् ।

## २.११ यदुनाथ खनाललाई शोक

यदुनाथ खनालका पिता पं. नरनाथ खनालको निधन काशीको मणिकर्निकघाटमा ६८ बर्षको उमेरमा १९९५ चैत्र महिनामा भएको हो ।[९८] बाबुको निधनको दुःखद परिणति भोगेका यदुनाथ खनालले त्यसको करिव दुई वर्षपछि पुनः आफ्नी माता तारादेवीलाई पनि गुमाउनु पऱ्यो । उनकी आमाको मृत्यु १९९८ मा ६९ वर्षको उमेरमा कन्टारमा भयो ।[९९] यदुनाथ खनाललाई आमा-बाबुको शोकपछि एकजना छोराको पनि शोक परेको थियो ।[१००] त्यस्तै यदुनाथ खनालकी धर्मपत्नी कमला खनालको मृत्यु २०४७ माघ १२ गते भयो ।[१०१] आफ्नो दीर्घ जीवनकालमा मातापिता, पुत्र र पत्नी शोकको मर्म उनले भोगेका थिए ।

## २.१२ भ्रमण

यदुनाथ खनालले अध्ययनका क्रममा नेपालका विभिन्न भागहरूको भ्रमण गरेका छन् । उनले नेपालका काठमाडौं, पोखरालगायतका विभिन्न भागहरूको भ्रमण गरेका छन् । त्यस्तै भारतमा पनि अध्ययन गर्ने क्रममा पटना, कलकत्ता, दिल्ली, वनारसलगायतका ठाउँहरू घुमेका छन् । उनी विदेशमा पनि विभिन्न ठाउँमा राजदूत भएर जाँदा घुमेका छन् । चीन, भारत, अमेरिका आदि देशहरूको भ्रमण गरेका छन् ।

---

[९६] जयराज आचार्य, पूर्ववत्, पृष्ठ १६ ।

[९७] ऐजन, पृष्ठ २० ।

[९८] कृष्णराज खनाल, **प्रो. हरिनाथ खनालः जीवनी र परिवेश**, काठमाडौँः नगेन्द्रनाथ खनाल,२०५८,पृष्ठ १०८ ।

[९९] ऐजन; पृष्ठ १०९ ।

[१००] उदयराज खनालबाट प्राप्त जानकारी ।

[१०१] जयराज आचार्य, पूर्ववत्, पृष्ठ २२९ ।

खनालले विभिन्न देशहरूमा सम्मेलनका क्रममा युगोस्लाभियाको वेलग्रेड, इजिप्टको कायरो, जाम्बियाको लुकासा, न्युयोर्क, मेट्रिक, रोम, एथेन्स, तेलअबिब आदि स्थानहरूको भ्रमण गरे ।[१०२]

## २.१३ सम्मान तथा पुरस्कार

स्वदेश र अन्तर्राष्ट्रिय जगत्का प्रख्यात विद्वान् यदुनाथ खनालले आफ्नो सेवाको लामो जीवनकालमा धेरै मानसम्मान, पदक र पुरस्कारहरू प्राप्त गरेका छन् । सर्वप्रथम १९९१ सालको एसएलसीमा प्रथम श्रेणीमा प्रथम भएपछि दुई वर्षलाई मासिक रू. १५ को छात्रवृत्ति पाएका थिए ।[१०३] वेलायतकी महारानी एलिजाबेथ द्वितीयाको नेपालको औपचारिक भ्रमणका क्रममा २०१७ मा तत्कालीन परराष्ट्रसचिव यदुनाथ खनालले **नाइट कमान्डर अफ भिक्टोरिया अर्डर** प्राप्त गरेका थिए ।[१०४] खनालले २०१९ सालमा **गोरखा दक्षिण बाहु** प्राप्त गरे ।[१०५] उनले २०२३ जेठ महिनामा **त्रिशक्ति पट्ट प्रथम** र २०२६ जेठमा **ॐ श्री पद तेस्रो** पुरस्कार प्राप्त गरे ।[१०६] त्यसैगरी २०२७ जेठ ३० गते **उज्ज्वल कीर्तिमय नेपाल श्रीपद** (दोस्रो), श्री ५ युवराजधिराज वीरेन्द्रको विवाहका उपलक्ष्यमा खनालले प्राप्त गरे ।[१०७] वि.सं.२०२७ मा संयुक्तराज्य अमेरिकाको हार्वर्ड विश्वविद्यालयमा फेलो हुँदा **१२०० डलर** फोर्ड फाउन्डेसनबाट प्राप्त गरे । वि.सं. २०३१ मा अमेरिकाको क्लेयरमोन्ट ग्र्याजुयट स्कुलबाट **डाक्टर अफ लज**को उपाधि प्राप्त गर्न सफल भए ।[१०८]

---

[१०२] डिल्लीराम मिश्र, **नेपाल अधिराज्यमा तनहुँ (दो.सं)**, काठमाडौं : प्रकाशक सर्मिला मिश्र, २०५७, पृष्ठ २४३ ।

[१०३] जयराज अचार्यबाट प्राप्त जानकारी ।

[१०४] ऐजन ।

[१०५] ऐजन ।

[१०६] ऐजन ।

[१०७] डिल्लीराम मिश्र, पूर्ववत, पृष्ठ २४३ ।

[१०८] जयराज अचार्यबाट प्राप्त जानकारी ।

वि.सं. २०३४ मा लोकसेवा अयोगको अध्यक्ष रहदा यदुनाथ खनाललाई श्री ५ महाराजाधिराज वीरेन्द्रविक्रम शाहदेवबाट मानार्थ **सरदार** पदवी प्रदान गरिवक्सेको थियो । त्यसै गरी २०४१ सालमा श्री ५ वीरेन्द्रको थाइल्यान्डको राजकीय भ्रमणको अवसरमा शाही यात्रादलमा सम्मिलित रहँदा उनले थाइल्यान्डको **नोबुल अर्डर** प्राप्त गरेका थिए ।[१०९] नेपाली साहित्यको समालोचनाको फाँटमा विशिष्ट योगदानका साथै अङ्ग्रेजी भाषा र साहित्यको प्राध्यापन सेवामा गरेको महत्त्वपूर्ण योगदानका लागि यदुनाथ खनाललाई २०४३ सालमा **वेदनिधि पुरस्कार**सहित भव्यरूपमा अभिनन्दन गरिएको थियो ।[११०] २०५२ साल वैशाख २२ गतेका दिन यदुनाथ खनाललाई नेपाल जनप्रशासन संघले सम्मानार्थ सदस्यता प्रदान गर्दै एक अभिन्दन कार्यक्रम गऱ्यो ।[१११]

त्रिभुवन विश्वविद्यालयले यदुनाथ खनाललाई २०५४ साल मङ्सिर ८ गते **महाविद्यावारिधि** उपाधिबाट सम्मानित गरेको छ ।[११२] त्यस्तै खनालले २०५५ मा एकलाख रुपैयाँ धनराशिको **भानुभक्त पुरस्कार** प्राप्त गरे भने २०५६ सालमा दसहजार रुपैयाँ धनराशिको **वासुदेव भट्टराई** पुरस्कार प्राप्त गरे । त्यसैगरी २०५६ साल माघ २९ गते शनिवार गण्डकी सामाजिक गुठी नयाँवानेश्वर काठमाडौंले यदुनाथ खनाललाई अभिनन्दन गरेको थियो ।[११३]

## २.१४ यदुनाथ खनालको निधन

यदुनाथ खनालको निधन ९१ वर्षको उमेरमा विक्रमसंवत २०६१ असोज १६ गते शनिवार विहान ३.३० बजे हृदयघातका कारण उनकै निवास वानेश्वरमा भएको

---

[१०९] ऐजन ।

[११०] ऐजन ।

[१११] डिल्लीराम मिश्र, पूर्ववत्, पृष्ठ २४३ ।

[११२] नरेन्द्रराज प्रसाई, **नेपाली साहित्यका समालोचक र समालोचना**, काठमाडौंः एकता प्रकाशन, २०५७, पृष्ठ ८२ ।

[११३] गण्डकी सामाजिक गुठी, पूर्ववत् ।

हो ।[११४] उनको मृत्यु हुनुभन्दा अघिल्लो दिन छातीसम्बन्धी समस्याका कारण थापाथली स्थित नर्भिक अस्पतालमा स्वास्थ्य परीक्षण गराइएको थियो ।[११५] यसै प्रसङ्गमा छोरा उदय स्मरण गर्दै भन्छन्- "म बाहिर गएको थिए । आउन ढिलो भयो बाले सुत्ने बेलामा उदय किन आएन भनेर भन्नुभएछ । म बेलुका आएँ र बासँगै एउटै कोठामा सुतेँ । बा बिहान सधैंभैm उठ्नु भयो र बाथरूम जानुभयो । बाथरुमबाट फर्केपछि मैले कस्तो छ भनेर सोधेँ ठिकै छ भन्नुभयो । मेरी छोरीले पनि बुबालाई कस्तो छ भनेर सोधी उसलाई पनि ठिकै छ भन्नुभयो । त्यसको तत्कालै उहाँ ओछ्यानमा गएर पल्टनुभयो । अनि एकछिनपछि उठेर मलाई अप्ठ्यारो भयो भन्नुभयो र मेरी श्रीमतीले पछाडि माडिदिइन् तत्कालै बा बेहोस भएको लागेर तुलसीको मठमा लग्यौँ र लाने वित्तिकै मृत्यु भयो ।" उनको निधन हुँदा मुलुक भित्र उनलाई बुभ्mने र चिन्ने उनका प्रशंसकहरू मात्र थिए ।[११६] असोज १६ गते नै आर्यघाटमा अन्तिम दाहसंस्कार सम्पन्न भयो । खनालका छोरा प्रा. उदयराज खनालले उनको पार्थिव शरीरमा दागवत्ती दिएका थिए ।[११७] उनको सरलता र विनम्रताकै कारण जीवनभरि उनी ठूला देखिन चाहेनन् । आफू मरेपछि पनि महान् देखाउने काम नगर्न अर्थात् अबिर फूलमालाले लादिएको लामो ताँतीको शवयात्रामा उनको रुचि नभएको निर्देशन छोरा बुहारीलाई दिएका थिए । तत्कालै उनको चाहनानुसारको सरलताका साथ दाहसंस्कार गरियो ।[११८] छाती दुख्दा उनले भनेका थिए "म त सजिलैसँग मर्नुपर्ने मान्छे किन अलिकति गारो भयो ।"[११९] उनलाई अन्तिम श्रद्धाञ्जलि अर्पण गर्न पूर्व प्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, महामन्त्री शुशील कोइराला, पूर्वमन्त्री

[११४] उदयराज खनालबाट प्राप्त जानकारी ।

[११५] ऐजन ।

[११६] डा. राजेश गौतमबाट प्राप्त जानकारी ।

[११७] उदयराज खनालबाट प्राप्त जानकारी ।

[११८] डा. राजेश गौतमबाट प्राप्त जानकारी ।

[११९] उदयराज खनालबाट प्राप्त जानकारी ।

श्रीभद्र शर्मा, महेश आचार्य लगायतका प्राज्ञ, पत्रकार तथा तनहुँ भेगका अन्य महानुभावहरूको उपस्थिति थियो ।[१२०] यसैवीच प्रधानमन्त्री शेरबहादुर देउवा, नेपाली काङग्रेसका सभापति गिरिजा प्रसाद कोईराला, नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल र नेपाल राजकिय प्रज्ञाप्रतिष्ठानका उपकुलपति प्रा.डा. वासुदेव त्रिपाठीले विज्ञप्ति जारी गरी यदुनाथ खनालको निधनमा दुःख व्यक्त गरेका थिए ।[१२१] असोज १७ गते उनको दुःखद् निधनको समाचार विभिन्न शीर्षकहरूमा विभिन्न पत्रपत्रिकामा यसरी दिइएको थियो :-

१. गोरखापत्र, सुप्रसिद्ध विद्वान् प्रो. खनालको निधन

२. कान्तिपुर राष्ट्रिय दैनिक- सरदार यदुनाथ खनाल रहनु भएन

३. राजधानी दैनिक : प्रसिद्ध विद्वान् सरदार यदुनाथ खनाल रहनु भएन

४. अन्पूर्ण पोष्ट : कूटनीतिज्ञ खनालको निधन

यस्तै समय असोज २८ मा **विदेशमा चिनाउने व्यक्ति** शीर्षकमा युवराज घिमिरेले लामो लेख लेखेका छन् । हिमाल खबर पत्रिकामा २०६१ को कार्त्तिक को अङ्कमा **सरदारको सार्थक जीवन** शीर्षकमा एउटा लेख छापिएको छ । यस्तै रेडियो, टि.भी. तथा विभिन्न एफ.एम.ले उनको मृत्युको खबर वाचन गरेका थिए ।

## २.१५ यदुनाथ खनालका प्रकाशित साहित्यिक कृतिहरू

यदुनाथ खनालले साहित्यका विविध निबन्ध, समालोचना, कविता आदि क्षेत्रमा कलम चलाएका छन् । तीमध्ये समालोचना र कविताका पुस्तकहरू प्रकाशित भएका

[१२०] डा. राजेश गौतमबाट प्राप्त जानकारी ।

[१२१] *अन्नपूर्णपोष्ट*, वर्ष ३, अङक १५७, २०६१ असोज १७ ।

छन् । यसका अतिरिक्त संस्कृतबाट नेपाली भाषामा अनुवाद गरिएका ग्रन्थ पनि छन् । साथै उनले साहित्येतर विधामा समेत कलम चलाएका छन् । उनका पुस्तकाकार कृतिहरूको कालक्रमिक सूची यसप्रकार छन् :-

| क्र.सं | प्रकाशित कृति | विधा | भाषा | प्रकाशक | प्रकाशन समय |
|---|---|---|---|---|---|
| १. | समालोचनाको सिद्धान्त | समालोचना | नेपाली | साझा प्रकाशन,काठमाडौँ | २००३ |
| २. | रिफ्लेक्सन अन नेपाल इन्डिया रिलेसन्स | कूटनैतिक लेख | अङ्ग्रेजी | लेखक स्वयम् | २०११ |
| ३. | स्ट्रे थट्स | कूटनैतिक लेख | अङ्ग्रेजी | लेखक स्वयम् | २०२३ |
| ४. | सूक्तिसञ्चय | कवितासङ्ग्रह | संस्कृत | लेखक स्वयम् | २०३२ |
| ५. | साहित्यिक चर्चा | समालोचना | नेपाली | साझा प्रकाशन,काठ. | २०३४ |
| ६. | नेपाल ट्रान्जिसन फ्रम आइसोलेसनिज्म | कूटनैतिक लेख | अङ्ग्रेजी | साझा प्रकाशन,काठ. | २०३४ |
| ७. | एस्सेज इन नेपल्स फरेन अफेयर्स | कूटनैतिक लेख | अङ्ग्रेजी | मुरारी प्र. उपाध्याय | २०४५ |
| ८. | नेपाली भामिनी विलास | कवितासङ्ग्रह (अनु.) | नेपाली | उन्नयन प्रकाशन, काठ. | २०५५ |

माथि उल्लिखित प्रकाशित कृतिहरू बाहेक उनका थुप्रै लेखरचनाहरू विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् । तिनीहरू निम्नलिखित छन् :-

| क.सं. | लेखरचना | विधा | प्रकाशन मिति |
|---|---|---|---|
| १. | बाटोविलायो | निवन्ध | १९९८ |
| २. | उमरखैयामका विशेषताहरू | मन्तव्य | - |
| ३. | कठोरता | निबन्ध | २००३ |
| ४. | नारीजीवन | निबन्ध | - |
| ५. | प्रभात वर्णन | अनुवाद | २०३५ |
| ६. | स्वावलम्वन एक अनुभव | निबन्ध | २०४२ |
| ७. | त्यसबखतको नेपाल | मन्तव्य | २०४४ |
| ८. | नेपाली साहित्यमा चिन्तनको बटुलबाटुल | समालोचना | २०४७ |
| ९. | काव्यको अध्ययन | समालोचनात्मक भाषण | २०५० |
| १०. | देवकोटा र शाकुन्तलः एक  विचरण | समालोचना | २०५२ |
| ११. | माधव घिमिरेका कविताको सानो परिक्रमा | समालोचना | २०५४ |
| १२. | मृगस्थली निबन्धसङ्ग्रह | मन्तव्य | २०५४ |
| १३. | भानुभक्त र नेपाली भाषा | समालोचनात्मक भाषण | २०५५ |
| १४. | उपमा, रूपक, प्रतीक र समाधिक सपना | समालोचना | २०५६ |
| १५. | सिर्जना सम्प्रेषण र समालोचना | समालोचना | अप्र. |
| १६. | जनताले आघात माया र ममता देखाए | लेख | २०५९ |

# तेस्रो परिच्छेद

# यदुनाथ खनालको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको व्यक्तित्वको निर्माण उसको संस्कार तथा सहज र स्वाभाविक गुणका रूपमा हुँदै आउँछ । त्यसैबाट प्रभावित हुने सार्वजनिक जीवनको महत्त्वपूर्ण कार्यले व्यक्तित्वलाई उज्यालो पार्दै लैजान्छ । व्यक्तिमा निहित गुणले वैयक्तिक व्यक्तित्व प्रस्तुत गर्दछ भने सृजनशील, सामाजिक, कुटनैतिक, प्रशासनिक, राजनैतिक आदि कार्यका उच्चताले सार्वजनिक व्यक्तित्व प्रस्तुत गर्दछ । यी सबै व्यक्तित्वका धनी यदुनाथ खनालको व्यक्तित्वलाई विभिन्न पाटाबाट हेर्न सकिन्छ । यस सन्दर्भमा उनको बाह्य व्यक्तित्वसँगै आन्तरिक व्यक्तित्वमा प्रकाश पार्नु आवश्यक देखिन्छ ।

## ३.२ शारीरिक सामान्य व्यक्तित्व

यदुनाथ खनाल शारीरिक संरचनाका दृष्टिले पाँच फुट पाँच इन्च जति अग्ला ठिक्कको शरीर र ओजमय व्यक्तित्वका धनी थिए ।[१] गहुँगोरो वर्ण, गोलो, पोटिलो र रसिलो अनुहार, मझौला निधार, मिलेको नाक, तेजिला आँखा भएका यदुनाथ खनालको शारीरिक बनोट नेपाली कद सुहाउँदो र हृष्टपुष्ट थियो ।[२]

यदुनाथ खनाल सामान्यतः आकर्षक रूपका एवम् शान्त सौम्य प्रकृतिका थिए ।[३] विस्तारै बोल्ने, सारगर्भित कुरा गर्ने र विशेषतः अध्ययन, मनन र चिन्तनमा लाग्ने उनको स्वभाव थियो ।[४] यदुनाथ खनाल प्रायः एकान्तप्रेमी व्यक्ति थिए तापनि

---

[१] डा. राजेश गौतमबाट प्राप्त जानकारी ।

[२] ऐजन ।

[३] जयराज आचार्यबाट प्राप्त जानकारी ।

[४] डा. राजेश गौतमबाट प्राप्त जानकारी ।

अमल साथीहरूको समीपमा रहेर काम गर्न मनपराउँथे र परस्पर सहयोगको भावना राख्दथे ।[५]

## ३.३ आन्तरिक व्यक्तित्व

### ३.३.१ साहित्यिक व्यक्तित्व

साहित्यकार यदुनाथ खनालले समालोचना, निबन्ध र कविता विधामा कलम चलाएको पाइन्छ । साहित्यिका विभिन्न विधामा कलम चलाए पनि उनको ख्याति समालोचना, कविता र निबन्धमा क्रमशः रहेको छ । वि.सं. १९९३ मा त्रिचन्द्र कलेजमा भएको नेपाली निबन्ध प्रतियोगितामा औपचारिक भाग लिएर नेपाली साहित्यिक क्षेत्रमा  देखापरेका यदुनाथ खनालको आफ्नो लामो साहित्यिकयात्राको क्रममा विविध पत्रपत्रिकामा छरिएर रहेका फुटकर गद्य रचनाहरूका पुस्तककार कृतिहरू प्रकाशित भइसकेका छन् । गद्य विधाबाट लेखन प्रारम्भ गरेका भए तापनि उनले अङ्ग्रेजी तथा संस्कृत भाषामा पनि प्रशस्त रचनाहरू सिर्जना गरेका छन् । आधुनिक नेपाली साहित्यको मिर्मिरेमा काव्य कविता लेख र समालोचना लिएर साहित्य सेवामा प्रवेश गरेका यदुनाथ खानलका संस्कृत, अङ्ग्रेजी र नेपाली भाषामा प्रशस्तै फुटकर रचनाहरू प्रकाशित भएका छन् । साहित्यकार यदुनाथ खानालको साहित्यक व्यक्तित्वलाई निम्नलिखित उपशीर्षकमा वर्गीकरण गरेर विश्लेषण गर्न सकिन्छ :

#### ३.३.१.१ समालोचक व्यक्तित्व

निबन्धबाट साहित्यका फाँटमा देखापरेका भएतापनि यदुनाथ खनालले सर्वाधिक लोकप्रियता पाएको विधा भने समालोचना हो । उनको समालोचक व्यक्तित्वबारे कृष्णचन्द्रसिंह प्रधानको भनाइ छ -"श्री यदुनाथ खनालले कवि कृतिको समालोचना गर्नुभन्दा पहिले समालोचनामा सिद्धान्तहरूको खाँचो देखे । त्यसैले पूर्वीय र पश्चिमी दृष्टिकोणको तुलनात्मक विवेचना गरी यससम्बन्धी सिद्धान्त र व्याख्या प्रस्तुत गरे ।"[६]

---

[५] जयराज आचार्यबाट प्राप्त जानकारी ।

[६] कृण्णचन्द्रसिह प्रधान,पूर्ववत् ,पृष्ठ ७ ।

यदुनाथ खनालको प्रथम प्रकाशित समालोचनात्मक कृति '**समालोचनाको सिद्धान्त**' हो । यो नेपाली भाषा प्रकाशिनी समितिबाट २००३ सालमा प्रकाशित भएको हो ।

समालोचनाको सिद्धान्त नेपाली साहित्यको प्रथम सैद्धान्तिक समालोचना विषयको कृति हो भने खनाल नेपाली समालोचनाका पहिला सैद्धान्तिक समालोचक व्यक्ति हुन् । खनालले पूर्वीय तथा पाश्चात्य मान्यता तथा प्रयोगलाई आत्मसाथ गरी मौलिक समालोचना लेखनपरम्पराको शुरुवात गरे । यदुनाथ खनालको पहिलो पुस्तककार कृति **समालोचनाको सिद्धान्त** प्रकाशमा आएपछि उनी साहित्यका प्रखर र आधिकारिक चिन्तकका रूपमा स्थापित भए । कुनै पनि विषयमा राम्रो अध्ययन गरी ढिलो कमल चलाउने यदुनाथ खनालको २०३४ सालमा **साहित्यिक चर्चा** नामक अर्को पुस्तक प्रकाशित भयो ।[७] यस पुस्तकमा सङ्कलित सबै लेखहरू बौद्धिक एवं वैचारिक दृष्टिले निकै गहकिला छन् ।[८] यी समलोचनात्मक कृतिबाहेक यदुनाथ खनालका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर समालोचनात्मक लेखहरू पनि प्रकाशित भएका छन् । संस्कृत, अङ्ग्रेजी र नेपाली गरी तीन भाषामा समान रूपमा कलम चलाउन सक्ने पूर्वीय एवंम पाश्चात्य दुवै साहित्यका प्रकाण्ड विद्वान् यदुनाथ खनाल कुनै पनि समालोचना सिद्धान्तको सुनिश्चित विन्दुमा आधारित हुनुपर्ने कुरामा विश्वास गर्छन् ।[९] पूर्वीय र पश्चिमी दुवै साहित्यशास्त्रको तुलनात्मक अध्ययनबाट उनले प्रतिपादन गरेको समालोचनाको सिद्धान्तले उनको यही सैद्धान्तिक दृष्टिकोणलाई पुष्टि गरेको छ । नेपाली समालोचना परम्परामा सर्वप्रथम सैद्धान्तिक समालोचनाको थालनी गर्ने खनालले कृति र कृतिकार सम्बन्धी व्यावहारिक समालोचना पनि गरेका छन् ।[१०] यदुनाथ खनालका समालोचनाहरू कृतिकेन्द्री वा पाठकेन्द्री मात्र नभएर कृतिबाहिरका सामाजिक नैतिक सन्दर्भहरूमा पनि उत्तिकै आबद्ध छन् । साहित्यकारका नैतिक चेतना र समाजप्रति उत्तरदायित्वको बोध हुनुपर्दछ । साहित्यकारले जे मन लाग्यो त्यही लेख्नु

---

[७]रविलाल अधिकारी, **नेपाली समालोचनाको रुपरेखा**,पोखरा : लेकाली प्रकाशन, २०५१ ।

[८] घनश्याम कँडेल (सम्पा.) **नेपाली समलोचना**,काठमाडौंः साझा प्रकाशन, २०५५, पृष्ठ ९ ।

[९] पारसमणि भण्डारी र माधव पौडेल, **साहित्यशास्त्र र नेपाली समालोचना**, काठमाडौंः क्षितिज प्रकाशन २०६१, पृष्ठ २८० ।

[१०] ऐजन् ।

हुँदैन, साहित्यको काम मनोरञ्जन दिने मात्र नभई समाजलाई उन्नत स्तरमा उकास्न मद्दत पुऱ्याउनु पनि हो भन्ने मान्यता राख्ने खनालको दृष्टिकोणले नीतिवादी चेतनालाई उजागर गर्दछ । यदुनाथ खनालमा नीति र आदर्श प्रभावित प्रभावपरक समालोचकीय दृष्टिकोण पर्याप्त देखिन्छ । साहित्यशास्त्र र सिद्धान्तका विज्ञ एवम् मर्मज्ञ भएकाले आफ्ना दृष्टिकोण एवम् वैचारिकतालाई बौद्धिक व्याख्या, विवेचना र विश्लेषण प्रभावकारी ढङ्गले प्रस्तुत गर्नमा उनी सिद्धहस्त छन् । उनी सिद्धान्त र त्यसअन्तर्गतका कृतिका हरेक पक्षहरूको तुलनात्मक विवेचना गर्नमा पनि खप्पिस छन् । यसरी सैद्धान्तिक धरातलमा उभिएर नीतिवादी चेतनाको उच्च अभिप्राय राखी व्यावहारिक व्याख्या, विवेचना र तुलना गर्दै स्तरीय अभिव्यक्तिमार्फत कृति र कृतिकारको सुनिश्चित मूल्याङ्कन एवम् निर्णय गर्नमा अभिमुख खनालको भाषा स्तरीय भएर पनि सरल, संयमित एव सन्तुलित शैलीमा आबद्ध भएको देखिन्छ । वाक्यात्मक सरलता, तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सन्तुलित प्रयोग, अभिव्यक्तिगत सन्तुलन संयम खनालका शैलिगत स्तरीयता एवम् विशिष्टताका पहिचान हुन् ।[११]

### ३.३.१.२ निबन्धकार व्यक्तित्व

यदुनाथ खनालको समालोचना विधापछि कलम चलेको अर्को विधा निबन्ध हो । खनालका निबन्धहरू फुटकर रूपमा प्रकाशित भएका छन् । उनका फुटकर निबन्धहरूमा **बाटोबिलायो, नारीजीवन, कठोरता, स्वावलम्वन एक अनुभव** रहेका छन् । यस्ता विभिन्न शीर्षकका निबन्ध फुटकर रूपमा प्रकाशित गरेर यदुनाथ खनालले निबन्ध रचनातर्फ योगदान पुऱ्याएका छन् ।[१२]

यदुनाथ खनाल वस्तुपरक निबन्धकार हुन् । अभिव्यक्तिका आधारमा हेर्दा उनका निबन्धहरू विवरणात्मक, वर्णनात्मक र विचारात्मक देखिन्छन् । निबन्धको रचना शैली सरल छ । उनका निबन्धहरू छोटाछरिता भइकन पनि सारगर्भित छन् र थोरैमा धेरै

[११] ऐजन् ।

[१२] डिल्लीराम मिश्र, पूर्ववत, पृष्ठ २३७ ।

अटाउन सक्नु यदुनाथ खनालको कलात्मक पक्ष पनि हो ।[१३] उनका निबन्धहरू सबै स्तरका पाठकहरूका लागि उत्तिकै ज्ञानवर्धक र मार्गदर्शक रूपमा आएका छन् ।

### ३.३.१.३ कवि व्यक्तित्व

यदुनाथ खनालले संस्कृतमा कविताहरू लेखका छन् ।[१४] उनका संस्कृत भाषामा लेखिएका कविताहरूको सङ्ग्रहका रूपमा '**सूक्तिसञ्चय**' शीर्षकको पुस्तक प्रकाशित भएको छ । यस पुस्तकमा सङ्कलित र प्रकाशित कविताबाहेक अन्य विभिन्न फुटकर कविताहरू पनि रहेका छन् ।[१५]

यसरी यदुनाथ खनालले आफ्ना संस्कृतका कविताहरूमा विभिन्न शीर्षक दिएर मर्मस्पर्शी तथा स्वाभाविक भाव झल्किने खालका कविताहरू रचना गरेर आफ्नो संस्कृत कवि प्रतिभालाई अगाडि ल्याएका छन् ।

### ३.३.१.४ अङ्ग्रेजी भाषाका लेखक व्यक्तित्व

यदुनाथ खनालले साहित्यसिद्धान्त, नेपाली समालोचना र साहित्यिक प्रौढ निबन्धहरूका अतिरिक्त पनि नेपाल र नेपाली समाज तथा जीवनको बहुविध पक्षहरूमा आफ्नो बौद्धिक प्रौढलेखनको शृङ्खला स्थापित गराएको देखिन्छ । नेपालको राजनीतिक, सांस्कृतिक, दर्शन, समाजशास्त्र, विकास, शिक्षा, बौद्धिक सन्दर्भ र परराष्ट्र सम्बन्ध आदिका विभिन्न पक्षहरूप्रति विश्लेषणात्मक दृष्टि राखी उनले अङ्ग्रेजीमा पनि विचारोत्तेजक उत्कृष्ट बौद्धिक प्रबन्ध तथा लेखहरू लेखेका छन् । खनालका अङ्ग्रेजी भाषामा लेखिएका कृतिहरूमा **स्ट्रे थट्स (१९६६), रिफ्लेक्सन अन नेपाल इन्डिया रिलेसन्स (१९६४), नेपाल ट्रान्जिसन फ्रम आइसोलेसनिज्म (१९७७), एस्सेज इन नेपल्स फरेन अफेयर्स (१९८८)** हुन् ।[१६] सामान्यतः कूटनीतिक सेवामा रहँदा लेखिएका

[१३] ऐजन् ।

[१४] जयराज आचार्यबाट प्राप्त जानकारी ।

[१५] ऐजन ।

[१६] ऐजन ।

कृतिहरूले विदेशनीतिको सम्बन्धमा राम्रो विवेचना गरेका छन् ।[१७] अङ्ग्रेजी भाषामा नेपालसम्बन्धी पुस्तक लेख्ने थोरै विद्वान्हरूमा यदुनाथ खनाल अग्र पंक्तिमा पर्दछन् ।[१८] उनका सबै पुस्तकहरू कूटनीतिक मामिलासम्बन्धी ऐतिहासिक दस्तावेज हुन् । नेपालको असंलग्न पराराष्ट्रनीति र मर्यादित अन्तर्राष्ट्रिय सम्बन्ध तथा गतिशील विश्वव्यक्तित्वको सैद्धान्तिक व्याख्याकार नव ऊर्जाशील लेखकका रूपमा खनालले ख्यातिप्राप्त गरेका छन् ।

### ३.३.१.५ अनुवादक व्यक्तित्व

कुनै एउटा भाषाका सामग्रीलाई अर्को भाषामा रूपान्तरण गर्ने कार्य अनुवाद हो । यदुनाथ खनालको व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये अनुवादक व्यक्तित्व पनि उल्लेख्य छ । उनी बहुभाषाका ज्ञाता हुन् । नेपाली, संस्कृत, अङग्रेजी, हिन्दी, बङ्गाली, फ्रेन्च आदि भाषामा उनको राम्रो दखल थियो । [१९] त्यस्तै नेवारी, मैथिली, मगर आदि भाषा पनि उनका लागि बोधगम्य छन् । [२०] उनले संस्कृत महाकाव्यकार माघको **प्रभातवर्णन** महाकाव्यको एघारौं सर्गको नेपालीमा अनुवाद गरेका छन् ।[२१] यदुनाथ खनालले संस्कृतका पण्डितराज जगन्नाथको '**भामिनीविलास**' जस्तो उत्कृष्ट कविता-कृतिको समछन्दी र समश्लोकी नेपाली पद्यानुवाद (२०५५) प्रस्तुत गरेका छन् ।[२२] त्यसैगरी यदुनाथ खानलले नेपाली भाषाका लेखलाई संस्कृतमा, संस्कृतका लेखलाई अङ्ग्रेजीमा, अङ्ग्रेजीका लेखलाई नेपाली भाषामा अनुवाद गरेको पाइन्छ ।

---

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] उदयराज खनालवाट प्राप्त जानकारी ।

[२०] डिल्लीराम मिश्रबाट प्राप्त जानकारी ।

[२१] राजकीय प्रज्ञाप्रतिष्ठान, *प्रज्ञा त्रैमासिक,*वर्ष ७ अंक २, पूर्णाङ्क २४, २०३५ ।

[२२] जयराज आचार्यबाट प्राप्त जानकारी

### ३.३.२ साहित्येतर व्याक्तित्व

### ३.३.२.१ राजनीतिक व्यक्तित्व

समाजमा कुनै पनि व्यक्ति राजनीतिबाट टाढा रहन सक्दैन । प्रत्यक्ष वा परोक्षरूपमा जोसुकैलाई पनि राजनीतिले प्रभावित पारेकै हुन्छ । यदुनाथ खनाल पनि यसबाट अछुतो रहेनन् । यद्यपि उनी कुनै सङ्घसङ्गठनमा निष्ठावान भएर सक्रिय रूपमा लागेको भने पाइँदैन । नेपाली समाजमा राणाविरोधी आन्दोलन चरमोत्कर्षमा पुगेको समयताका पहिलोपटक काठमाडौँ नगरपालिकाको २००३ साल चैत्रमा सम्पन्न निर्वाचनमा वडा नं ११ बाट यदुनाथ खनाल निर्विरोध निर्वाचित भए ।[२३] त्यसैगरी २०४० साल वैशाख ५ गते सोमवार राजसभा स्थायी समिति सदस्यमा नियुक्त भए ।[२४] यसबाहेक उनको राजनीतिक व्यक्तित्वका बारेमा थप जानकारी  छैन ।

### ३.३.२.२ प्राध्यापक व्यक्तित्व

वि.स. १९९९ मा कलकत्ता विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा एम. ए. गरेपछि यदुनाथ खनालले त्रिचन्द्र कलेजमा अस्थायी प्रोफेसर भई पढाउन थाले । [२५] वि.सं. २००० मा उनी स्थायी प्रोफेसरमा नियुक्त भए । उनी २०१२ सम्म त्रिचन्द्र कलेजको अङ्ग्रेजी साहित्यको प्राध्यापक भए । त्रिचन्द्र कलेजका प्राध्यापकबाहेक यदुनाथले ट्युसन पनि पढाएको पाइन्छ ।[२६]

यदुनाथ खनालले आफ्नो  जीवनको पछिल्ला प्रहरमा त्रिभुवन विश्वविद्यालय आर्थिक विकास तथा प्रशासन केन्द्र प्रशासन केन्द्र सेडाका आगन्तुक प्राध्यापकका रूपमा कार्यरत रहेको पाइन्छ ।[२७] यदुनाथ खनाल १९९९ देखि २०१३ सम्म त्रिचन्द्र

---

[२३] डिल्लीराम मिश्र, **नेपालको प्रजातान्त्रिक विकासक्रम र काठमाडौं उपत्यकाको निर्वाचन**, काठमाडौं :शर्मिला मिश्र, २०६०, पृष्ठ ११० ।

[२४] जयराज आचर्यबाट प्राप्त जानकारी ।

[२५] जयराज आचर्य, पूर्ववत, पृष्ठ, १९ ।

[२६] जयराज आचार्यबाट प्राप्त जानकारी ।

[२७] ऐजन ।

कलेजको सम्मानित र लोकप्रिय प्राध्यापक भएर रहेको पाइन्छ । आफ्ना छात्रहरू उच्च पदमा पुगी प्रतिष्ठित व्याक्ति समेत भए भन्ने आत्मसन्तोष यदुनाथ खनालको थियो । आफ्नै शिस्यका मातहतमा बसेर पनि काम गर्न परेको रमाइलो अनुभव यदुनाथ खनालसँगै छ । तर पनि त्यति बेला आफूलाई आत्मग्लानि नभएको अनुभव व्यक्त गर्दै खनालले आफ्ना शिष्यहरू प्राध्यापक, कवि, लेखक, साहित्यकार, कलाकार, कुशल प्राविधिक र देशको उच्च प्रशासक समेत भए ती मध्ये नेपालका प्रधानमन्त्रीहरू पनि उनकै छात्र हुन् । त्रिचन्द्र कलेजमा यदुनाथ खनालले गरेको अङ्ग्रेजी साहित्यको अध्यापन सेवा इतिहासमै चिरस्मरणीय रहेको पाइन्छ ।[२८]

### ३.३.२.३ कूटनीतिक व्यक्तित्व

मूलतः २००७ सालको राजनीतिक परिवर्तनपश्चात नेपाललाई बाहिरी संसारसँग परिचित गराएर एउटा स्वाधीन राष्ट्रको रूपमा स्थापित गराउन जेजति कूटनीतिक पहल र प्रयासहरू भए त्यसमा प्रख्यात कूटनीतिज्ञ यदुनाथ खनालको संस्थागत योगदान रहेको पाइन्छ । २००७ सालमा प्रजातन्त्र स्थापना भएपछिको अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालका तर्फबाट भाषण गर्ने पहिलो कूटनीतिज्ञ यदुनाथ खनाल थिए ।[२९] कूटनीतिक सेवामा प्रवेश गर्ने क्रममा सर्वप्रथम विक्रम संवत २०१२ बैशाख ५ देखि ११ गतेसम्म इन्डोनेसियाको बाङडुङ भन्ने ठाउँमा उनन्तीस एसियाली अफ्रिकी देशहरूले भाग लिएका थिए । त्यस सम्मेलनमा पाँच सदस्यीय नेपाली प्रतिनिधि मण्डल  संलग्न थियो । यही सम्मेलनमा खनालले नेपालका तर्फबाट सदस्यसचिवको रूपमा पहिलो भाषण गरेका थिए ।[३०] ऐतिहासिक बाङडुङ सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलको रूपमा मुलुकको प्रतिनिधित्व गर्ने अवसर नै कुटनीतिज्ञ खनालको निमित्त परराष्ट्र मामिलामा प्रवेशको पहिलो पाइला थियो ।[३१] एसियाली

---

[२८] डिल्लीराम मिश्र, पूर्ववत्, पृष्ठ, २३८ ।

[२९] जयराज आचार्य, पूर्ववत्,पृष्ठ ५३ ।

[३०] ऐजन, पृष्ठ ३० ।

[३१] ऐजन ।

वाङडुङ सम्मेलनको सफलता पश्चात् युगोस्लाभियाको बेलग्रेड, इजिप्टको कायरो, जाम्वियाको लुकासामा सम्पन्न असंलग्न राष्ट्रहरूको पहिलो, दोस्रो र तेस्रो शिखर सम्मेलनहरूमा श्री ५ महेन्द्रका साथ नेपाली प्रतिनिधि सदस्यको रूपमा खनालले भाग लिएका थिए ।[३२] यी शिखर सम्मेलनहरू क्रमशः २०१८, २०२१ र २०२७ मा सम्पन्न भएका थिए ।[३३]

त्यसपछि २०१६ मा संयुक्त राष्ट्रसंघको चौथो महासभा र २०१७ मा प्रधानमन्त्री वी.पी. कोइरालाको नेतृत्वमा संयुक्त राष्ट्रसंघको महासभाका लागि पनि यदुनाथ खनालले भाषण लेखेका थिए । कूटनीतिक प्रतिभा प्रर्दशनका क्रममा वि.स. २०१९ देखि २०२४ सम्म भारतका लागि शाही नेपाली राजदूतको रूपमा अमूल्य सेवा प्रदान गरे ।[३४] त्यसै गरी २०३० देखि २०३२ सम्म संयुक्त राज्य अमेरिकाको लागि राजदूत नियुक्त भए ।[३५] सेवा कालको अन्त्यतिर २०३५ देखि २०३९ सम्म मित्रराष्ट्र चीनका लागि शाही नेपाली राजदूतमा कार्यरत भए । [३६] अमेरिका लागि राजदूत को पदावधि चार वर्षको भए पनि उनी श्री ५ वीरेन्द्रसँग विशेष अनुरोध गरेर दुईवर्ष पदावधि बाँकी छँदै नेपाल फर्किए ।[३७] उनको कार्यकालमा नेपाल-अमेरिकाबीचको सम्बन्ध मात्रै होइन अन्य बाह्य मुलुकसँगको सम्बन्धमा पनि नेपालले सुखद अनुभूति गरेको थियो ।

नेपालको परराष्ट्रनीतिका व्याख्याता यदुनाथ संयुक्त राज्य अमेरिका लागि शाही नेपाली राजदूत भएर ओहोदाको प्रमाणपत्र स्वीकार गरेपछि तत्कालीन अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनले दिएको भाषणमा भनिएको थियो- "तपाईं जस्तो ख्यातिप्राप्त

[३२] ऐजन

[३३] ऐजन ।

[३४] ऐजन, पृष्ठ ६४ ।

[३५] ऐजन, पृष्ठ १५९ ।

[३६] ऐजन, पृष्ठ १८५ ।

[३७] डा.राजेश गौतमबाट प्राप्त जानकारी ।

र उच्च सम्मान प्राप्त व्यक्ति श्री ५ बाट यस मुलुकका लागि राजदूत नियुक्त हुनु भएकोमा संयुक्त राज्य अमेरिका नै सम्मानित भएको छ ।"[३८]

खनाल २०४१ सालमा परराष्ट्र मन्त्रालयका सल्लाहकारमा नियुक्त भए । त्यसैगरी देशमा आएको परिवर्तन पश्चात् २०४७ सालमा अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईका पालामा पनि उनी परराष्ट्र सल्लाहकार भए ।[३९] एसियाका दुई पृथक् राजनीति सिद्धान्त भएका विशाल छिमेकी मुलुक चीन र भारतमा समेत सफल कूटनीतिक दायित्व पूरा गरेका खनाल नेपालको सन्दर्भमा अत्यन्त महत्त्व राख्ने भारत, चीन र अमेरिकाका लागि शाही नेपाली राजदूत हुने पहिला नेपाली हुन् । कूटनीतिक क्षेत्रमा नेपालीका गुरु एवम् साउथब्लक परराष्ट्र मामिलाका पण्डितहरूद्वारा समेत विशेष सम्मान प्राप्त गरेका खनाल नेपाल भारत सम्बन्धका अति सूक्ष्म पहलहरूदेखि आधुनिक विश्वकूटनीतिका गहन ज्ञाता भएको देखिन्छ । खनाललाई नजिकबाट चिन्नेहरूले भन्ने गरेका छन्-"उनी आफ्नो विश्वास विवेकमा अडान लिने अत्यन्तै बिरल नेपालीहरूको श्रेणीमा पर्दछन् ।" सरल र सहृदयी यदुनाथ खनालले आधा शताब्दीसम्म राष्ट्र सेवाका विभिन्न पदहरूमा रहेर काम गर्दा उनको आलोचना गर्नेहरू भेट्टाउन सायद सम्भव छैन ।[४०] चर्चाबाट टाढै रहेर लो प्रोफाइलमा रहन रुचाउनु खनालको नैतिक विशेषता हो ।[४१]

### ३.३.२.४ प्रशासनिक व्यक्तित्व

नेपालको प्रजातान्त्रिक आन्दोलनमा अग्रणी भूमिका खेल्ने नेपाल प्रजापरिषद्का नेता टङ्कप्रसाद आचार्यको प्रधानमन्त्रित्वमा २०१२ साल माघ १३ गते सरकार गठन भयो ।[४२] प्रधानमन्त्री सचिवालयको प्रमुख स्वकीय सचिवमा नियुक्त भएपछि निजामती सेवामा खनालको प्रवेश भएको देखिन्छ । लामो समयसम्म देशको प्रशासनिक सेवामा

[३८] जयराज आचार्य, पूर्ववत्, पृष्ठ ५९ ।

[३९] जयराज आचार्यबाट प्राप्त जानकारी ।

[४०] ऐजन ।

[४१] राजेश गौतम बाट प्राप्त जानकारी ।

[४२] जयाराज आचार्य, पूर्ववत्, पृष्ठ ३५ ।

रहेर महत्त्वपूर्ण दायित्व निर्वाह गरेका खनाल योग्य र सक्षम प्रशासकका रूपमा परिचित भएको पाइन्छ ।[४३]

केही समयसम्म प्रधानमन्त्रीको स्वकीय सचिव भएपछि खनाल २०१३ तिर गृहसचिवमा नियुक्त भए । २०१४ पौष २३ गते योजना मण्डलको सदस्यमा श्री ५ बाट नियुक्त खनाल २०१७ मा परराष्ट्र मन्त्रालयको सचिवमा नियुक्त भए । परराष्ट्र मन्त्रालय संगसंगै यातायात र संञ्चार मन्त्रालयको सचिवमा पनि नियुक्त भए । २०२४ मा पुनः परराष्ट्र सचिवमा खनाललाई श्री ५ को सरकारले नियुक्त गऱ्यो ।[४४] खनालले २०३२-२०३५ सम्म लोकसेवा आयोगको अध्यक्षका रूपमा कार्य गरे ।[४५]

यदुनाथ खनाललाई प्रशासनिक क्षेत्रमा पनि निष्पक्षता र निरपेक्षताको उदाहरणका रूपमा लिन सकिन्छ । नेपालका पाँचसात जना प्रशासनविद्हरूमध्ये खनाल पनि पर्दछन् ।[४६] नेपालको प्रशासन क्षेत्रमा प्रशासनविद् खनालको अमिट र अतुलनीय योगदान रहेको पाइन्छ । आफ्नो कर्तव्य र दायित्व पूरा गर्ने क्रममा खनालको सार्वजनिक आलोचना कहीँ कसैबाट पनि सुन्नु परेन । कसैलाई पनि पक्षपात नगर्ने र अति कर्तव्यनिष्ठ प्रशासक खनालको परिचय हो ।[४७] जीवनमा उच्च पदको जिम्मेवारी वहन गर्ने क्रममा कतिपय नियुक्ति रेडियोबाट समाचार सुनेपछि मात्र म यो ठाउँमा पुगेछु भन्ने यदुनाथ खनालले देशको उन्नति तथा युवाहरूको जोस, जाँगर एवम् नैतिक र बौद्धिकस्तर वढ्दै गइदिए बडो सन्तोष मिल्नेछ भन्दै आफ्नो प्रौढ अनुभव र विचार प्रस्तुत गरेको पाइन्छ ।

### ३.३.२.५ समाजसेवी व्यक्तित्व

मुलुकको विकास संरचनामा ख्यातिप्राप्त व्यक्तित्वको रूपमा श्री ५ वीरेन्द्रबाट पटकपटक राष्ट्रिय विकास परिषद्को सदस्यमा मनोनित खनालको समाजसेवामा पनि

---

[४३] ऐजन ।

[४४] जयराज आचार्यबाट प्राप्त जानकारी ।

[४५] जयाराज आचार्य, पूर्ववत्, पृष्ठ १७७ ।

[४६] डिल्लीराम मिश्र, पूर्ववत, पृष्ठ ३३९ ।

[४७] डा. राजेश गौतम वाट प्राप्त जानकारी

गहिरो अभिरुचि भएको देखिन्छ । मित्रराष्ट्र चीन सरकारले काठमाडौँ र पोखरा दुई ठूला उपत्यकालाई नजिक बनाउने उद्देश्यले पृथ्वीराजमार्गको निर्माण सर्वेक्षण प्रारम्भ गरेको थियो । पृथ्वीराजमार्गको निर्माण राष्ट्रिय हित र आवश्यकताको पक्षमा हुनुपर्दछ भन्दै खनालले लिखित रूपमा आफ्नो अमूल्य सुझाउ प्रस्तुत गरेका थिए । अन्ततः पृथ्वीराजमार्ग निर्माण हुने भएपछि निर्माणको प्रारम्भ बिन्दु नौबीसे र अन्तिम बिन्दु पोखराबाट एकैसाथ कार्य आरम्भ गरिएको थियो । नौबीसेतर्फको निर्माण कार्यको सुपरभिजन सचिवस्तरबाट खनालले गरेका थिए । पृथ्वीराजमार्गलाई अहिलेकै प्रारूपमा देख्न पाउनु खनालको महत्वपूर्ण सुझावकै परिणाम हो । सामाजिक सेवामा खनालको संग्लनता निकै रुचिपूर्ण थियो ।[४८] वि.सं. २०२५ सालमा यदुनाथको आफ्नै गृहजिल्ला तनहुँको सदरमुकाम बन्दीपुरबाट दमौली सरेपछि सरकारी भवन बनाउने सिलसिलामा केही हदसम्म जनश्रमदान परिचालन गरिएको थियो ।[४९] त्यस बखत खनालले पनि अरू सरह डोकोमा नाम्लो लगाएर चारपाँच खेप ढुङ्गा बोकेको जानकारी पाइन्छ । त्यतिबेला खनाल सचिव तथा राजदूत भइसकेका थिए । त्यसैगरी परोपकार संस्थामा यदुनाथ खनालको संग्लनता भएको देखिन्छ ।[५०] यसैगरी खनाल गाउँ सेवा कोषमा पनि केही समय  अध्यक्षको पदमा रहेर काम गरेको पाइन्छ ।[५१]

## ३.४ धार्मिक व्यक्तित्व

यदुनाथ खनाल हिन्दू धर्मावलम्बी हुन् । उनी धर्म र ईश्वरप्रति सकारात्मक थिए तर यससम्बन्धी विद्यमान आमधारणा भन्दा उनको धारणा अलि पृथक देखिन्छ ।[५२]  उनको विचारमा " आगोको पोल्ने धर्म भए झै मान्छेमा मनुष्यता हुनु धर्म हो ।" अझ भनौं शाश्वत, सार्वभौम, उच्चतम मानवीय मूल्य नै धर्म हो जसलाई धारण गरेपछि मान्छे मान्छे भएर बाँच्न सक्छ ।[५३] धर्ममा भएका सम्पूर्ण कुरा मान्नै पर्छ

[४८] डिल्लीराम मिश्र, पूर्ववत्, पृष्ठ ३३९ ।

[४९] ऐजन ।

[५०] डिल्लीराम मिश्रबाट प्राप्त जानकारी ।

[५१] ऐजन ।

[५२] डा. राजेश गौतमबाट प्राप्त जानकारी ।

[५३] ऐजन ।

भन्ने उनको मान्यता पाइँदैन ।[५४] उनी धर्ममा भएका असल कुराहरूलाई ग्रहण गर्ने र समयसापेक्ष नभएका असल अमानवीय प्रसङ्गलाई परिमार्जन गर्नुपर्ने मान्यता राख्दछन् ।

## ३.५ जीवनी, व्यक्तित्व र लेखनका बीच अन्तः सम्बन्ध

यदुनाथ खनालको साहित्यक लेखनमा उनको जीवनभोगाई, पारिवारिक वातावरण तथा अध्ययनअध्यापन कार्यको पनि महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । यसले उनको व्यक्तित्वनिर्माणमा समेत ठूलो सघाउ पुऱ्याएको छ । सानैदेखि आफ्नै पिताजीबाट विभिन्न धार्मिक ग्रन्थहरूको अध्ययन गर्ने वातावरण पाएका यदुनाथ खनाललाई संस्कृतमा मध्यमा, अङ्ग्रेजी साहित्यमा एम.ए.को अध्ययनले पनि साहित्य साधनाका लागि ठूलो प्रेरणा जगाएको पाइन्छ ।आफ्नो अध्ययन पूरा गरिसकेपछि अध्यापन कार्यमा प्रवेश गरेका यदुनाथ खनाल अध्यापनका सिलसिलामा विभिन्न साहित्यिक कृतिहरूको व्याख्या विश्लेषण गर्ने सन्दर्भमा विभिन्न समालोचनात्मक रचनाहरू, कविता तथा निबन्धहरू विविध पुस्तक तथा पत्रपत्रिकाहरूमा प्रकाशित गर्दै नेपाली साहित्यमा एक सफल समालोचक तथा साहित्यकारका रुपमा परिचित हुन पुगेका छन् ।

साहित्यकारले जे मन लाग्यो त्यही लेख्नुहुदैन, साहित्यको काम मनोरञ्जन दिने मात्र नभई समाजलाई उन्नत स्तरमा उकास्न मद्दत पुऱ्याउनु पनि हो भन्ने मान्यता राख्ने खनालका दृष्टिकोणले नीतिवादी चेतनालाई उजागर गर्दछन् । यदुनाथ खनालको जीवन उच्च शिक्षाको प्राप्ति, अध्ययन, शिक्षण सेवा, कूटनीतिक सेवा, प्रशासनिक सेवा आदिद्वारा उज्यालिएको छ । त्यसैले उनमा पठनपाठन तथा लेखन दुवैको सामञ्जस्य हुन पुगेको छ । यस अन्तः सम्बन्धले उनका उकृष्ट कृतिहरू आएका हुन् भन्ने सहजै अनुमान गर्न सकिन्छ ।

[५४] उदयराज खनालबाट प्रापत जानकारी ।

# चौथो परिच्छेद

# यदुनाथ खनालको साहित्ययात्रा र तिनका चरणगत प्रवृत्ति

## ४.१ यदुनाथ खनालको साहित्यिक यात्रा

विद्यार्थी जीवनदेखि नै विभिन्न साहित्यिक गतिविधिमा सहभागी हुन उत्सुकता देखाउने यदुनाथ खनालले १९९८ मा **'शारदा'** पत्रिकामा **'बाटोबिलायो'** नामक निबन्ध लिएर सर्वप्रथम नेपाली साहित्याकाशमा देखापरेका हुन् ।[1] खनालले आफ्नो जीवनको अन्तसम्म अनवरत रूपमा साहित्य साधना गरेको पाइन्छ । उनको साहित्य साधनो लामो समयसम्म रहेको देखिन्छ । प्राध्यापन, प्रशासक, कूटनीतिक कार्यमा संलग्न रहँदै आए पनि साहित्यिक कृतिहरूको रचनातर्फ पनि खनालको निरन्तरता उल्लेखनीय छ । निबन्ध विधाबाट आफ्नो औपचारिक लेखन प्रारम्भ गरी नेपाली साहित्यको समालोचना, निबन्ध, संस्कृतका कविता तथा अङ्ग्रेजी भाषामा लेखिएका विभिन्न समालोचना जस्ता विविध विधामा कलम चलाएका खनाल नेपाली साहित्य फाँटका कुशल तथा सफल समालोचक व्यक्तित्वका रूपमा स्थापित हुन पुगेका छन् । वस्तुतः साहित्य साधनाको यति लामो अवधि पार गरिसकेका खनालको साहित्यिक मोड वा चरणको निर्क्यौल गरी सीमाङ्कन, विवेचना र विश्लेषण गर्नु उनको साहित्ययात्राको निरूपण गर्नु हो ।

## ४.२ चरण विभाजनका आधार

कुनै पनि साहित्यकारको लामो साहित्यिक यात्रामा विभिन्न मोड र घुम्तीहरू आउँछन् । यस्ता मोडहरूले सम्बन्धित लेखकका रचनात्मक दृष्टिकोण र प्रवृत्तिमै पनि नौलो आयाम ल्याएका हुन्छन् । यस्ता मोडले साहित्यकारको रचनात्मक दृष्टिकोणमा ल्याएको अन्तर र मोड परिवर्तनका आधारभूत कारणसँग विभिन्न समयावधिमा

---

[1] जयराज आचार्य, पूर्ववत्, पृष्ठ १६ ।

लेखिएका कृतिहरूको अन्तरसम्बन्ध नकेलाई कुनै पनि स्रष्टाको उचित मूल्याङ्कन हुन सक्दैन ।

साहित्य यात्रामा विभिन्न घुम्ती र मोडहरू देखापर्नाका विविध कारण हुन सक्छन् । जीवनको आरम्भिक  साहित्यिक यात्रा र प्रौढावस्ताको साहित्यिक यात्रामा प्रायः परिवर्तन देखिने गर्दछ । यसरी परिवर्तन हुनमा समय, परिस्थिति, सामाजिक अवस्था, राजनैतिक अवस्था, उमेरको परिवर्तनको परिपक्वता र अध्ययनको गहनता जस्ता कारणहरूले ठूलो प्रभाव पारेका हुन्छन् । यसैले कुनै पनि स्रष्टाको सिङ्गो व्यक्तित्वबारे अध्ययन गर्दा यी साहित्यकारका साहित्ययात्रामा चरण विभाजनको औचित्य छ भन्ने कुरा स्पष्ट हुन्छ ।

कुनै पनि साहित्यकारको साहित्ययात्रालाई विभाजन गर्ने केही खास आधार रहेका हुन्छन् । खास गरी साहित्यकारको साहित्य लेखनको इतिहासमा देखा परेका विभिन्न साहित्यिक रचनाका प्रवृत्तिगत परिवर्तन, साहित्यिक रचनाहरूका परिमाण र गुणस्तर, साहित्यिक धारागत प्रवृत्तिको अन्तर्विकास र साहित्यिक रचना वा कृतिगत सङ्ग्रहरूको प्रकाशन आधार लिएर उसको साहित्ययात्राको चरण विभाजन गरिन्छ ।

## ४.३ चरण विभाजन

यदुनाथ खनालको लामो साहित्य साधनाको यात्रामा विभिन्न घुम्तीहरू देखा-पर्दछन् । साहित्य लेखनको थालनी, पुस्तककार कृतिहरूको प्रकाशन तथा साहित्य साधनाका क्रममा देखापरेका प्रवृत्तिगत अन्तर्विकासका प्रक्रियाले नै उनको लामो साहित्ययात्राका विभिन्न चरण रहेका कुराको सङ्केत दिन्छन् । यसरी हेर्दा खनालको लामो साहित्ययात्रालाई मूलतः तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । ती तीन चरणहरू यसप्रकार रहेका छन् :

क) प्रथम चरण : प्रारम्भदेखि २००२ ।

ख) द्वितीय चरण: २००३–२०३४ ।

ग) तृतीय चरण: २०३४–२०६१ ।

### ४.३.१ प्रथम चरण :  (प्रारम्भदेखि २००२ सम्म)

यदुनाथ खनालको साहित्ययात्राको पहिलो यात्रा अवधि सुरुदेखि २००२ सम्म हो । यो चरण उनको प्रारम्भिक लेखनको चरण हो । खनालले यस चरणमा आफ्नो साहित्ययात्राको  मुख्य पहिचान फुटकर लेखरचनाहरूको प्रकाशनबाट  निरन्तरता दिएको  देखिन्छ । खनालले वि.स. १९८२ मा प्रथम पटक एउटा सानो संस्कृत पद्यबाट लेखन आरम्भ गरेको पाइन्छ । यो  पद्य आफ्ना बाबुलाई आफूले विवाह नगर्ने भन्दै निवेदन स्वरूप लेखेका थिए । उनको प्रथम कविताको उपलब्ध एक हरफ "**दोषस्तिष्ठति मद्देहे विवाहं न करोम्यहम्**"[२] हो । यस हरफलाई हेर्दा यदुनाथ खनालमा संस्कृत भाषाको ज्ञान सानैमा भएको थाहा हुन्छ । वि. सं. १९९३ मा त्रिचन्द्र कलेजमा कलेजस्तरको प्रतियोगितात्मक निबन्ध प्रतियोगिता भएको थियो । यस निबन्ध प्रतियोगिताका परीक्षक महाकवि लक्ष्मीप्रसाद देवकोटा थिए । उक्त प्रतियोगितामा खनाललगायतका बोधविक्रम अधिकारी, खड्गमान सिंह,  सुरेन्द्रबहादुर शाह, रामप्रसाद तण्डुकार, गोपालप्रसाद रिमाल, सामदेव पाँडे, रामप्रसाद जोशी तथा  तीर्थनाथ अधिकारीसमेत सहभागी थिए । निबन्ध प्रतियोगिताको शीर्षक **'समुद्र र आकाश'** थियो । उक्त निबन्ध प्रतियोगितामा यदुनाथ खनाल सर्वप्रथम  भए ।[३] यस बाट के प्रष्ट हुन्छ भने खनालको यस चरणमा निबन्ध विधामा पनि कलम चलेको पाइन्छ । वि.स. १९९८ मा **'बाटोबिलायो'** शीर्षकको निबन्ध **शारदा** पत्रिकामा प्रथम  पटक प्रकाशित भयो । [४] यो निबन्ध खनालको प्रथम पटक प्रकाशित रचना हो ।  यसबाहेक यस चरणमा खनालका अन्य कुनै पनि साहित्यिक रचनाहरू प्रकाशन भएको पाइँदैन । विधागत दृष्टिले उनको यस चरणमा खासगरी निबन्ध तथा केही संस्कृत  भाषामा लेखिएका कविता पाइन्छन् । यो चरण खनालको प्रारम्भिक चरण भएकाले कुनै पनि

---

[२] ऐजन पृष्ठ ९ ।

[३] डिल्लीराम मिश्र,पूर्ववत्, पृष्ठ २३५ ।

[४] जयराज आचार्य, पूर्ववत्, पृष्ठ १६ ।

कृतिहरू प्रकाशित भएको पाइँदैन । त्यसकारण यस चरणमा उनको निबन्ध प्रकाशित भएकाले निबन्धकारका रूपमा नै ज्यादा प्रसिद्ध भएका देखिन्छन् ।

### ४.३.२ द्वितीय चरणः (२००३–२०३४)

खनालको यो चरण पुस्तकाकार कृतिहरूको प्रकाशनको चरण हो । कुनै पनि साहित्यकार लामो समयसम्म साधनारत रहिरहँदा उसको गहन परिमाणात्मक तथा प्रवृत्तिगत मूल्यहरूमा समेत परिवर्तन आउने गर्दछ । यस्ता परिवर्तनका आधारमा नै जुनसुकै स्रष्टाका साहित्ययात्राको चरण विभाजन गर्न सकिन्छ । यदुनाथ खनालको प्रथम चरण फुटकर लेखन तथा प्रकाशनमै सीमित रहेको देखिन्छ भने वि.स. २००३ बाट उनका पुस्तककार कृतिहरू प्रकाशित हुन थाल्दन् ।[५] खनालको पहिलो कृति '**समालोचनाको सिद्धान्त**' (२००३) मा प्रकाशित भएको पाइन्छ । यस चरणमा खनालको गुणात्मकता र परिमाणात्मकताका दुवै दृष्टिले उर्वर मान्न सकिन्छ । अन्य कृतिहरूमा '**सूक्तिसंचय**' (संस्कृत भाषामा लेखिएको २०३२), **साहित्यिक चर्चा** (समालोचनात्मक लेखहरूको सङ्ग्रहः २०३४) रहेका छन् । उनले यस चरणमा कलम चलाएको मुख्य विधा समालोचना हो । यस चरणले नै उनलाई नेपाली समालोचनाका क्षेत्रमा समालोचकका रूपमा चिनायो । यस चरणमा खनालका उपर्युक्त पुस्तककार कृतिका साथसाथै थुप्रै समालोचनात्मक लेख, रचना, निबन्ध तथा मन्तव्यहरू प्रकाशित भएका छन् । यस चरणमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित लेखरचनाहरू निम्न लिखित छन् :-

१. उमरखैयामका विशेषताहरू -फणिन्द्रप्रसाद आचार्य (अनुवादक) -मन्तव्य
२. प्रभात वर्णन - अनुवाद
३. कठोरता - निबन्ध
४. नारीजीवन - निबन्ध
५. देवकोटा र शाकुन्तलः एक विचरण - समालोचना

[५] जयराज आचार्यबाट प्राप्त जानकारी ।

६. नेपाली साहित्यमा चिन्तनको बटुलबाटुल - समालोचना

७. माधव घिमिरेका कविताको सानो परिक्रमा – समालोचना

प्रथम चरणमा निबन्ध र संस्कृतका केही कविता लेखेका खनाल यस चरणमा आइपुग्दा एक प्रखर समालोचकका रूपमा देखापर्दछन् साथै उनले निबन्ध, अनुवाद तथा संस्कृत कविताका क्षेत्रमा समेत कलम चलाएको पाइन्छ । यसरी कविताबाट लेखनको आरम्भ गर्ने खनालले गद्यविधातर्फ कलम चलाएर समालोचना, निबन्ध तथा अनुवादका क्षेत्रमा यस चरणमा आइपुग्दा ठूलो योगदान गरेको देखिन्छ । उनले कलम चलाएका बिषयमा मुख्य क्षेत्रचाँहि समालोचना नै भएको स्पष्ट हुन्छ । समालोचना-तर्फ पनि प्रथम चरणमा नभएर यस चरणमा आइपुग्दा गहनता र परिपक्वता देखिन्छ ।

### ४.३.३ तृतीय चरणः (२०३४–२०६१)

यस चरणमा खनालको **भामिनीविलास** (संस्कृतबाट नेपाली अनुवादः २०५५) प्रकाशित भएको छ । यस चरणमा खनालका उपर्युक्त पुस्तककार कृतिका साथसाथै केही समालोचनात्मक लेख, रचना, निबन्ध तथा मन्तव्यहरू पनि प्रकाशित भएका छन् । यस चरणमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित लेखरचनाहरू निम्नलिखित छन् :

१. त्यसबखतको नेपाल- भीमवहादुर पाँडे - मन्तव्य

२. स्वावलम्वन एक अनुभव - निबन्ध

३. मृगस्थली निबन्धसङ्ग्रह - दुर्गाप्रसाद भण्डारी (ले) - मन्तव्य

४. भानुभक्त र नेपाली भाषा - समालोचनात्मक भाषण (सङ्कलन जयराज आचार्य)

५. काव्यको अध्ययन - समालोचनात्मक भाषण (सङ्कलन जयराज आचार्य)

६. उपमा, रूपक, प्रतीक र समाधिक सपना - समालोचना

७. सिर्जना सम्प्रेषण र समालोचना - समालोचना

८. जनताले आघात माया र ममता देखाए (वीरेन्द्र सम्झना र स्मृति) - लेख

प्रथम चरणमा निबन्ध र संस्कृतका केही कविता लेखेका खनाल दोस्रो चरणमा आइपुग्दा एक प्रखर समालोचक र तेस्रो चरणमा उनले आफ्ना साहित्यिक लेखनमा निबन्ध, अनुवाद तथा संस्कृत  कविताका क्षेत्रमा समेत प्रशस्त कलम चलाएको देखिन्छ । यसरी कविताबाट लेखनको आरम्भ गर्ने खनालले  गद्यविद्यातर्फ प्रशस्त कलम चलाएर समालोचना, निबन्ध तथा अनुवादका क्षेत्रमा ठूलो योगदान  गरेको देखिन्छ । त्यसमा पनि कविता कम छन् । उनले कलम चलाएका बिषयमा मुख्य क्षेत्र चाहिँ समालोचनानै भएको स्पष्ट हुन्छ ।

संस्कृत, अङ्ग्रेजी र नेपाली गरी तीन भाषामा कलम चलाउन सक्ने पूर्वीय एवम् पाश्चात्य दुवै साहित्यका पकाण्ड विद्वान्  यदुनाथ खनाल हुन् । उनको लेखनलाई केलाउँदा मूलरूपमा निम्नलिखित प्रवृत्ति देखिन्छन् :

१. संस्कृत, अग्रेजी नेपाली भाषाका ज्ञाता
२. सिद्धान्तमा जोड दिने
३. व्यावहारिकता
४. नीतिवादिता
५. तुलनात्मकता
६. व्याख्यात्मकता
७. अभिव्यक्तिगत स्तरीयता
८. विश्लेषणात्मकता
९. निर्णयात्मकता

# पाँचौं परिच्छेद

# यदुनाथ खनालका कृतित्वको अध्ययन

## ५.१ पृष्ठभूमि

यदुनाथ खनाल वि.स. १९९८ पछि औपचारिक रूपमा साहित्यका क्षेत्रमा प्रवेश गरी आफ्नो जीवनको अन्तिम समयसम्म समालोचना, निबन्ध, कविता, अनुवादजस्ता विविध विद्यामा अनवरत  रूपमा कलम चलाउँदै आएका कुराको चर्चा प्रायः अगाडिका परिच्छेदमा गरिसकिएको छ । खनालले साधना गरेका सम्पूर्ण विधाहरूको अध्ययन गर्दा उनी समालोचनाका क्षेत्रमा बढी संलग्न रहेको र उनले त्यसै क्षेत्रमा शीर्षस्थ स्थान हासिल गर्न सकेको देखिन्छ । यिनको समालोचना विधा निकै उर्वर रहेको हुनाले पनि खनाललाई नेपाली साहित्य फाँटमा सफल समालोचकमा रूपमा लिइन्छ ।

## ५.२ समालोचनाको सैद्धान्तिक परिचय

समालोचनाको प्रारूप धेरै अगाडिदेखि पाइए पनि यसले सैद्धान्तिक स्वरूप पछि आएर मात्र प्राप्त गरेको हो र यो साहित्यका विधाहरूमध्ये अपेक्षाकृत नयाँ विधा हो । सृजनात्मक साहित्यको केही विकास भएपछि मात्र यसको विकास भएको हो । त्यसैले समालोचना सृजनात्मक साहित्यको अनुवर्ती हुन्छ र त्यसको पारख गर्ने कसिका रूपमा देखा पर्छ । सिर्जनात्मक साहित्यको व्याख्या-विवेचना गरेर, गुण दोषलाई केलाएर एवम् त्यसका मूल्य र महत्त्वलाई स्पष्ट पारेर कृतिलाई बोधगम्य एवम् आस्वाद्य बनाउनका साथै कृति एवम् कृतिकारको मूल्याङ्कन समेत समालोचनाले गर्छ ।[1] संस्कृतमा राजशेखरको काव्य मीमांसाबाट यसको सूत्रपात भएको देखिन्छ भने पश्चिममा इशापूर्व पाँचौं शताब्दीदेखि युनानका एरिस्तोफेनस, सोक्रेटस, एरिस्टोटल

---

[1] घनश्याम कँडेल, पूर्ववत्,पृष्ठ क ।

जस्ता विचारकहरूबाट समालोचनाको प्रारम्भ भएको पाइन्छ ।[२] समालोचना भनेको साहित्यकार र पाठकबीचको एउटा शृङखला हो, जसमध्ये स्वीकृत साहित्य सिद्धान्तका आधारमा साहित्यिक रचनाका गुण, दोष, विशेषता, कमजोरी तथा उपयोगिताहरू केलाएर पाठक समक्ष राखिदिने काम गर्दछ ।[३]

कृष्णचन्द्रसिंह प्रधानका अनुसार "समालोचनालाई साहित्यको सैद्धान्तिक निरुपण तथा मूल्यान्वेषण हो भन्न सकिन्छ । यसमा कल्पनाको भन्दा यथार्थको, भावुकताको भन्दा तर्कको, हृदयताको भन्दा मष्तिकको आवश्यकता रहेको देखिन्छ । सत्य-असत्य, न्याय, अन्याय, औचित्य, अनौचित्य, गुण-दोष आदिको निरूपण गर्नु नै समालोचना हो ।"[४]

नेपाली बृहत् शब्दकोशका अनुसार "कुनै पनि विषयवस्तु वा तथ्यको राम्रो-नराम्रो पक्षको मूल्याङ्कन निष्पक्ष ढङ्गले गर्ने र कुनै पनि साहित्यकारका विशेषता वा साहित्यिक कृतिहरूको गुण दोषको बस्तुगत विवेचना गर्नु समालोचना हो ।"[५]

यदुनाथ खनालका अनुसार "पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीका बारेमा अरू विशेष कुरा जान्नु, उसको मूल, मुख खोज्नु समालोचना हो ।"६

रविलाल अधिकारीका अनुसार "कुनै पनि कुरालाई राम्रो-नराम्रो असल खराब, लाभदायक वा हानिकारक आदि भनेर छानविन गर्नु"[७] समालोचना हो ।

घनश्याम कँडेलका अनुसार "वास्तवमा समालोचना एकतर्फ साहित्यकारका कृतिको सहृदय पूर्वक गरिने व्याख्या र पूर्वाग्रहविहीन भएर त्यसबारे गरिने निर्णय हो

---

[२] कृष्णचन्द्रसिंह प्रधान(संम्पा.), **साझासमालोचना** (पाँ.सं.), काठमाडौँः साझा प्रकाशन,२०५८,पृष्ठ ७ ।

[३] घटराज भट्टराई (सम्पा.), **स्नातकोत्तर नेपाली समालोचना**, काठमाडौँः पैरवी प्रकाशन, २०५९, पृष्ठ १ ।

[४] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृष्ठ २१ ।

[५] वासुदेव त्रिपाठी र अन्य (सम्पादक), **नेपाली बृहत शब्दकोश**, दो.सं., काठमाडौँः ने रा.प्र.प्र, २०५०, पृष्ठ १३०७ ।

[६] यदुनाथ खनाल, **समालोचनाको सिद्धान्त**, काठमाडौँः साझा प्रकाशन,२०४९, पृष्ठ ३ ।

[७] रविलाल अधिकारी, **नेपाली समालोचनाको रूपरेखा**, पोखराः लेकाली प्रकाशन,२०५१, पृष्ठ ८ ।

भने अर्कातर्फ कृतिका जङ्गलभित्र प्रवेश गर्ने क्रममा पाठकको मार्ग निर्देशक पनि हो ।"[८]

## ५.३ नेपाली समालोचनामा यदुनाथ खनालको आगमन

विश्वसाहित्यकै इतिहासलाई नियालेर हेर्दा साहित्यका अन्य विधाको तुलनामा समालोचनाको विकास धेरैपछि मात्र भएको देखिन्छ । नेपाली साहित्यको इतिहासमा पनि समालोचनाको इतिहास अन्य विधाको तुलनामा ज्यादै छोटो छ । हुनत, नेपाली समालोचनाको सुरुवात नेपाली भाषाको प्रयोग र विकाससँगै भयो होला । आफूलाई राम्रो नराम्रो के अनुभव भएको छ, त्यसको प्रतिक्रिया व्यक्त गर्ने टिप्पणी नै प्रारम्भिक समालोचना थियो होला, जहाँसम्म नेपाली साहित्यमा समालोचनाको सुरूवातको प्रश्न छ, त्यसको सुरूवात मोतीराम भट्टद्वारा लिखित '**कवि भानुभक्त आचार्यको जीवन चरित्र**' (१९४८) नामक पुस्तकबाट भएको हो । यो मूलतः जीवनीपरक कृति हो, तापनि यसमा आलोच्य कवि र काव्यको विवेचना पनि गरिएको प्रभाववादी आलोचनाका केही टड्कारा झिल्काहरू देखा पर्दछन् ।[९]

मोतीराम भट्टले सुरू गरेको समालोचना पद्धतिलाई अगाडि बढाउने काम शम्भुप्रसाद ढुङ्ग्याल, सूर्यविक्रम ज्ञवाली, नरदेव पाण्डे, आदिले गर्दछन् । यसरी क्रमशः अगाडि बढिरहेको नेपाली समालोचना पद्धतिमा रामकृष्ण शर्माको '**अङ्ग्रेजी साहित्यको प्रभाव**' नामक समालोचनात्मक लेखको प्रकाशनपश्चात् नेपालीमा वास्तविक पहिचान हुन्छ ।[१०] । नेपाली समालोचनामा पाश्चात्य प्रभावलाई भित्र्याउने, केही मात्रामा प्रभाववादी भएपनि आफ्ना भनाइलाई तार्किक-बौद्धिक रूपमा प्रस्तुत गर्ने, साहित्यिक कृति र कृतिकारका गुणदोषमध्ये विशेष गरेर दोषलाई देखाउने र निर्भीक भएर निर्णय दिने स्पष्टवादी समालोचकको रूपमा उनको प्रसिद्धि छ ।[११] यसै पृष्ठभूमिमा आधुनिक नेपाली समालोचनाका फाँटका अर्का आधारस्तम्भका रूपमा यदुनाथ खनाल देखा

---

[८] घनश्याम कँडेल, पूर्ववत्, पृष्ठ, ग ।

[९] दयाराम श्रेष्ठ र मोहनराज शर्मा,**नेपाली साहित्यको संक्षिप्त इतिहास**,चौ.सं,काठमाडौँ: साझा प्रकाशन,२०४९,पृष्ठ १६६।

[१०] ऐजन, पृष्ठ १६९ ।

[११] घनश्याम कँडेल, पूर्ववत्, पृष्ठ, क ।

पर्दछन् । खनाल आधुनिक समालोचनाका प्रवर्तक मानिन्छन् । समालोचनासम्बन्धी आफ्ना विशेष मान्यतासहित यदुनाथ खनाल यस क्षेत्रमा देखा परेका हुन् ।

यदुनाथ खनालको प्रथम प्रकाशित समालोचनात्मक कृति **समालोचनाको सिद्धान्त** (२००३) हो । **समालोचनाको सिद्धान्त** नेपाली साहित्यको प्रथम सैद्धान्तिक समालोचना विषयको कृति हो भने खनाल नेपाली समालोचनाका पहिला सैद्धान्तिक समालोचक हुन् । वि.सं. २००३ मा उनको 'समालोचनाको सिद्धान्त' निष्कनुपूर्व नेपाली समालोचनासम्बन्धी कुनै पनि लक्षणग्रन्थ निस्किएको थिएन ।[१२] त्यसकारण 'समालोचनाको सिद्धान्त'लाई नै पहिलो समालोचनात्मक लक्षणग्रन्थ मान्नु पर्ने हुन्छ । यो समालोचनाको मानक ग्रन्थ बनेर पूर्वीय र पश्चिमी मान्यतालाई समेटी लेखिएको पहिलो लक्षण ग्रन्थ पनि हो ।[१३] विभिन्न कविहरूबारे समालोचना लेख्नुभन्दा पहिले आवश्यक सिद्धान्त खडा गर्ने उद्देश्यले लेखिएको 'समालोचनाको सिद्धान्त' मा पूर्वीय तथा पाश्चात्य समालोचनाका मूलभूत मान्यतालाई समेट्ने प्रयास गरिएको छ ।[१४] खनालले कविकृतिको समालोचना गर्नुभन्दा पहिले समालोचनाका सिद्धान्तहरूको खाँचो देखे, त्यसैले पूर्वीय र पाश्चात्य दृष्टिकोणको तुलनात्मक विवेचना गरी यस सम्बन्धी सिद्धान्त प्रस्तुत गरेर नेपाली माध्यामबाटै समालोचनाका सिद्धान्तबाट परिचित हुन र यसलाई प्रोत्साहित गर्न उक्तकार्य निकै साहायक हुन पुग्यो ।[१५] खनालको पहिलो पुस्तककार कृति 'समालोचनाको सिद्धान्त' प्रकाशमा आएपछि साहित्यका प्रखर र आधिकारिक चिन्तकका रूपमा स्थापित भए । कुनै पनि विषयमा राम्रो अधययन गरेर ढिलो कलम चलाउने[१६] खनालको २०३४ सालमा '**साहित्यिक चर्चा**' नामक अर्को पुस्तक प्रकाशित भयो । यस पुस्तकमा विभिन्न समयमा पत्रपत्रिकामा छापिएका समालोचनाहरूलाई समेटिएको छ । यस पुस्तकमा दुई थरीका समालोचनाहरू छन्- एकथरी मूल रूपमा नै नेपालीमा लेखिएका र अर्काथरी पहिले अङ्ग्रेजीमा लेखेर पछि

[१२] रविलाल अधिकारी, पूर्ववत्, पृष्ठ ७७ ।

[१३] ऐजन, पृष्ठ ७७ ।

[१४] घनश्याम कँडेल, पूर्ववत,पृष्ठ ९ ।

[१५] कृष्णचन्द्र सिंह प्रधान ,पूर्वतत्, पृष्ठ १३ ।

[१६] रविलाल अधिकारी, पूर्ववत् ,पृष्ठ ७७ ।

नेपालीमा उल्था गरिएका यस पुस्तकमा सङ्कलित सबै लेखहरू बौद्धिक एवम् वैचारिक दृष्टिले निकै गहकिला छन् । तिनमा साहित्यका विभिन्न स्रष्टा एवम् तिनका सृजनामा पाइने प्रवृत्तिगत विशेषताबारे विचारोत्तेजक चर्चा गरिएको छ ।[१७] यी समालोचनात्मक पुस्तककार कृतिबाहेक खनालका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर समालोचनात्मक लेखहरू पनि प्रकाशित भएका छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने यदुनाथ खनालको नेपाली समालोचना परम्परामा आगमन भएपछि सैद्धान्तिक समालोचना परमपराको थालनी भयो । पूर्वीय तथा पाश्चात्य मान्यता तथा प्रयोगलाई आत्मसात गरी मौलिक समालोचना लेखन परम्पराको सुरुवात भयो । गुण दोषको सहभावयुक्त सैद्धान्तिक समालोचनाको सरुवात भयो । उनले सुरुवात गरेका यस्ता विभिन्न प्रवृत्तिहरूलाई उनका समवर्ती तथा उनीभन्दा पछिका समालोचकहरूले पनि अँगालेको पाइन्छ । त्यसकारण युदनाथ खनालको आगमन आधुनिक नेपाली समालोचनाको उठानमा पहिलो कोसेढुङ्गा साबित भएको छ ।

## ५.४ यदुनाथ खनालका समालोचनात्मक कृतिको अध्ययन

### ५.४.१ समालोचनाको सिद्धान्त (२००३) को विवेचना

पूर्वीय  र पाश्चात्य दर्शनलाई समेटेर नेपाली समालोचना गर्ने प्रथम सर्जक यदुनाथ खनाल एक बहुलबादी समालोचक हुन् । उनका समालोचना सैद्धान्तिक, प्रभाववादी र पूर्वीय-पाश्चात्य दुवै प्रणालीलाई अवलम्बन गरी लेखिएका हुनाले उनलाई बहुलवादी समालोचक भनिएको हो । अध्ययनको गहनता र समालोचकीय परिपक्वताका पारख खनाल कुनै पनि कुराको गुण, दोष र तिनका समस्याको मन्थन गरेर त्यसलाई यथार्थमा उतार्न सफल आधुनिक नेपाली समालोचक हुन् ।

प्रस्तुत समालोचनात्मक पुस्तककार कृति '**समालोचनाको सिद्धान्त**' (२००३) खनालको पहिलो सैद्धान्तिक समालोचनाको कृति हो । यो कृति खनालको मात्रै पहिलो

---

[१७] घनश्याम कँडेल, पूर्ववत, पृष्ठ ९ ।

नभएर सिङ्गो नेपाली साहित्यको पनि प्रथम आधुनिक सैद्धान्तिक समालोचनाको कृति हो । यो कृति समालोचनामा पूर्वीय र पाश्चात्य मान्यता र प्रयोगलाई अबलम्बन गरी नेपाली समालोचनाको मौलिक स्वरूपको आधारस्तम्भ निर्माण गर्न महत्त्वपूर्ण छ । विधागत परिचय र समालोचनात्मक दृष्टिले दुवैको प्रवर्द्धन गर्न लेखिएको यस कृतिबाट बौद्धिक विषयवस्तु अँगालेर नेपाली भाषामा प्रथम पटक तुलनात्मक विवेचनाको शिलान्यास भएको छ । साहित्यिक शैलीलाई युगसापेक्ष र समयसापेक्ष उत्तरदायित्वको बोध गराउनतिर उन्मुख भएकोले यो कृति नेपाली साहित्यको इतिहासमा समालोचनाको उपस्थापनाको पहिलो कोसेढुङ्गा सावित भएको छ ।[१८]

जम्मा १५५ पृष्ठ भएको यस पुस्तकमा विभिन्न शीर्षकका १६ अध्याय छन् । सबै अध्यायमा समेटिएका समालोचनाहरू गुणदोष र तिनका समस्याको मन्थन गरेर त्यसलाई यथार्थमा उत्तार्न खप्पिस खनालका अध्ययनको गहनता र समालोचकीय परिपक्वताका दस्तावेज हुन् । ती सबै समालोचनात्मक अध्यायहरूको छुट्टाछुट्टै क्रमिक रूपले अध्ययन  र विश्लेषण यसप्रकार गरिएको छ ।

### ५.४.१.१ समालोचनाको ऐतिहासिक दिग्दर्शन

यो समालोचना **समालोचनाको सिद्धान्त** पुस्तकमा भएको पहिलो समालोचनात्मक अध्याय हो । यसमा खनालद्वारा नेपाली, अङ्ग्रेजी र संस्कृत साहित्यको एकसाथ चर्चा गर्दै पाश्चात्य साहित्यसँग तुलना गर्दा पूर्वीय साहित्यमात्रा समालोचनाविशेष दुर्वलता[१९] भएको कुरा औंल्याइएको छ । यस अध्यायमा पूर्वी र पश्चिमी समालोचनाको ऐतिहासिक दिशा सङ्केत[२०] गरिँदै आधुनिक समालोचनाका स्वरूप र मूल्यलाई परिचित गराउने प्रयत्न गरिएको छ ।[२१]

---

[१८] राजेन्द्र सुवेदी, पूर्ववत, पृष्ठ ९७ ।

[१९] यदुनाथ खनाल, पूर्वतत् पृष्ठ, २ ।

[२०] रविलाल अधिकारी पूर्ववत् पृष्ठ ७८ ।

[२१] राजेन्द्र सुवेदी, पूर्ववत्, पृष्ठ ९८ ।

### ५.४.१.२ तुलनात्मक समालोचना

यो सामलोचना **समालोचनाको सिद्धान्त** पुस्तकमा लेखिएको दोस्रो समालोचनात्मक अध्याय हो । यस अध्यायमा समालोचनाको मूल आधार भनेको तुलना गर्ने क्षमता हो भन्ने तर्फ सङ्केत गरेको देखिन्छ । यस अध्यायमा तुलनात्मक समालोचनाको सैद्धान्तिक आधार विभिन्न स्रष्टाका रचनालाई बनाएर गरिएको छ । कुनै पनि स्रष्टाको रचनालाई उत्कृष्ट र निकृष्ट छुट्याउनका लागि स्वदेशको मात्र नभएर विश्वभरिका स्रष्टाका विभिन्न रचनाहरूसित प्रशस्त तुलना र गहन विश्लेषण गरेर मात्र ती स्रष्टा र उनको रचनाबारे उत्कृष्ट र निकृष्टताको उचित निर्क्योल दिनु पर्दछ भन्ने कुरा निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

### ५.४.१.३ काव्यका लक्षण

यो सामलोचना **समालोचनाको सिद्धान्त** पुस्तकमा भएको तेस्रो अध्याय हो । यस अध्यायमा कविले सञ्चार गर्ने कलागत संवेदना र सञ्चार गर्न सक्ने सञ्चरित संवेदना जस्ता अत्यन्त उपयोगी  दुईवटा लक्ष्यमा नै काव्यका प्रमुख लक्षण ठान्ने काम गरिएको छ ।[२२]

### ५.४.१.४ काव्यको गुण

यो सामलोचना **समालोचनाको सिद्धान्त** पुस्तकमा समेटिएको अर्को महत्त्वपूर्ण अध्याय हो । पूर्वीय तथा पाश्चात्य साहित्यशास्त्रका आधारमा काव्यका गुण किटान गर्ने प्रयत्न गरिदै शब्दशक्ति, रस, अलङ्कार, गुण शैली जस्ता तत्त्वका आधारमा काव्यका धनात्मक र ऋणात्मक पक्ष प्रस्तुत गर्न सकिने कुरा निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

[२२]ऐजन, पृष्ठ ९८ ।

### ५.४.१.५ कला कलाका लागि

यो समालोचना **समालोचनाको सिद्धान्त**मा रहेको पाँचौ अध्याय हो । कलालाई स्वान्तसुखाय ठान्नेहरूको विचार कला कलाकै लागि जस्तो अभियान बनेर विश्वमा उन्नाइसौ शताब्दीमा खुब मौलाउनु पुग्यो । तर आत्मोन्मुखी अभियानमा रहेका यस्ता जीवननिरपेक्ष मूल्यहरूको खण्डन गर्ने र कलालाई जीवन सापेक्ष रूपमा स्थापित गर्ने प्रयत्नमा तयार भएको प्रस्तुत समालोचनामा कलागत मूल्य जीवनमुखी हुनु पर्दछ भन्ने अभिमतका पक्षमा खनालको विचार अडेको छ ।[२३]

### ५.४.१.६ छन्द

यो समालोचना समालोचनाको सिद्धान्तमा लेखिएको अर्को अध्याय हो । यस अध्यायमा संस्कृत, नेपाली र अङ्ग्रजी लेखकहरूको उदाहरण पालैपालो दिँदै साहित्यको विशेष गरी पद्यविधामा छन्दको स्थान कति गहन छ भन्ने कुरा देखाउन खोजिएको छ । छन्दको प्रयोग नगरी 'स्वतन्त्र कविता' लेख्ने आधुनिक कविहरूले पाठकको हृदयमा सजिलै ठाउँ पाउन नसक्ने कुरा उल्लेख गरिदै छन्दको महत्त्वलाई दर्शाइएको छ । यस अध्यायमा छन्द कविताको एक भित्रि अङ्ग देखिन्छ[२४] भन्ने भनाइ अगि सारिएको छ । यस अध्यायमा सुरुदेखि अन्तसम्म काव्यमा छन्दको मूल्य स्थापित गर्न खोजिएको छ ।

### ५.४.१.७ साहित्य र समाज

यो समालोचना **समालोचनाको सिद्धान्त**मा लेखिएको अर्को महत्त्वपूर्ण अध्याय हो । यस अध्यायमा साहित्य र समाजको चित्रण गर्ने कवि मात्र वास्तविक कवि हो भन्दै खनाल यसरी लेख्दछन्- "साहित्य जीवित बँच्दैछ, खाली समाजको सम्बन्धले । हाम्रो वरिपरि छरिएका अनेक विचार, भावनाहरूलाई समाती, चाहिने जति राखी, नचाहिने जति सब फ्याँकी वर्तमान समाजको टुटेफुटे, नभएको सग्लो चित्रण जसले

---

[२३] राजेन्द्र सुवदी, पूर्ववत्, पृष्ठ ९९ ।

[२४] यदुनाथ खनाल, पूर्ववत्, पृष्ठ ३५ ।

दिन्छ, यही हो कवि ।"[२५] समाज भनेको जीवन र जगत् हो भने साहित्य भनेको त्यस समाजमा बस्नेहरूको शैली हो ।[२६] त्यसकारण समाज र साहित्यको अन्योन्याश्रित सम्बन्ध हुन्छ भन्नेकुरा यस अध्यायबाट पुष्टि हुन्छ ।

### ५.४.१.८ काव्यका भेद (महाकाव्य, खण्डकाव्य, अरू पाठय-कविता)

यो समालोचना **समालोचनाको सिद्धान्त**मा लेखिएको अर्को अध्याय हो । यस अध्यायमा महाकाव्य, खण्डकाव्य र अरू पाठय-कविताका भेदका बारेमा विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वानहरूको भनाइलाई अघि सार्दै तिनीहरूको भेद स्पष्ट पार्न खोजिएको छ ।

### ५.४.१.९ काव्यका भेद (नाटक काव्य)

यो समालोचना **समाालेचनाको सिद्धान्त**मा लेखिएको अर्को महत्त्वपूर्ण अध्याय हो । यस अध्यायमा नाटकलाई सौन्दर्यका दृष्टिले काव्य नै भनिदै आएको कुरा पनि सिद्ध[२७] गरिएको छ ।

### ५.४.१.१० काव्यका भेद (उपन्यास)

यो समालोचना **समालोचनाको सिद्धान्त**मा समेटिएको अर्को अध्याय हो । यस अध्यायमा उपन्यास अर्थात् आख्यान, निबन्ध-लगायतका रचनामा निहित सौन्दर्यलाई पनि काव्यकै संज्ञा दिइएको छ ।[२८]

---

[२५] यदुनाथ खनाल, पूर्ववत्, पृष्ठ ४० ।

[२६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृष्ठ ९९ ।

[२७] एजेन, पृष्ठ ९८ ।

[२८] ऐजन, पृष्ठ ९८

### ५.४.१.११ **चरित्र वर्णन**

यो समालोचना **समालोचनाको सिद्धान्त**मा रहेको ११औं अध्याय हो । यस अध्यायमा खनालले चरित्र वर्णनका बारेमा अगाडि यसरी लेख्दछन्- "चरित्र वर्णनको लागि कुनै समालोचकले नियम बाँधेर बाँधिदैन, हरेक लेखकले आफ्नो बिचार बमोजिम चरित्रहरू निर्माण गरेको देखिन्छ । चरित्र वर्णन राम्रो भएन भने उपन्यास राम्रो बन्दैनः सहस रजनी बन्छ ।"[२९] यसरी यस अध्यायमा रचनाभित्र रहने वस्तुको भोक्तालाई निरूपण गरिने सिद्धान्तको उपस्थापन भएको छ । वस्तुको उठान, विकास र उपसमनसम्म पुग्ने, आचरणमा रहने गुण र दोषका अनेकौं कोणहरू रहेका हुन्छन् । तिनको प्रभावबाट नायक, नायिका तथा अन्य पात्रहरू आफ्नो परिणति स्वयं भोग्न पुग्छन् ।[३०] यिनै पक्षहरूको सैद्धान्तिक प्रस्तुति यस अध्यायमा भएको छ ।

### ५.४.१.१२ **हास्य-रस**

यो समालोचना समालोचनाको सिद्धान्तमा भएको बारौं अध्याय हो । यस अध्यायमा कवि शेलीको कविताको एक उद्धरण प्रस्तुत गर्दै अगाडि बढेर हास्य रसको गहनतालाई बुझ्न र कृतिहरूमा प्रयुक्त हास्य रसलाई के कसरी विश्लेषण गर्ने भन्ने कुराको जनकारी यस अध्यायले सम्प्रेषण गरेको छ ।

### ५.४.१.१३ **कविको नबुझिने हक कति छ ?**

यो समालोचना **समालोचनाको सिद्धान्त**मा भएको तेरौं अध्याय हो । यस अध्यायमा शैल्पिक र बौद्धिक, व्यायामिक स्रष्टा अपेक्षित भन्दा बढी गम्भीर रहेमा पाठकका निम्ति त्यस्तो रचना अवोधगम्य बन्दछ, जटिल र दुरूह बन्दछ । यस्तो अवस्थासम्म पुग्नु स्रष्टाका हकको कुरा होइन भन्ने निष्कर्ष खुलस्त गरिएको छ ।[३१]

---

[२९] यदुनाथ खनाल, पूर्ववत्, पृष्ठ ८२ ।

[३०] राजेन्द्र सुवेदी, पूर्ववत् पृष्ठ ९८ ।

[३१] ऐजन, पृष्ठ ९८ ।

### ५.४.१.१४ कल्पना

यो समालोचना **समालोचनाको सिद्धान्त**मा लेखिएको अर्को महत्त्वपूर्ण समालोचना हो । यस अध्यायमा सृजनाका निम्ति कल्पना अनिवार्य तत्त्व हो । कल्पनाका अधारमा साहित्यले आवश्यक तत्वहरूको अनुसन्धान गर्ने क्षमता प्राप्त गर्दछ । वस्तुलाई विचलन गरेर बिम्बमा उतार्ने तत्वको नाम कल्पना हो[३२] भन्नेकुरा पुष्टि गरेको हुँदा यो अध्याय पनि नित्तान्त सैद्धान्तिक बन्न पुगेको छ ।

### ५.४.१.१५ कविताको स्वरूप र कविको विचारमा सम्बन्ध

यो समालोचना **समालोचनाको सिद्धान्त**मा रचित अर्को अध्याय हो । सिर्जनामा स्रष्टाको विचार प्रतिविम्बित भएको हुन्छ । रचनाकारको संस्कार अभिवृद्धिबाट वर्गीय चेतनाको प्रतिनिधित्व हुनु रचनाको धर्म हो । स्रष्टाको आन्तरिक अभिवृद्धि रचनाको विचार पक्ष भएर प्रस्तुत हुन्छ[३३] भन्ने कुरा यस अध्यायबाट सिद्ध हुन्छ ।

### ५.४.१.१६ उपसंहार

यो समालोचना **समालोचनाको सिद्धान्त** पुस्तकमा लेखिएको अन्तिम अध्याय हो । साहित्य मानवको आचरण हो, जीवनशैली र सभ्यता हो, दैनिक चर्या हो । यस्ता अनेकौ. पक्षको एउटै नाम हो-साहित्य । मान्छेलाई त्यसैले अन्य प्राणीभन्दा अलग बनाएर टिकाएको हुन्छ । यो साहित्यको दार्शनिक पक्ष यस अध्यायबाट सिद्ध भएको छ ।[३४]

नेपाली साहित्यमा प्रथम सैद्धान्तिक समालोचक यदुनाथ खनाल हुन् । उनको **समालोचनाको सिद्धान्त**(२००३) समालोचनाको प्रथम सैद्धान्तिक कृति हो । कुनै पनि कुराको आरम्भ गर्नु आफैमा कठिन कार्य हो , त्यसमा पनि सैद्धान्तिक समालोचना त झनै कठिन कार्य हो । यो कार्य सफलतापूर्वक समालोचनाको सिद्धान्तमा सम्पादन

---

[३२] ऐजन, पृष्ठ ९८ ।

[३३] ऐजन, पृष्ठ ९८ ।

[३४] ऐजन पृष्ठ ९८ ।

भएको छ । यो कृति गुणदोषको सहभावयुक्त सैद्धान्तिक समालोचनाको पद्धति अपनाउँदै प्रकाशनमा आएको हो । पूर्वीय तथा पाश्चात्य मान्यता तथा प्रयोगलाई दृष्टिगत गरी नेपाली समालोचनाको मौलिक स्वरूप निर्माणार्थ यो कृति महत्त्वपूर्ण छ । त्यसकारण यो कृति नेपाली साहित्यको इतिहासमा आधुनिक नेपाली सैद्धान्तिक समालोचनाको उपस्थापनमा पहिलो कोसेढुङ्गा सावित भएको छ ।

### ५.४.२ साहित्यिक चर्चा (२०३४) को अध्ययन

यदुनाथ खनालको २०३४ सालमा प्रकाशित यस पुस्तकमा विभिन्न समयमा पत्रपत्रिकामा छापिएका समालोचनाहरू समेटिएको छ । यस पुस्तकमा दुई थरीका समालोचनाहरू छन्- एकथरि मूलरुपमा नेपालीमा लेखिएका र अर्काथरि पहिले अंग्रेजीमा लेखेर पछि नेपालीमा उल्था गरिएका हुन् । यस पुस्तकमा सङ्कलित सबै लेखहरू बौद्धिक एवम् वैचारिक दृष्टिले निकै गहकिला छन् । तिनमा साहित्यका विभिन्न स्रष्टा एवम् तिनका सृजनामा पाइने प्रवृत्तिगत विशेषताबारे विचारोत्तेजक चर्चा गरिएको छ । ती सवै समालनेचनात्मक पाठहरूको छुट्टाछुट्टै क्रमिक रूपले अध्ययन र विश्लेषण यसप्रकार गरिएको छ :

### ५.४.२.१ नेपाली साहित्य एव सिंहावलोकन

यस समालोचनात्मक लेखमा यदुनाथ खनालले नेपाली साहित्यको आरम्भदेखि देखापरेका विभिन्न लेखकहरूका कृति तथा तिनका प्रवृत्तिका बारेमा चर्चा गरेका छन् । नेपाली साहित्यको प्रारम्भ कसरी भयो त्यस समयका लेखकहरू कस्ता थिए तिनीहरूको लेखकीय प्रवृत्ति कस्तो थियो र त्यसपछि नेपाली साहित्यको विकास कुन-कुन कविहरूले कसरी गरे ? तिनीहरूको मूल्याङ्कन कसरी गर्ने भन्ने कुराका बारेमा खनालले प्रष्ट पारेका छन् । खनालले संस्कृत साहित्य र नेवारी साहित्यिक परम्परा को पनि सामान्य चर्चा गरेका छन् । भानुभक्त देखि पारिजातसम्मका कवि तथा लेखकहरूका बारेमा खनालले आफ्नो दृष्टिकोण स्पष्ट सँग राखेका छन् ।

### ५.४.२.२ नेपाली साहित्यमा आलोचनाको अवस्था

यस लेखमा यदुनाथ खनालले नेपाली साहित्यमा आलोचनाको अवस्था कस्तो छ भनेर  प्रष्ट पार्न खोजेका छन् । नेपाली साहित्यमा आलोचनाको अवस्था खोजेका छन् । नेपाली साहित्यमा आलोचनाको अवस्था केलाउदै  खनाल अगाडि लेख्दछन्- "अरू विकाशोन्मुख  देशमा जस्तै नेपालमा अहिले साहित्यिक सिर्जनाको काम स्वतन्त्र पेशा हुने झन् कम सम्भावना छ । मौलिक साहित्यमा  जस्तै आलोचना साहित्यमा पनि अझ बढी लेख्ने प्रवृति र प्रोत्साहन बढाउनुको साथ-साथै लेखिएका कृतिहरूको उचित अध्ययन गर्ने पाठकहरूको संख्या बढाउनु पनि उत्तिकै आवश्यक देखिन्छ ।"[३५]

### ५.४.२.३ नेपाली साहित्यका केही समस्या

यस समालोचनामा यदुनाथ खनालले नेपाली साहित्यका समस्याहरू के-के छन् तिनीहरूलाई औँल्याउने प्रयास गरेका छन् । नेपाली साहित्यमा रहेका समस्याहरूका बारेमा  खनाल अगाडि लेख्दछन् -"साहित्यका परिभाषा, साहित्यिकहरूको सामाजिक, आर्थिक र नैतिक अवस्था, कागत मुद्रणको खर्च र अशुद्धि, शुद्धसाहित्य, पतनोन्मुख साहित्य, प्रगतिशील साहित्य, बुद्धि र कलमको नराम्रो बेचविखन, लेख्नु, छाप्नु, प्रचार गर्नु यी समस्याहरू नेपाली साहित्यका समस्याहरू मध्ये पर्न आउँछन् ।"[३६]

### ५.४.२.४ नेपाली साहित्यमा प्रयोग र परम्परा आगो र पानी

यस समालोचनामा यदुनाथ खनालले बालकृष्ण समद्वारा रचित आगो र पानी खण्डकाव्यको प्रयोग र परम्पराका बारेमा प्रष्ट पार्न खोजेका छन् । नेपाली साहित्यका अरू काव्यमा प्रयोग र परम्पराको प्रयोग पाइँदैन र समद्वारा लिखित **आगो र पानी** खण्डकाव्य प्रयोग प्रधान  कविताको रूपमा छ तापनि गौँढ गरेर विचार गर्‍यौँ भने यसमा नेपाली साहित्यको परम्परा पनि सम्मिलित छ भन्ने कुरा देख्न सक्छौँ भन्दै

---

[३५] यदुनाथ खनाल,**साहित्यिक चर्चा**,काठमाडौँः साझा प्रकाशन,२०३४, पृष्ठ ३६ ।

[३६] ऐजन, पृष्ठ ३७ ।

खनाल अगाडि लेख्दछन् - "आगो र पानीमा प्रतिविम्वित भएको शैली आकस्मिक होइन समजीको कवित्व शक्तिको विकासको सिलसिलामा आएको एक स्वाभाविक रूप नै हो । समजीका तार्किक सिद्धान्तहरूसँग सहमत नभैकन पनि यति भन्न सकिन्छ कि हाम्रो साहित्यिक परम्पराको विस्तारको दृष्टिबाट यो कविता सार्थक कविता हो । साहित्यिक परम्परालाई नै खदिल्याउन सक्ने कविता कमको महत्त्व हुँदैन । व्यक्तिगत मूल्याङ्कनमा यो कवितालाई यस किसिमको दर्जामा राखेको छु र विश्वास गर्दछु कि जति मात्रामा यो कविता पढिएको छ र यसको चर्चा भएको छ त्यो भन्दा बढी मात्रामा यसको पढाइ र चर्चा हुनुपर्दछ ।"[३७]

### ५.४.२.५ उमर खैय्यामका विशेषताहरू

यो समालोचनामा यदुनाथ खनालले अरवी साहित्यका कवि उमर खैय्यामका कविताहरू लाई फणिन्द्रप्रसाद आचार्यद्वारा अनूदित **उमर खैय्यामका रूवाईहरू** भन्ने पुस्तकको भूमिका लेख्ने क्रममा लेखेका हुन् । यो लेख **साहित्यिक चर्चा**मा सङ्कलित अर्को समलोचना हो । यस लेखमा खनालले फणिन्द्रप्रसाद आचार्यले मूल कविताको भाव, भङ्गीहरू अनुवादमा उतार्न उनले निकै परिश्रम गरेका छन् र परिश्रम प्रशस्त मात्रामा सफल भएको छ । सरल, छोटा शब्दहरूको प्रयोग भएकोले अनुवाद स्वयंमा पनि स्वतन्त्र कविता गुण हासिल गरेको छ । अनुवाद आफैमा गाह्रो कुरा हो भन्दै यदुनाथ खनाल अगाडि लेख्दछन् - "अनुवाद सजिलो कुरा होइन । त्यसमा शार्दूल विक्रीडित जस्तो कठिन छन्दमा बाँधिएर अनुवाद गर्नु झन् गाह्रो कुरा हो । यस्तो कठिन कार्य सम्पन्न गरी नेपाली साहित्यिक जगमा उमर खैय्यामका रुवाईहरू उतारिदिनु भएकोमा आचार्यज्यूप्रति आभार प्रकट गर्दै उहाँको सफलतामा बधाई पनि दिन्छु ।"[३८]

---

[३७] ऐजन, पृष्ठ ४६ र ४७ ।

[३८] ऐजन, पृष्ठ ५१ ।

### ५.४.२.६ सूक्तिसिन्धुको मूल्याङ्कनको खोजमा

यो समालोचना खनालको एकदमै महत्त्वपूर्ण समालोचना हो । यसले खनाललाई एक उत्कृष्ट समालोचकको शिखरमा पुऱ्यायो । यस समालोचनामा खनालले रामकृष्ण शर्माले '**नेपाली**' भन्ने पत्रिकामा दिएको अभिव्यक्तिको खण्डन गर्ने क्रममा खनालले सूक्तिसिन्धुको बारेमा अगाडि लेख्दछन् - "सूक्तिसिन्धुमा बटुलेका यावत् कविताहरूको सविस्तार विश्लेषण गरी वास्तवमा कुन-कुन कविताहरू साहित्यिक कसौटीमा टिक्न सक्छन् त्यसको निर्धारण गर्नु परेको छ । फुटकर कविताको ठोस मूल्याङ्कनको आधारमा नै नेपाली साहित्यको विकास क्रममा '**सूक्तिसिन्धु**' को स्थान निधो गर्न सकिन्छ । फितलो अनुभूतिमा तुनेका यस सङ्ग्रहमा कविताहरू क्रान्ति र विप्लवको हाँक दिने छाँटमा छैनन् । यिनको प्रभाव पनि रामकृष्णजीले दिनु भएको जस्तो छैन । मेरो विचारमा सूक्तिसिन्धुले देखाएको भन्दा अर्को बाटोतिर रहेको छ । **सुक्तिसिन्धु**ले हाम्रो सामाजिक खाडललाई आदर्श जस्तो गरेर चित्रण गरेको छ । क्रान्तिको चुचुरोलाई होइन । शृङ्गार रसकै नाममा किन नहोस् हाम्रो समाजमा सडेपडेको प्रवृत्तिलाई आदर्श तुल्याउनु क्षयोन्मुखता हो । साहित्यको नाममा, संस्कृतिको नाममा, धर्मको नाममा, र राष्ट्रियताको नाममा हाम्रो समाजका सडेपडेका प्रवृत्तिहरूको आदर्शीकरण गर्ने चलन हामीमा निकै चलेको छ । यस चलनमा फस्नुभन्दा यस चलनबाट बच्नु नेपालमा आलोचनाको कर्तब्य भईरहेछ । यसरी विचार गर्दा नेपाली साहित्यमा सूक्तिसिन्धुको देन सकारात्मक भन्दा वढ्ता नकारात्मक भएको छ भन्ने मेरो भनाइ छ ।"[३९]

### ५.४.२.७ कवितामा बौद्धिकताको प्रयोग : हिउँ

आधुनिक अङ्ग्रेजी कवि लुइसम्याक्निसको कलमबाट रचिएको हिउँ शीर्षक भएको यो सानो कवितामा बार पङ्तिहरू चार चार पङ्क्तिका तीन श्लोकमा बाँडिएका छन् । कवितामा बौद्धिकताको कुन स्थान छ कुन रूपमा भन्ने चर्चाकै

---

[३९] ऐजन, पृष्ठ ६० र ६१ ।

शिलशिलामा एक बौद्धिकताप्रधान कविता (हिउँ) नेपाली भाषामा अनुवाद गरेर यस लेखमा त्यस कविताको सविस्तार विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

### ५.४.२.८ तरुणतपसी – एक दृष्टिकोण

यस समालोचनात्मक लेखमा खनालले लेखनाथ र उनको तरुणतपसीलाई कलरिजको कल्पनाशक्तिको विचाधारालाई केन्द्र मानेर समालोचना गरेका छन् । तरुण तपसी नेपाली साहित्यको एक उत्तम कविता हो र कलरिजले देखाएका सिद्धान्तको आधारमा गुणदोषको विवेचना गर्दा यस कविताको उत्तमता झन् तिखारिएर आउँछ । तरुणतपसीका बारेमा खनाल अगाडि लेख्दछन् - “जीवनको मूल्यवत्ता, चेतनाको उत्कृष्टता, अनुभूतिको प्राचूर्यले गर्दा सुखदुःखदेखि उत्रेको परमानन्द भोगी, शान्त हँसिलो आत्मा मानव मात्रको लक्ष्य हो भन्ने तरुण तपसीको जो दार्शनिक आधार छ त्यसलाई कल्पनाशक्तिद्वारा तरुणतपसीमा समूर्त, अनुभूतिले उत्प्राणित, प्रभावशाली, इमान्दार सिद्धहस्त चित्रको रचना उतारिएको छ । यस कवितामा उल्लेख गरिएका रुख व्याधा, चरी जुनकीरी, चङ्गा, सूर्य, चन्द, मान्ने आदि वस्तुहरू साधारण वाह्य वस्तु होइनन : विशेष अनुभूतिका सङ्केत मात्र हुन् । यसरी सङ्केत बनेका हुनाले प्रकृतिका यी सबै वस्तुहरूलाई आन्तरिक तुल्याएको छ । ”[४०]

### ५.४.२.९ पण्डितराज सोमनाथलाई फर्केर हेर्दा

यस समालोचनामा यदुनाथ खनालले पण्डितराज सोमनाथलाई आफ्ना संस्कृत पढाउने असल गुरुका रूपमा सम्झन पुगेका छन् । उनलाई गुरुका रूपमा स्मरण गर्दै खनाल अगाडि लेख्छन् - “अहिले पछि फर्केर हेर्दा मेरो संस्कृत अध्ययनको सन्दर्भमा यी दुई वर्षको अनुभव विशेष सन्तोषका साथ सम्झना आउँछ । उनले काव्यहरू पढाउँदा कोरा बोधमा मात्र सीमित नरही ऐतिहासिक र आलोचनात्मक दृष्टिले हेर्ने

[४०] ऐजन, पृष्ठ ७३ ।

प्रेरणा दिन्थे ।"[४१] सोमनाथले नेपाली भाषाको विकासमा र परिष्कारमा पनि ठूलो योगदान दिए भन्दै खनाल अगाडि लेख्दछन् - "मध्यचन्द्रिकाको माध्यामद्वारा सोमनाथले नेपाली भाषाको विकास र परिष्करणमा कुन किसिमको योगदान गरे त्यसको झलक मलाई प्राप्त भयो ।"[४२] सोमनाथमा पनि कमजोरीहरू उपलभ्य थिए । उनी प्रकाण्ड विद्वान भए पनि वीर, प्रगतिशील समाजशास्त्री थिएनन् ।[४३]

### ५.४.२.१० हरिनाथ खनाल- एक परिचय

हरिनाथ खनाल यदुनाथ खनालका दाजु हुन् र उनले आफ्नो व्यक्तित्व निर्माणमा कति ठूलो योगदान र सहयोग गरे भन्नेकुरा स्मरण गरेका छन् । साथै हरिनाथ खनालले नेपाली शैक्षिक, साहित्यिक जगत्मा कति ठूलो योगदान दिए भन्ने कुरा उल्लेख गरेका छन् । हरिनाथ खानाल एक कुशल प्राध्यापक, संस्कृतका सफल कवि, गद्य र पद्य दुवैमा कलम चलाउन सक्ने सफल कवि हुन् भनेका छन् । हरिनाथ खनाल नेपाली, संस्कृतका मात्रै नभएर अंग्रेजी भाषाका पनि विद्वान थिए भन्नेकुरा यस समालोचनामा खनालले बडो उत्कृष्ट तरिकाले उल्लेख गरेका छन् ।

### ५.४.२.११ बौद्धिकताको प्रयोग आगो र पानी

यस समालोचनात्मक पाठमा खनालले बालकृष्ण सममा कत्तिको बौद्धिकता थियो र त्यो बौद्धिकता आगो र पानी खण्डकाव्यमा कसरी पोखेका छन् भन्ने कुरा उल्लेख गरेका छन् । आगो र पानी खण्डकाव्यका बारेमा खनाल अगाडि लेख्दछन्- "आगो र पानी अत्यन्त खँदिलो कविता हो । खण्डकाव्यको सानो रूपमा माहाकाव्यको विशाल भीमकाय विषय मुकुटिएको छ । किनभने, यसमा सम्पूर्ण सार्थक मानव इतिहास कवितात्मक छ अनुभूतिको प्रतिबिम्बित गर्ने प्रयत्न गरिएको छ । अर्थात समजीलाई सार्थक लागेको मानव संस्कृतिको परम्पराको राम्रो संकेत यसमा पाइन्छ ।"[४४] समको आगो र पानीमा पाइएको बौद्धिकतालाई खनाल अझ अगाडि लेख्छन्- "बौद्धिकता अनुभूतिसँग लेस्सिएर आएझैं कविको सम्पूर्ण चेतना पनि एक

---

[४१] ऐजन, पृष्ठ ८२ ।

[४२] ऐजन, पृष्ठ ८४ ।

[४३] ऐजन, पृष्ठ ९१ ।

[४४] ऐजन, पृष्ठ १०५ ।

समूर्त र सजीव अनुभूतिको रुपमा सफलतापूर्वक उत्रेको छ भन्ने मेरो दावा छ । यसको मतलव यो होइन कि यस खण्डकाव्यमा कमजोर अंश विलकुल छैनन् । समजी ठाउँ ठाउँमा कविताको चमत्कार देखाउने भन्दा बुद्धिको चमत्कार देखाउने प्रलोभनमा फस्नु भएको छ । तर सबै कुरा विचार गर्दा अनुभूति सजीव नै देखिने हुनाले आगो र पानी नेपाली साहित्यमा सार्थक र सफल कविता हो ।"[४५]

### ५.४.२.१२ लक्ष्मीप्रसाद देवकोटा : एक अधुरो संस्मरण

यस समालोचनामा खानालले देवकोटाको भेट एक स्मरणीय छ जसलाई कहिल्यै पनि भुल्न नसक्ने आफ्नो अनुभव व्यक्त गरेका छन् । देवकोटासँगको भेट प्रति स्मरण गर्दै खनाल अगाडि लेख्दछन्- "२००३ तिर त्रिचन्द्र कलेजमा सहकारी प्राध्यापकको रुपमा नियुक्त भएपनि केही समयसम्म र २०१४ मा विश्वविद्यालय प्रतिनिधिमण्डलको सदस्य भै

भारतभ्रमण गर्न जाँदा अन्दाजी एक महिनासम्म महाकवि श्री लक्ष्मीप्रसाद देवकोटासँग निकट सम्पर्कमा आउने आवसर पाएको थिएँ । अरू समयमा पनि विभिन्न परिस्थिति र मौकामा देवकोटाजीसँग जम्काभेट भएको हो । तापनि यी दुई बेलाको सहबास मेरो दृष्टिबाट विशेष स्मरणीय लागेकाले यिनैमा सीमित भएको छु ।"[४६]

### ५.४.२.१३ लक्ष्मीप्रसाद देवकोटा र हाम्रो परम्पराको मूलधारा

यो समालोचना यदुनाथ खानालको '**नेपाल रिभ्यू**' नामक मासिक पत्रिकामा प्रकाशित अङ्ग्रेजी मूलको अनुवाद हो । यस लेखमा नेपाली साहित्यको इतिहासमा देवकोटाको तिर्मिर्‍याउने व्यापक चहकले साहित्यको एक महत्त्वपूर्ण युगलाई उजिल्याउन सफल भएको छ भनेका छन् । देवकोटाको कविताको अध्ययन गर्दा खनाललाई यस्तो लागेको छ -"देवकोटाका कविताको अध्ययन गर्दा सिमसिमे पानीको भन्दा मुसलधारे वर्षाको जस्तो झझल्को पाइन्छ । ठूलो बाढीमा भावको खहरेजस्तो छ । उनको कवितामा प्रकट गर्न खोजेको अनुभूति राम्ररी उत्र्यो उत्रेन भनी हेर्न र दोहोर्‍याउन खोजेको अनुभूतिको शृङ्खलाको सुझ दिलाउन एक शब्द मात्र प्रयोग

[४५] ऐजन, पृष्ठ १११ र ११२ ।

[४६] ऐजन, पृष्ठ ११३ ।

गरिन्छ  त कहिलेकाही क्रियापद नै हुँदैन । प्रायशः सधैँ र विशेष गरेर ठूला कृतिहरूमा उनले संस्कृत शब्दहरूको प्रचुर प्रयोग गरेका छन् र यसले पनि उनका रचनाहरू कठिन भएका छन् । तर पनि देवकोटा विषयका बढ्दो सङ्ख्याका विद्वान्हरूले गर्दा उनको गति अहिले बढेको छ तर अफ हामी धेरै अगाडि जानुछ । यसकारण अहिले सम्म देवकोटाका कवितालाई बाढी आएको बेलाको एक ठूलो नदीसँग तुलना गर्न सकिन्छ; सुसाउने, असरल्ल र अनियन्त्रित सजीव, जीवनोन्मुख र जोडदार, तृषित ओठ लिएर यो आगाध पानीबाट पिउन हामी जब अघि बढ्छौं हामीले चाहेजति मात्र पिउन सक्तछौं । अर्थात् शरीरको शक्ति र चाहनाले खटाएजति मात्रै । हामी सबै पानी पिउन सक्तैनौँ ।"[४७]

### ५.४.२.१४ एउटा सत्य कथा म भन्छु

यस लेखमा खनालले माधव घिमिरेले आफ्नी पत्नीको मृत्युको शोकमा लेखेको कविता "एउटा सत्य कथा म भन्छु' का बारेमा लेखका छन् । यो कविताको विषय शोकले अनुप्राणित भए पनि कविको उत्कृष्ट चेतना र आत्मसंयमको दोभानको जीवन नै हुन् सक्तछ भन्दै[४८] खनाल अगाडि लेख्दछन्- "नेपाली साहित्यमा माधव प्रसादजीले प्रकृतिलाई सजीव उतारेर ठूलो काम गर्नु भएको छ । उहाँका प्रकृति विषयका कविताहरू पढ्दा प्रकृतिसँग सोझै मुखामुख भएजस्तो अनुभव हुन्छ । बीचमा कुनै दोभासे बसेको जस्तो लाग्दैन । उहाँले अपनाएको प्रकृति उपरको दृष्टिकोणमा प्रकृतिको असुन्दर पक्ष राम्रोसँग दबेको भए पनि यस किसिमका उहाँका कवितामा ताजापन र सरलीपन छ । विचाराधीन कवितामा पनि प्रकृतिको यस्तै साक्षात्करण पाइन्छ ।" [४९]

---

[४७] ऐजन, पृष्ठ १२९ र १३० ।

[४८] ऐजन, पृष्ठ, १३१ ।

[४९] ऐजन, पृष्ठ १३२ ।

### ५.४.२.१५ सिद्धिचरण श्रेष्ठ एक चित्रण

यस समालोचनामा  खनालले कवि सिद्धिचरण श्रेष्ठको कविता लेख्ने तरिका, कविताका विषयवस्तु र भावका बारेमा चर्चा गरेका छन् । यस लेखमा खनालले सिद्धिचरणको कवितात्मक प्रवृतिका बारेमा अगाडि यसरी लेख्दछन् -"उनी आफूले जानेको, भोगेको र अनुभव गरेको विषयमा जुन तीव्र विश्वासका साथ लेख्दछन्, त्यसलाई विरलैले उच्छिन्न सक्छन् । उनको विषय आफ्नै हो, उनको अनुभव विशिष्ट पनि छ , मूल्यवान पनि छ, जसले गर्दा हामी उनको कवितातिर ढल्कन्छौं उनको कवितामा सार्वजनीनता छ ।"[५०]

### ५.४.२.१६ कवि भूपि शेरचन र उनका कविता

यो समालोचना नेपाल रिभ्यूको पहिलो अङ्कमा  प्रकाशित अङ्ग्रेजी मूलको अनुवाद हो । यसमा कवि भूपि शेरचनका कवितामा पाइने विषय, शैली र भावका बारेमा चर्चा गरेका छन् । यस लेखमा खनाल भूपिका बारेमा यसरी अगाडि लेख्छन- "उनका थोरै रचनाहरूमा पनि कहिलेकाही विषय दोहोरीएजस्तो लाग्छ तर उनी प्रेरणाको समयमा जे जति लेख्छन ती रचनाहरू ताजा, नयाँ र अत्यन्त प्रभावकारी हुन्छन् । कविताका रूपले विविधता वा विषयको विभिन्नता वा प्रयोगको साहसिलो कामको लागि भूपिलाई औल्याउनु युक्ति सँगत छैन र आधुनिक नेपाली कविताको क्षेत्रमा यी सबै कुरामा भूपिलाई उछिन्ने अरू छन् । अनुभूतिको गहिराइ र घनत्व, इमानदारी र सत्यता नै भूपिका विशेषता हुन् । यी गुणले गर्दा माथि उल्लेख गरिएका कमजोरीहरू भएर पनि भूपिले नेपाली साहित्यमा नमेटिने छाप दिएका छन् भन्नु अत्युक्ति ठहरिने छैन ।"[५१]

[५०] ऐजन, पृष्ठ १४२ ।

[५१] ऐजन, पृष्ठ १५२ ।

### **५.४.२.१७ कवि म वी.वि. शाह**

यस समालोचनामा कवि म वी.वि शाहले लेखेको “उसैका लागि” कविता सङ्ग्रहमा सङ्कलित विभिन्न कविताहरूको विश्लेषण गरेका छन् । यस कविता सङ्ग्रहको बारेमा खनाल अगाडि लेख्छन् -“उसैका लागि मा सङ्कलित केही कविताको मनन गर्दा कविको आत्माको प्रगतिका खुड्किलाहरू देखिन आउँछन् । कवि निष्क्रिय र निश्चल चीज होइन । कविको चेतनाको अग्नि-शिखरमा एक जल्दो तेज हुन्छ । बाहिरी समाजका घटनाहरू यो तेजको संयोगमा आए पनि द्रविभूत हुन्छन् । कवितामा प्रकट हुँदा अर्कै रूपमा निस्कन्छन् । कविता यी घटनादेखि पृथक रहन सक्तैन । अलग रह्यो भने साहित्यको मतलब रहदैंन । कविले आफ्नै लागि, मन वियालोको लागि, आफ्नै सन्तोषको लागि लखेको भए पनि ‘**उसैका लागि**’ वास्तवमा सबैको लागि हो ।”[५२]

### **५.४.२.१८ नेपाली साहित्यमा चिन्तनको बटुलबाटुल**

यस लेखमा नेपाली साहित्यको विकास सुरुदेखि आधुनिक समयसम्म निरन्तर रूपमा भएको चर्चा गरेका छन् । यस लेखमा नेपाली साहित्यका कविहरूलाई संस्कृतका कवि र अङ्ग्रेजी साहित्यका कविसँग तुलना गरेका छन् । खनालले विशेष गरी साहित्यमा कवितातत्त्वका बारेमा अध्ययन गरेका छन् ।

यस पुस्तकमा सङ्कलित सबै लेखहरू बौद्धिक एवम वैचारिक दृष्टिले निकै गहकिला छन् । तिनमा साहित्यका विभिन्न स्रष्टा एवम् तिनका सृजनामा पाइने प्रवृत्तिगत विशेषताबारे स्पष्ट धारणा खनालले अगाडि सारेका छन् । यस भित्र रहेका समालोचना तीन प्रकारका रहेका छन् जुन यस प्रकार रहेका छन् :

१.नेपाली साहित्यको एतिहासिक अध्ययन,
२. कृतिपरक समालोचना ,
३. जीवनीपरक समालोचना ।

---

[५२] ऐजन, पृष्ठ १६० ।

## ५.५ यदुनाथ खनालका अन्य फुटकर समालोचनात्मक लेखहरूको अध्ययन

### ५.५.१ भानुभक्त र  नेपाली भाषा

यस समालोचनात्मक लेखमा यदुनाथ खनालले आफ्नो नेपाली साहित्यको विकाससम्बन्धी धारणा स्पष्ट  गरेका छन् ।  उनले भानुभक्तलाई  व्यक्तिभन्दा पनि प्रतीक र साहित्यकार भन्दा पनि एक राष्ट्रिय आन्दोलनको मूर्तरूपमा देखेका छन् । उनको भानुभक्तको योगदान साहित्यमा मात्र नभएर भाषा र संस्कृतिको विकासमा पनि रह्यो जुन हाम्रो राष्ट्रिय भावनाको आधार जस्तो भयो भन्ने राय छ ।

### ५.५.२ काव्यको अध्ययन

यस समालोचनामा खनालले प्रतिभावान साधकको मनबाट निस्केको शाश्वतता उसको कृतिमा सम्प्रेषित हुन्छ । सामाजिक सम्प्रेषणीयता कविका लागि दोस्रो र पाठकका लागि प्राथमिक तहको अर्थपूर्णता हो । संयुक्त रूपमा यो सम्प्रेषणीयता आवश्यक तत्त्व छ । शब्दद्वारा शब्दातीत वस्तु अनुभूतिगम्य हुनु काव्यको चमत्कृति हो । कवितामा अर्थपूर्ण शब्द र तिनको त्यस्तै अर्थपूर्ण विस्वाशद्वारा अनुभूतिरूप मानसिक प्रक्रियाको उद्‌वोध हुन्छ  भन्दै उनले विश्वका कविमा कवितात्मक भावनामा काव्य तत्वको कस्तो प्रयोग भएको छ भन्ने आफ्नो विचार स्पष्ट गरेका छन् ।[५३]

### ५.५.३ काव्य र काव्यशास्त्र

यस लेखमा खनालले संस्कृत  कवि जगन्नाथद्वारा रचित  भामिनीविलासलाई "सचेतन रूपमा काव्य र काव्यशास्त्रका बीच साघुरो धारमा रचिएको ग्रन्थ  हो "[५४] भनेका छन् ।  भामिनीविलासको मूल पृष्ठभूमि द्वन्द्वताभन्दा मित्रता भए पनि शान्तविलासका केही आत्मजीवनात्मक अन्तिम पद्यहरूमा शङ्का र भयको आभास

---

[५३] जयराज आचार्य, पूर्ववत्, पृष्ठ २३८ ।

[५४] ऐजन,पृष्ठ २४५ ।

झल्केको छ भन्ने विचार खनालको छ । भामिनीविलासका बारेमा खनाल अगाडि लेख्दछन्- "भामिनीविलास आकर्षणपूर्ण ग्रन्थ छ। यसमा विनोद उदात्तीकृत भएको छ । मधुरता यसको प्राण छ । काव्यको रूपमा धेरै ठाउँमा मीठो मात्र होइन लट्ठसमेत पार्ने दाखको रस प्रयोग गरिएको छ । संक्षेपमा यो ग्रन्थको आकर्षणताको मुख्य कारण जगन्नाथको आत्मविश्वास र स्वाभिमानले जीवन्त भएको अलौकिक प्रतिभा हो जसले ग्रन्थको आयोजना र संरचनामा निहीत गतिहीनतालाई विर्साएको छ ।"[५५]

## ५.५.४ सिर्जना, सम्प्रेषण र समालोचना

यस लेखमा खनालले प्रतिभावान् व्यक्तिलाई संवेदनशील आदत सिर्जनाको सहायक हुन्छ भने प्रतिभाहीनलाई यस्तो वानी हानिकारक हुन्छ । नशालु पदार्थको सेवनले संवेदनशील व्यक्तिको मनको बेचैनी शान्त हुनाको सट्टा झन् बढेर जान्छ । उसको वेचैनीमा तीव्रता र स्पष्टतर भएर सम्प्रेषणद्वारा निकास खोज्दछ भन्दै विश्वका विभिन्न कविका उदाहरण दिएर सिर्जना, सम्प्रेषण र समालोचनाको अन्तर सम्बन्ध स्पष्ट पार्न खोजेका छन् ।

## ५.५.५ देवकोटा र शाकुन्तलः एक विचरण

यस समालोचनामा खनालले नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटा बढ्दो गम्भीर अध्ययनको विषय भएका छन्  भनेका छन् । यस लेखमा देबकोटाद्वारा लिखित शाकुन्तला महाकाव्यका बारेमा  आफ्ना गहिरा विचार प्रकट गरेका छन् । शाकुन्तल महाकाव्य देवकोटाको अत्यन्त क्लिष्ट कृति हो र यसमा देवकोटाको मनस्तलका विभिन्न तहमा खप्टिएर शकुन्तला चेतना तीव्ररूपमा अक्सर अवस्थित भएको प्रतीत हुन्छ । यस महाकाव्यमा रुप, लय, ध्वनि रङ्ग आदिको सम्पूर्णतामा शब्दहरू प्रशस्त प्रयोग गरेका छन् । [५६] खनालले निष्कर्षमा देवकोटाको शाकुन्तल महाकाव्यलाई चिन्तनमनरूपी लामो गर्भधारणको फल हो भनेका छन् ।

---

[५५] ऐजन,पृष्ठ २४९ ।

[५६] *समकालिन साहित्य,* वर्ष ६, अङ्क १ ।

### ५.५.६ माधव घिमिरेका कविताको सानो परिक्रमा

यस समालोचनामा  खनालले माधव घिमिरले नेपाली कविता जगत्मा कसरी प्रसिद्धी प्राप्त गर्न सफल भए भन्नेकुरा उल्लेख गरेका छन् । घिमिरेका कवितामा प्राकृत पत्यारिलो पार्थिव मानव जसले प्रेम, राग, संयोग, वियोग, वेदना, सुख, दुःख, पीडा, मातृत्त्व आदिलाई समेटेर सपना देख्छन् ।[५७] घिमिरेको पात्रचयन र पाठक कल्पनाको मापदण्ड वर्गीय भन्दा मानवीय गुणमा आधारित छ भन्ने विचार खनालले प्रकट गरेका छन् ।[५८]  खनालले घिमिरेका निम्ति  प्रकृति मानव हृदयको अङ्ग हो । मानवता उघार्ने मानव अभिन्न भावनात्मक साधन, तेस्रो आँखाजस्तै घिमिरेका कवितामा विभिन्न शब्दहरूको उचित प्रयोग पाइनाका साथै उनका कवितामा मानवीय संवेदना पनि प्रशस्त पाईन्छ[५९] भन्ने कुरा उल्लेख गरेका छन् ।

### ५.५.७ उपमा, रूपक, प्रतीक र सामाधिक सपना

यस समालोचनामा खनालले कविको सम्प्रेषण यात्रा अन्तिम चरणमा समाधिक सपना हुन्छ भनेका छन् । यो सौन्दर्यानुभूतिको साक्षात्कारको मनोदशा हो, अनुभूतिको गतिशीलता र समग्रतालाई उपमा, रुपक प्रतीक तथा सामाधिक सपनाले परम्परामा पूरक  साधन भएर अभिव्यक्त गर्दछन् ।

### ५.५.८ जनताले आगाध माया र ममता देखाए

यस लेखमा खनालले श्री ५ वीरेन्द्रसँगको आफ्नो समीपता, वीरेन्द्रको बानी व्यहोरा तथा उनीप्रति जनताले दिएको आगाध माया र मममतालाई बडो मार्मिक तरिकाले प्रस्तुत गरेका छन् ।

---

[५७] *सामकालीन साहित्य,* वर्ष ७, अङ्क ३ ।

[५८] ऐजन ।

[५९] ऐजन ।

## ५.६ यदुनाथ खनालद्वारा लेखिएका मन्तव्यको अध्ययन

### ५.६.१ मृगस्थली निबन्ध सङ्ग्रहबारे

यसमा खनालले **मृगस्थली** निबन्धसङ्ग्रह दुर्गाप्रसाद भण्डारीको निबन्ध लेखनका शैली र उनका निबन्ध सङ्ग्रहमा भेटिने निबन्धात्मक प्रवृत्तिका बारेमा आफ्ना ओजपूर्ण भनाइहरू प्रकट गरेका छन् । यस मन्तव्यको हस्तलिखित परिशिष्टमा समावेश गरिएको छ ।

### ५.६.२ **त्यस बखतको नेपालबारे**

यस मन्तव्यमा खनालले सरदार भीमवहादुर पाँडे आफ्ना अभिन्न मित्र भएको[६०] कुरा उल्लेख गरेका छन् । खनाल त्यस बखतको नेपालका बारेमा अगाडि लेख्दछन् - “त्यस बखतको नेपाल किताबमा कतिपय विवादास्पद हुन सक्ने विचारहरू समेत समाविष्ट भएकाले पुस्तकको सजीवता र रोचकता बढेको छ । त्यो सजीवता र रोचकतालाई सरदार पाँडेका शैलीको अभिन्न अङ्ग उजिल्याएको छ ।”[६१] खनालले इतिहास साहित्यको श्रीवृद्धि गर्दै महत्त्वपूर्ण ग्रन्थ नेपाली पाठकसमक्ष ल्याईदिएकोमा पाँडेलाई धन्यवाद[६२] दिएका छन् ।

## ५.७ यदुनाथ खनालको निबन्धको अध्ययन

साहित्यका दुई सशक्त विधा पद्य र गद्यमध्ये निबन्ध गद्यविधाअन्तर्गत पर्ने प्रमुख विधा हो । यसको लेखन छोटो छरितो भइकन पनि सारगर्भित र ओजपूर्ण हुन्छ । निबन्धबाट लेखकको प्रतिभाको कसी मापन गर्न सकिन्छ । विषयका आधारमा निबन्धलेखनलाई परात्मक (वस्तुपरक) र निजात्मक (आत्मपरक) गरी दुई किसिमले छुट्याउन सकिन्छ भने अभिव्यक्तिका आधारमा वर्णनात्मक, विवरणात्मक, विचारात्मक

---

[६०] सरदार भीमवहादुर पाँडे, यदुनाथ खनाल,**त्यस बखतको नेपाल**,मन्तव्य ।

[६१] ऐजन ।

[६२] ऐजन ।

र भावात्मक गरी चार किसिमले विभाजन गर्न सकिन्छ । आत्मपरक निबन्ध लेखनमा निबन्धकारले आफ्नै अनुभूतिलाई मिसाएर विषयको विवरण दिन्छ  तर वस्तुपरक निबन्धमा भने निबन्धकार तटस्थ रहेर अन्य विषवस्तुको व्याख्या गर्दछ । इतिहास, दर्शन, भ्रमण, विज्ञान, संस्कृति साहित्य, प्रकृति आदि विषयवस्तुको चयन गरी परात्मक निबन्ध लेख्न सकिन्छ । नेपाली साहित्यका यस्तै निबन्ध लेख्ने एउटा सफल निबन्धकार यदुनाथ खनाल हुन् ।

खनालका विभिन्न फुटकर निबन्धहरू प्रकाशित भएका छन् । तिनीहरूको अध्ययन निम्नानुसार गरिएको छ :

### ५.७.१ बाटो बिलायो

यो निबन्ध सर्वप्रथम **शारदा** पत्रिकामा विक्रम संवत १९९८ को मार्गमा प्रकाशित भएको थियो । यस निबन्धमा खनालले बाटो विलाउनको कारणलाई बडो उत्कृष्ट तरिकाले आत्मपरक शैलीमा लेखेका छन् । आफू आफ्नो लक्ष्यतिर जान सही निर्णय गर्न नसकेपछि आफ्नो बाटो बिलाएको कुरा लेखेका छन् ।

### ५.७.२ कठोरता

यस निबन्धमा कठोरताको मार्मिक  परिभाषा दिदै खनालले एउटा बघिनीको कठोरताप्रति भावनात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् । संसारमा मानिस मानिसमा परम्परागत रात दिन भइरहने चराचरब्यापी जो महासंग्राम छ त्यो जीवनको लागि आवश्यक छ र अन्तमा फाइदा कारक हुन आउँछ भन्ने तर्क खनालले यस निबन्धमा व्यक्त गरेका छन् । यसको विपरीत राष्ट्रिय घोषणाद्वारा गरिने राष्ट्र-राष्ट्रको संग्राम प्रकृतिक होइन कृत्रिम हो भन्ने कठोरताको व्यापक धारणा प्रस्तुत गरेका छन् । कठोरता सृष्टिको नियमको प्रतिकूल र नम्रता सो नियमको अनुकूल  हो भन्ने महत्त्वलाई देखाउनु निबन्धको अभिप्राय हो । यसको अभिप्राय बघिनीको कठोरताले बनाउँदैन भत्काउछ, सपार्दैन बिगार्छ । संसारका मानव जातिमा कठोर आत्म भएका

मानिसहरू भन्दा नरम स्वभाव भएका मानिसहरू बढी लोकपिय्र एवं सहनशील, सुशील भएको पाइन्छ  भन्ने वस्तुतथ्यलाई  यस निबन्धद्वारा प्रमाणित गरेका छन् ।

### ५.७.३ नारी जीवन

यो खनालको अर्को फुटकर निबन्ध हो । यस निबन्धमा नेपाली नारीहरूले पनि नचाहिंदा सामाजिक बन्धनलाई तोडी प्रगतिशील पथमा लाग्नुपर्छ भनी नारीप्रति आग्रह गरेका छन् । इतिहास र विज्ञानको आजसम्म अन्वेषणबाट नारी पुरूषको बीचमा मूलरूपले व्यक्तिगत भेद  हुनाले उनीहरूको कर्मक्षेत्र पनि सामान्य फरकै हुनपर्छ भन्ने देखिन्छ । अहिले कल्पना गर्न सकिने स्वतन्त्र सुखी सामाजिक पद्धतिमा पनि प्रत्येक पेसामा नरनारीको समान सङ्ख्या हुन आउला भनी निश्चयका साथ भन्न सकिदैन । नारी जीवनलाई एक एवम् सम्पूर्ण जीवन सम्फने बदलामा हाम्रो सामाजिक जीवनको एक अङ्गको रुपमा सम्फनुपर्छ भन्ने दिशातर्फ उनको ध्यान केन्द्रित छ । खनालका शब्दमा नारीहरूले हिन्दू समाजमा सामाजिक मर्यादा पालनलाई यथावत् राखी समाजमा प्रतिकूल असर नपर्ने गरी जीवनको विकास र उत्थान गर्न सकिन्छ भन्ने कुरामा विशेष जोड दिइएको पाइन्छ भने मानिसको लागि केही मात्रामा बाहिरी नियन्त्रण जतिसुकै भए पनि  नारीहरूमा जीवनभरको नियन्त्रणले ठूलो शारीरिक र मानसिक हानि गर्दछ ।

### ५.७.४  स्वावालम्ब एक अनुभव

यो गाउँसेवा स्मारिका पत्रिका (२०४१-२०४२.) को अङ्कमा प्रकाशित अर्को फुटकर निबन्ध हो । यस निबन्धमा स्वावालम्बन मानिसको सबैभन्दा ठूलो  कुरा हो भनेका छन् । यस निबन्धमा निबन्धकार खनालले आफ्नो पिता र दाजुको स्वावालम्बन का बारेमा बडो उत्कृष्ट तरिकाले लेखेका छन् । उनले आफ्ना पिता र दाजुबाट स्वावलम्बको पाठ सिकेको कुरा उल्लेख  गरेका छन् ।

निष्कर्षमा यदुनाथ खनालको निबन्धलेखन छोटोछरितो भइकन पनि सारगर्भित र ओजपूर्ण छ । यदुनाथ खनाल वस्तुपरक निबन्धकार हुन् । अभिव्यक्तिका आधारमा

हेर्दा उनका निबन्धहरू विवरणात्मक, वर्णनात्मक र विचारात्मक देखिन्छन् । निबन्धको रचना शैली सरल छ । थोरैमा धेरै अटाउन सक्नु यदुनाथ खनालको कलात्मक पक्ष पनि हो । उनका निबन्धहरू सबै स्तरका पाठकहरूका लागि उत्तिकै ज्ञानवर्धक र मार्गदर्शक रूपमा आएका छन् ।  खनालका सबै निबन्धहरू परिशिष्ट राखिएको छ ।

# छैटौं परिच्छेद

# उपसंहार

यदुनाथ खनालको जन्म काठमाडौंबाट अठ्तीस कोश पश्चिम, अन्नपूर्ण हिमालयको प्रेरणादायी काख, तलतिर सेती र मादीको शान्त गम्भीर मिलन अनि फराकिलो फाँट यसैबीच ठाडो डाँडामा रहेको मानुङ गाउँमा  वि.सं. १९७० श्रावण २८ गते भयो ।  त्यहाँ धेरै समयदेखि खनाल परिवार रहँदै आएको भए पनि यो परिवार शिक्षा-साधनाका फाँटमा निकै पछि परेको थियो । नरनाथ खनालले एक किसिमबाट परम्परा तोडेर काठमाडौं र अयोध्यामा बसी संस्कृतको अध्ययन गरे । अध्ययनपछि यिनी गाउँमा नै खेतीपाती गरी रहन लागे । यिनै नरनाथ र माता तारादेवीबाट यदुनाथ खनालको जन्म भएको हो ।

गण्डकी अञ्चलको तनहुँ जिल्ला  अनि मानुङ गाउँ खनालको जन्मक्षेत्र भए पनि उनको साधना-क्षेत्र र कर्म-क्षेत्र त्यो गाउँ हुन सकेन । उनी  भाग्यमा लहरिँदा लहरिँदै काठमाडौं आए, संस्कृतमा मध्यमासम्मको अध्ययन गरे ।त्यसको अतिरिक्त बी. एस्सी.,  अङ्ग्रेजी साहित्यमा एम. ए.,लन्डन विश्वविद्यालयबाट इङ्लिस एजुकेसनल थट् एन्ड प्राक्टिसमा स्नातकोत्तर डिप्लोमा गरेका थिए । अमेरिकामा डाक्टर अव्लज् ( अनरिस कजा) क्लेयरमोन्ट ग्रयाजुयट स्कुलबाट पास गरे । वि.स.२०५४ सालमा त्रिभुवन विशवविद्यालयबाट मानार्थ विद्यावारिधि आर्जन गर्न पनी उनी सफल भए । यसरी एउटा साधारण ब्राम्हणले त्यसबेला संस्कृतको शिक्षा पाउनु त स्वाभाविक थियो तर अङ्ग्रेजी दुवै विषयको गहन अध्ययन त चानचुने कुरा थिएन । खनाल संस्कृत, नेपाली र अङ्ग्रेजी भाषाका त्रिवेणीका रूपमा छन् । त्यस्तै उनी संस्कृत भाषाका कवि, नेपाली भाषाका समालोचक र अङ्ग्रेजी भाषाका कुशल कार्यकर्ताका रूपमा चिनिन्छन् ।

अध्ययनपछि २००० सालमा त्रिचन्द्र कलेजमा अङ्ग्रेजी पढाउने प्राध्यापकको रूपमा नियुक्ति पाउने खनाल एक कुशल प्राध्यापकका रूपमा थिए भने पछि प्रशासक र कूटनीतिज्ञ पनि बन्न पुगे ।  नगरपालिकाका निर्वाचित सदस्यका रूपमा उनको सामाजिक व्यक्तित्व प्रकटिन्छ भने हजारौं चेलाचेलीमा बाँडिएर रहेको उनको अङ्ग्रेजी भाषाको प्रौढ ज्ञान प्रभावकारी ठहर्छ ।

मन्त्रिपरिषद् सचिवालयका सचिव, गृहसचिव, राष्ट्रिय योजना आयोगका सदस्य, परराष्ट्र मन्त्रालयका सचिव, भारतका लागि शाही नेपाली राजदूत, आर्थिक विकास तथा प्रशासन केन्द्रका अतिथि प्राध्यापक, पुनः परराष्ट्र मन्त्रालयका सचिव, अमेरिकाका लागि शाही नेपाली राजदूत, लोकसेवा आयोगका अध्यक्ष हुँदै उनी जनवादी गणतन्त्र चीनका लागि शाही नेपाली राजदूत पदमा सुशोभित पनि  भए ।

नेपाल विश्व सम्बन्ध परिषद् परोपकार संस्थाजस्ता अनेक संस्थामा पनि उनले सदस्यका रूपमा आफ्नो सेवा अर्पित गरेका छन् । २०१२ मा वाङडुङमा भएको अफ्रो एसियन सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलका सदस्य, २०१६,१७ र १८ मा संयुक्त राष्ट्र संघीय महाअधिवेशन भाग लिने नेपाली प्रतिनिधि मण्डलका सदस्य, २०१८ मा बेलग्रेडमा भएको असंलग्न राष्ट्रहरूको शीर्षस्थ सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलको सदस्य, २०२८ मा नेपाल भारत ब्यापार तथा पारवहन सम्झौता गर्ने सन्दर्भमा नेपाली पक्षका नेताका रूपमा  उनले काम गरेका थिए । यसरी उनको व्यक्तित्व कतै गुरूको रूपमा त कतै कूटनीतिज्ञ रूपमा रहेर बहुमुखी बनेको देखिन्छ ।

प्राध्यापन, राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरका उच्च ओहदामा रहँदा आफ्नो व्यस्त समय केही न केही रूपमा बचाएर भए पनि लेखनकलालाई खनालले केही न केही चालु राख्ने प्रयास गरेका छन् ।  खनालका कृतिहरू सङ्ख्याका दृष्टिले महत्त्वपूर्ण स्थान राख्न नसक्लान् खनाल संस्कृत, नेपाली र अङ्ग्रेजी भाषाका त्रिवेणी भएका र यी तीनै भाषामा राम्रो अधिकार रहेकाले उनका कृतिहरूलाई पनि तीन प्रकारबाट वर्गीकरण गर्नु मनासिब ठहर्छ ।

परम्परा, नैतिकता, प्राचीन आदर्शलाई जीवनमा महत्त्वपूर्ण विषय मान्नेतर्फ खनाललाई उन्मुख गराउने आधार हो- संस्कृत शिक्षा । संस्कृतको शिक्षा मध्यमासम्म मात्र भए पनि निजी अध्ययनले पनि संस्कृतका नामी विद्वान्मध्ये खनाल एक मानिन्छन् । सम्वेदनशील एक कविका रूपमा रहेका छन् । अनूदित र मौलिक गरेर उनका कविताहरू संस्कृत भाषाका गहनाका रूपमा रहेका छन् । अनूदित मौलिक गरेर उनका पन्ध्र कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । यिनै कविताको सँगालो, **सूक्तिसंचय**का नामले २०३२ सालमा प्रकाशित भएको छ । खनाल जसरी संस्कृत भाषामा एक कवि र अनुवादकका रूपमा चिनिन्छन्  त्यसरी नै  नेपाली भाषामा कवि र अनुवादकका रूपमा नभएर सैद्धान्तिक र प्रयोगात्मक रूपले नेपाली साहित्य र साहित्यकारलाई केलाउने कुशल समालोचकका रूपमा । उनका समालोचनात्मक कृतिहरू १. समालोचनाको सिद्धान्त (२००३) र २. साहित्यिक चर्चा (२०३४) छन् ।

लामो अवधिमा कहिलेकाहीं चाख लागेर, कहिले अरूले लगाएको आक्षेपलाई जबाफ दिनुपर्दा, कहिले नेपाली साहित्य र साहित्यकारबारे विदेशीलाई जानकारी गराउनुपर्दा अनि कहिले आत्मसन्तुष्टिका लागि फुर्सदको बेलामौकामा लेख्ता पनि खनालले केही दिए । उनको दृष्टिमा साहित्य अरूअरू कला जस्तै मानव विशेषताले जातीय वा राष्ट्रिय विशेषता होइन । अनि उनका विचारमा साहित्यिक विभूतिहरू राष्ट्रिय वा जातीय विभूति हुनु संयोगको कुरा हो सारको होइन । तर उत्कृष्ट साहित्यले मानवताको सधैं चुचुरातिर ताक्तछ भन्ने कुरामा खनाल विश्वस्त देखिन्छन् ।

उनी संस्कृत र नेपाली भाषामा जस्तै अङ्ग्रेजी भाषाका पनि साधक देखिन्छन् अङ्ग्रेजीमा प्रकाशित उनका पुस्तकहरूमा  **रिफ्लेकसन अन नेपाल इन्डिया रिलेसन्स, स्ट्रेथट्स, नेपाल ट्रान्जिसन फ्रम आइसोलससनिज्म** हुन् । यी पुस्तकका अतिरिक्त फुटकर कृतिहरू पनि छन् । यी कृतिहरू नेपालको साहित्य, संस्कृति, परराष्ट्रनीति, इतिहास, पारस्परिक सम्बन्ध जस्ता विषयमा विदेशीहरूलाई चिनारी गराउन पनि लेखिएका हुन् । धेरै वर्ष परराष्ट्र सेवामा काम गर्दा यसरी विदेशी भाषामा लेख्नु आवश्यक पनि

हुनजान्छ । यी रचनाबाट पनि नेपालको विचार, दृष्टिकोण र गौरवलाई विश्वव्यापी बनाउन सहयोग पुगेको अनुभव गर्न उचित ठहर्छ ।

खनालको जीवनदर्शन एक विद्वान्को रूपमा त प्रतिष्ठित छँदै छ सीधा, सरल र सौम्य प्रकृतिले पनि उनको व्यक्तित्व गरिमामय छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उल्लेखनीय योगदान गरेकाले यथासमय उनले गोर्खा दक्षिणवाहु पहिला दर्जा, त्रिशक्तिपट्ट पहिला, नेपालश्रीपद दोस्रा, अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालय( क्ल्यारेमोण्ट ग्रजुयट स्कुल) बाट कानूनमा विद्यावारिधि (डाक्टर अफ ल),आदिकवि भानुभक्त पुरस्कार जस्ता मानपदवी पाएका छन् ।

यसरी नेपाली साहित्य, प्रशासन, कूटनीति,सामाजिक सेवा आदिमा अनवरत रूपमा सेवा गर्दै आएका यदुनाथ खनालको दुःखद् निधन २०६१ असोज १६ गते काठमाडौंमा भयो ।

# सन्दर्भग्रन्थसूची


**पुस्तक :**

अधिकारी, रविलाल , **नेपाली समलोचनाको रूपरेखा**,पोखराः लेकाली प्रकाशन, २०५१ ।

अधिकारी, रूद्रमणि, **संक्षिप्त साङ्ग–श्रुति**,पोखरा : लक्ष्मी प्रेस, २०२९ ।

आचार्य, जयराज, **यदुनाथ खनाल जीवनी र विचार**, काठमाडौः साझा प्रकाशन, २०५९ ।

कँडेल, घनश्याम (सम्पादक), **नेपाली समालोचना**, काठमाडौँः साझा प्रकाशन, २०५५।

खनाल, कृष्णराज, **प्रो.हरिनाथ खनाल : जीवनी र परिवेश**ः काठमाडौँ, नरेन्द्रनाथ खनाल,२०५८ ।

खनाल, यदुनाथ , **समालोचनाको सिद्धान्त**, (पाँ.सं), काठमाडौँ : साझा प्रकाशन, २०३० ।

__________, **साहित्यिक चर्चा**, काठमाडौँ : साझा प्रकाशन, २०३४।

__________, **नेपाली भामिनीविलास**,काठमाडौँ, उन्नयन प्रकाशन,२०५५

__________, **सूक्तिसञ्चय**,काठमाडौः(तृ. सं), २०५७ ।

चन्द, दिवाकार , (सम्पा), **स्व. श्री ५ वीरेन्द्र सम्झना र श्रद्धाञ्जली, स्मृति ग्रन्थ,** काठमाडौः स्मृति ग्रन्थ प्रकाशन समीति, २०५९ ।

जोशी, रत्नध्वज, **आधुनिक नेपाली साहित्यको झलक**, काठमाडौः साझा प्रकाशन, २०३९ ।

ढकाल, घनश्याम (सम्पा), **यथार्थवादी नेपाली समालोचना**, पोखराः गण्डकी साहित्य सङ्गम,२०६२ ।

ढकाल, शिव (सम्पा), **अभिलेखका पानाहरू**, काठमाडौंः निता घिमिरे (प्र), २०६१ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा), **नेपाली बृहत शब्दकोश**, दो.सं., काठमाडौंः ने रा.प्र.प्र, २०५० ।

थापा, धर्मराज , **तनहुँ फूलवारी**, पोखराः उदयबहादुर गुरूङ्ग, २०५६ ।

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा), **साझा समालोचना**, (पाँ.सं.),काठमाडौँः साझा प्रकाशन, २०५८ ।

प्रसाई, नरेन्द्रराज , **नेपाली साहित्यका समालोचक र समालोचना**, काठमाडौंः एकता प्रकाशन, २०५७।

भट्टराई, घटराज, **प्रतिभै, प्रतिभा र नेपाली साहित्य**, काठमाडौंः नेशनल रिसर्च एसोसियट्स, २०४० ।

__________ (सम्पा.), **स्नातकोत्तर नेपाली समालोचना**, काठमाडौँः पैरवी प्रकाशन, २०५९ ।

भण्डारी, पारसमणि र माधव पौडेल, **साहित्यशास्त्र र नेपाली समालोचना**, काठमाडौंः क्षितिज प्रकाशन २०६१ ।

मिश्र, डिल्लीराम, **नेपाल अधिराज्यमा तनहुँ**, काठमाडौंः हिंसी अफसेट प्रेश, २०५८ ।

__________, **नेपालको प्रजातान्त्रिक विकासक्रम र काठमाडौँ उपत्यकाको निर्वाचन**, काठमाडौं, शर्मिला मिश्र, २०६० ।

शर्मा, तारानाथ , **नेपाली साहित्यको इतिहास**, काठमाडौंः अक्षर प्रकाशन, २०५६ ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल, **शोधविधि**, (दो.सं.), काठमाडौंः साझा प्रकाशन, २०५५ ।

शर्मा, सुकुम, **पारिजातका कविताको अध्ययन**, काठमाडौँ सनलाइट पब्लिकेसन, २०६२ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (सम्पा),**नेपाली साहित्यको सक्षिप्त इतिहास**, (छै .सं.), काठमाडौँः साझा प्रकाशन, २०५९ ।

सुवेदी, राजेन्द्र ,**नेपाली समालोचना परम्परा र प्रवृत्ति**, भारतःभूमिका प्रकाशन, २०६१ ।

**पत्रपत्रिका :**


*अन्तराष्ट्रिय मञ्च,* काठमाडौः वर्ष २१, अङ्क १,  कार्तिक, २०६१ ।

*अन्नपूर्ण पोष्ट,* काठमाडौंः वर्ष ३, अङ्क १५७, असोज १७,२०६१ ।

*कान्तिपुर,* काठमाडौंः वर्ष १२, अङ्क २२८, असोज १७,२०६१ ।

*गण्डकी सामाजिक गुठी,* सरदार प्राध्यापक यदुनाथ खनाल, काठमाडौँः, गण्डकी सामाजिक गुठी,२०५६ ।

*गोर्खापत्र,* काठमाडौंः वर्ष ८५, अङ्क २७३, माघ २६,२०४२ ।

__________, काठमाडौंः वर्ष १०४, अङ्क १५१, असोज १७,२०६१ ।

गौतम, कृष्ण, *गरिमा,* वर्ष २४, पूर्णाङ्क २८१, वैशाख २०६३ ।

*नेपाल समाचार पत्र,* काठमाडौंः वर्ष ९, अङ्क २६६, असोज १७,२०६१ ।

*प्रज्ञा त्रैमासिक,*  काठमाडौं वर्ष ७ अङ्क २ पूर्णाङ्क २४, २०३५, यदुनाथ खनाल, (अ.वा.) प्रभात-वर्णन ।

भट्टराई ,देवेन्द्र, *गरिमा,* काठमाडौंः वर्ष १९, अङ्क ६, पूर्णाङ्क २२२,  जेठ ,२०५८, अन्तर्वार्ता ।

भट्टराई,मदनकुमार, *गरिमा,* काठमाडौंः बर्ष २३, अङ्क १०, पूर्णाङ्क २७४, असोज, २०६२ , यदुनाथ खनाल स्मृती लेख ।

__________, काठमाडौंः बर्ष २३, अङ्क ११, पूर्णाङ्क २७५, कार्तिक, २०६२ यदुनाथ खनाल स्मृती लेख ।

मिश्र,डिल्लीराम, *गरिमा,* काठमाडौंः२०६१,पौष , “नेपाली वाङमयका प्राज्ञिक धरोहर सरदार यदुनाथ खनाल ।”

*शारदा* काठमाडौं बर्ष १२, अङ्क ९ ।

*समकालीन साहित्य,* काठमाडौंः वर्ष १, अङ्क ३ ।

__________, काठमाडौंः वर्ष ६, अङ्क १ ।

__________, काठमाडौंः वर्ष ७, अङ्क ३ ।

__________, काठमाडौंः वर्ष ७, अङ्क ८ ।


*समय,* काठमाडौँः २८ असोज,२०६१, युवराज घिमिरे ।

*साप्ताहिक विमर्श,* काठमाडौंः वर्ष ३४ अङ्क १३, असोज २२,२०६१ ।

# परिशिष्ट – १

## यदुनाथ खनालको जन्मकुण्डली

रामचन्द्र रम्घालीले "उनको आफ्नो विधिले जन्मदिन १९७० श्रावण २८ गते बिहान ७:३० तिरको जन्मेको देखी निम्न कुण्डली त्यसबेलाको ग्रहस्थितिमा तयार पारिदिएँ " भन्दै तयार पारेको यदुनाथ खनालको जन्मकुण्डली :



# परिशिष्ट – २

# निबन्धहरू

## २.१ बाटो बिलायो

फाल्गुन महिना थियो । वर्षकालको घनसंग्रामको वृष्टिले बढेका खोला छहराहरू पनि अझसम्म रोकिराखेका बाटाघाटालाई क्रमश : छोडी साना हुँदै गएका थिए । त्यस्तै वर्षाको पानीले मौलाइ उठेका झार, पात, बुटाहरू पुष माघको ठण्डीले कठ्याङ्ग्रिइ विस्तार विस्तार बिलाउदै गएका थिए, राम्ररी बाटो बनिसकेको थिएन- बगरमात्र बसेको  थियो झारपातको बिचबाट गोरेटो खाँदिइसकेको थिएन ! जता हेऱ्यो उस्तै; बाटो कतै छैन ।

दिन बिते, हप्तौ बिते । यही अन्धकारमा, यतिसम्म अन्धकार कि एउटा बाटो अवश्य समात्नु पर्दछ भन्ने समेत ज्ञान आफुलाई छैन । प्रकाश कतै छैन । जसका भित्र म गुटुमुटिएको थिएँ या म भित्र जोगुटमुटिएको थियो, त्यो वायुमण्डलसमेत संकुचित र अन्धकारमय थियो ।

अति बिस्तारसित यो बादलमय ढकनी अलिकति खुल्यो, बदली त सधैं रहँदैन ! तर कालो बादललाई नाघी टहटह घाम लाग्न पनि केही समय लाग्छ । अन्धकार प्राय : मधुरो प्रकाशमा समय ढिलोसँग घिसँदै बित्यो ! कतै कतै अलिअलि पैतलाले कोरिएको डाम देखिएजस्तो हुनलाग्यो । धेरै पछि गोरेटो पनि हो कि जस्तो भयो । छामछाम छुमछुम गर्दै त्यो उज्यालो जस्तोमा त्यति थोरै साधन लिई एउटा गोरेटो समातें ।

दिन भनिन, रात भनिन; त्यो गोरेटो लिएँ आफ्ना पूर्व पुरुषहरू धेरै गएका हुनाले अरु भन्दा यो धेरे खँदिएको थियो । अरुभन्दा स्पष्ट पनि थियो । त्यो मार्ग थियो अतिसँधुरो, दुर्भेद्य बन्धनले परिबेष्टित, समपिस्थ पान्थको मनलाई आल्हाद गर्ने सुगन्धले सपन्न पुष्प वृक्षले शुशोभित र प्राचिनकालदेखि सुरक्षित अनेक उपवनहरू थिए; परन्तु अत्यन्त पुरातन हुनाले त्रिचतुर पुष्पफलहरूमा भयानक रोगप्रचारक

कीटादि समेत लिप्त थिए ! फेरि कुनै गन्धहरू प्राचीन-पान्थका मनोरोचक भए तापनि समयानुसार आधुनिक यात्रीहरूको दृष्टिमा दुर्घन्धरूपमा परिणत भएका थिए ! लतारूपि शृङ्खलामा अनेक यात्री जेलिएका थिए ! जुन वस्तुको अन्वेषणमा उनीहरूले त्यो मार्गग्रहण गरेका हुन् , यो विषयको समेत धेरैलाई वास्तविक ज्ञान थिएन !

यही मार्गको मैले पनि अवलम्वन गरें ! प्राचिन यात्रीहरूले महान प्रयत्नले सम्बर्धन गरेका सुगन्धमय फूलहरूको अपूर्व उपभोग गरें र आनन्द पनि ! सीधासँग चलिरहेको थिए । शब्द थिएन; तर अति प्रत्यय थियो । संकुचित एकमात्र मार्गमा दत्तचित्र हुँदा तुलनाशक्ति यथायोग्य विकसित नभएकोले सुगन्ध दुर्गन्धको समिचीन प्रकारले विवेचना गर्ने सामर्थ्यमा उत्पन्न भएन, तथापी त्यो मार्ग नछोडी क्रमशः सोपानको आरोहण गर्दै थिएँ । अन्त्यमा मध्यम श्रेणीको सोपान पनि निकै फुर्तिकासाथ चढेको  मात्र थिएँ, असाध्य थकाई लाग्यो र सो थकाइ मार्नालाई त्यही बिचबाटाको बासमा सुतें ! स्वप्न देखेछुः उही बुढो अन्तस्करण बाबाले भनिरहेको :-

“लाटा बाटो बिराईस् । अझ पनि त्यो दुर्गम, लहराको झ्याङ्गले जेलिएको बाटो लिइस् भने कहिले ठाँउमा पुग्लास् ?  फर्कि, बच्चा ! ऊ त्यो बाटो समात् । हेर, कति सोझो छ ? हो ठाउँठाउँमा खाडल पनि छन्, तीदेखि बच्नू, चाडैनै लक्ष्यमा पुग्नेछस्,फर्कि ।”

मनमा विकल्प पैदा हुनथाल्यो ! वास्तवमा सपना सपनै हो, एकपल्ट लिएको बाटो छोड्नु ठीक छैन भन्ने पनि विचार आयो । वर्षौको परिश्रम चटक्क खेर त कसरी जाला ? भन्ने समझको पनि असर पऱ्यो । पहिलेका बाटोले अनुभव केही न केही दिएकै छ, त्यो अनुभव पनि एक किसिमको सहाय बन्छ । बाटो अलिअलि नयाँ बाटो लिएका पुरुखाहरू देखिन लागे । मलाई बोलाउन पनि थाले । आखिरमा नयाँ बाटोले लोभ्यायो , फर्के र यही बाटो लिएँ ।

त्यो बाटो राम्ररी लिनलाई चार सिंढिबाट उक्लनु पर्दथ्यो । यी चार सिंढि ज्यादा कडा न  हुनाले मेरो पनि यही बाटो लिने निश्चय भयो । बाटो त सजिलै देखिएको थियो , चार सिंढी पनि फड्के अब देखिन लागे बिचविबचका खाडल, मन आँत्तियो; के गरौं, कता लागौं भइरहेको थियो; सपना हो कि विपना यसको समेत थाहा थिएन, अकस्मात अन्तस्करणबाबा लठ्ठि टेकी न्यायालयको अगाडि खडा भएको देखियो ।

मलाई शंकाले छायो, पक्क परी हेरीरहेको थिएँ, अन्तस्करणबाबाले यो कथा भन्यो - "फलाना तरहले त्यही बाटोमा लगेको थियो, दुइ चार चोटि संझाएँ हठै गऱ्यो, नालिस नदिइ, आखिर फैसला भयो । झगडियाले जित्यो । अपील पनी दिएँ, उहाँ पनि उही फैसला कायम भयो । सारै अन्यायमा परेबाट चित्त न बुझी यो उमेरमा न्यायालयको आगाडि खडा भइरहेको छु, मेरो  पूरा विश्वास छ कि सत्य छिप्तैन, आखिर सत्यकै विजय हुन्छ, न्यायकै विजय हुन्छ सर्वथा इन्साफ पुगेको खण्डमा त्यो बाटो जान त पाउँदैन ।" हुन पनि आखिरमा न्यायलयबाट मुद्दा उल्टियो । अन्त अन्तस्करणबाबाले जितापत्र लियो ।

आखिरमा मैले फेरि नयाँ रस्ता लिनु पऱ्यो । अनुभव निकै भइसकेको थियो, यसले बाटामा मद्दत पनि निकै दियो । कति छोटा-बाटा भेट्टिए,  कति खुड्किला सजिलैसित उक्लिए; तर बाटो बिलकूल नयाँ थियो । बाटो थियो ह्यामलेट र ड्याफो डिल्सले भरिएको । चमत्कारी आधुनिक बिनुलीका आविष्कारमाय सवारी थिए । कतै मनमोजी चराहरू जस्तै उड्न पनि पाइन्थ्यो; कतै विशाल सागरलाई पार गरिन्थ्यो, नडबीकन । बिचबिच को थकाइ मेटाउन कतै थिएटर, सिनेमा र रेडियोको गीतध्वनी थियो । ठाउँठाउँमा अखबार मासिक पत्रहरू पढ्ने अखडाहरू थिए; ठाउँठाउँमा सुन बनाउने चेष्टामा लागेका शिल्पपज्ञहरू थिए, कतै चन्द्रलोक पत्ता लाउनाको लागि बिमानमा चढ्न लागेका थिए: कोही मङ्गललोकको नहरको परीक्षण गर्ने लागेका थिए; कोही ढुङ्ग्रोमा बालक उत्पन्न गराउन लागेका थिए; भारी भारि दुरबीन लिइ कतै घिमघिमे तारालाई निहार्न लागेका थिए । कहीं पहाड खनिएको थियो । कहीं समुद्र पुरिएको थियो ! बाटो सजिलै अनौठाको थियो !

यो बाटो आउने लाटा लंगडा पनि बाठै गनिन्थे । काँचुली बदलिन्थ्यो ! बाटो त लामै थियो; तर स्मरणीय थियो । अघि जान खोज्ने अघि जान पाउँथे । पछि बस्न खोज्ने पछि बस्न पाउँथे; ज्यादा बन्धन थिएन । कतै हल्ट गरी हेरौं, डुलौ भनेको खण्डमा पनि सवारी मिल्यो चमत्कारी मोटरकारि-परमाणु विच्छेद गरेर आएको शक्तिले मोटर चलेको थियो, कही कस्मिक कीरणवाट मिलेको शक्तिले बाटोमा न भूत थिए, न बोक्सी । फरकफरक चश्मा मिल्दथे चश्मा लाउनासाथ पृथ्वीको गोलाकार स्पष्टै झल्कन्थ्यो, मिहिनेत पर्दैनथ्यो ।

बिचबिचमा यस्तै किसिमका उपभोग गर्दै मूल सडकबाट चलेकै थिएँ, , गति पनि राम्ररी बढेकै थियो चारओटा भारि भारि खुड्किला थिए, जसमा लिफ्टको मद्दत चाहिन्थ्यो । लिफ्ट पनि मिलेकै थियो । यसले तीन खुड्किला उक्लें ।

बाँकि खुड्किलो उक्लने चेष्टा गर्दै-थिएँ, अकस्मात मुटु हल्लियो , आँखा धमिलिएः खुट्टा काँप्न थाले, दम बह्यो; क्रमशः निर्मल आकाश लाई कालो बादलले ढाक्न थाल्यो । प्रकृतिले पनि भयङ्कर स्वरूप धारण गर्दै गयो । यो लामो बाटा मा आजसम्म दयादृष्टि साथ बाटो देखाइ रहने सूर्यनारायण पनि 'पख है' भनी लुके । मेरो अगाडि खडा भयो एक भीषण अन्धकार र प्रकृतिको भीषण छटा । त्यो बीच ठाउँमा पुगेर मेरो बाटो विलायो ।

*शारदा बर्ष ७ अङ्क ८ मार्ग*

## २.२ स्वावालम्ब एक अनुभव

गाउँ सेवा कोष स्वाबलम्वद्वारा गाउँको विकास गर्न प्रेरणा दिलाउने उद्देश्यले खडा भएको संस्था हो । यसमा प्रेरणा शब्द मननीय छ । किनभने प्रेरणाको अभावमा भौतिक साधन अपर्याप्त हुन्छ । यस संस्थााको कार्य क्षेत्र तनहुँबाट शुरू भएको हो तापनि अहिले क्रमशः अरू-अरू जिल्लामा पनि फैलिदै गएको छ । तनहुँङ्गेलीले, तनहूँ ङ्गेलीको लागि भन्ने कुनै संकीर्ण भावना यसभित्र छैन । तर पनि यो कोषको गतिविधिमा ऐतिहासिक र व्यावहारिक कारणले गर्दा तनहुँले विशेष स्थान पाएको छ । म पनि तनहूँ गाउँमा झण्डै त्रिहत्तर वर्ष अगाडि एक असम्पन्न खनाल परिवारमा जन्मेको नेपाली नागरिक भएकोले स्वावलम्बका मेरा तीता-मीठा अनुभव गाउँ सेवाको सन्दर्भमा प्राङ्गिक र शिक्षा रहनसक्ला कि भन्ने विचारले यो लेखमा उत्तार्ने धृष्टता गरेको छु । लेख सर्वथा कतृपरक छ । आत्म-जीवनपरक कमजोरीको लागि म पाठकहरूसँग क्षमा याचना गर्दछु ।

मैले स्वावलम्बको पहिलो पाठ मेरा पिताजी नरनाथबाट सिकेको हुँ । उहाँका कार्यकलाप, चिन्तन, मनन सबै स्वावलम्बप्रति उन्मुख थिए । उहाँको जन्म सं. १९२७ मा भएको हो । मैले थाहा पाएसम्मको बाल्यकलमा हाम्रो परिवार माता, पिता, तीन छोरा र पाँच छोरी जम्मा १० जनाको थियो । विवाहको प्रक्रियामा केही छोरीहरू अन्यत्र गए भने कही बुहारीहरू आए । अन्दाजी १० रोपनी जति पाखो र झण्डैत्यति नै जति खेतको आयस्तामा हाम्रो परिवारले गुजारा गर्नुपर्दथ्यो । जेष्ठ पितृव्य र कनिष्ट पितृव्यको परिवारमा जग्गा जमीन उत्ति नै भए पनि सानो परिवार भएको कारण हामीलाई भन्दा शायद कम कठिनाई थियो । हामी भन्दा पनि कठीन परिस्थितिमा दुई चार अरु ब्राह्मण परिवारहरू थिए । पाखो मात्र भएका, खेत नभएका धेरै मगर परिवारहरू थिए । जसको हालत हाम्रो भन्दा धेरे कठीन थियो । एकाध गोर्खा पेन्सनवाला परिवार यसमा अपवाद थिए । तर गाउँका अरू धेरै ब्राह्मण परिवारको

आर्थिक अवस्था धन, जन, जग्गा, पशु आदिको कारण हाम्रो भन्दा धेरै राम्रो र रवाफपूर्ण थियो । सम्पन्न एक गुँडलाई मानहुङ्गे साहु भन्ने जन-ख्याति पनि थियो ।

यसकारण यस्तो नाजुक परिस्थितिबाट उम्की प्रगति पथमा उकृन हामीलाई पविारकै आर्थिक परिस्थितिभित्र कुनै उपाय थिएन । काठमाडौं छ सात दिनको बाटो थियो । उन्नत बीजको कुरा त्यसवेला सुनिएको पनि थिएन । विकराल सुख्खा पाखो जग्गामा पानी पुऱ्याउन सक्ने कुनै सम्भावना थिएन । मानहूँमा पानी महँगो भन्ने उखानै थियो । अत्यन्त सस्तो अनाजको भाउने पनि जमीनको सुधारमा बढी पूँजी खर्च गर्ने प्रेरणा दिदैनथ्यो । आवश्यकता थियो जसले यथास्थिति केही ठोस परिवर्तन ल्याओस् । यस किसिमको निरपेक्ष वारिवारिक बाध्यताले पिताजीको स्वावलम्बी, साहसपूर्ण विद्योपार्जनलाई बोलायो । उहाँले पोखरा, काठमाडौं, अयोध्या आदि विद्यास्थलहरूमा निष्किञ्चन अवस्थामा बडो साहसका साथ गई संस्कृत विद्याको उपार्जन गरी अन्दाजी सं. १९५० तिर घर फर्कनुभयो । दुभार्ग्यको चक्र विद्या र आत्म-बलले फोड्न सकिन्छ भन्ने देखाउनु भयो । खनाल परिवारमा अध्ययन-अध्यापन अफाप हुन्छ भन्ने अन्ध-विशवासले गर्दा सम्पूर्ण गाउँलेहरू नै बिलकूल अशिक्षित भएको बेला विषम आर्थिक परिस्थितिमा केवल आत्मबलको आधारमा देश-विदेश भौतारी शिक्षा उपार्जन गर्नु स्वावलम्बको ज्वलन्त उदाहरण थियो । यसैले गर्दा हाम्रो परिवारका विद्याप्रति चेतना सदैव तीव्र रहेको छ । छोरीहरूको शिक्षाप्रति चेतना आउन अझ धेरै समय लाग्यो । तर पिताजीको तनिवटै छोराहरूको नियमित शिक्षाको निमित्त आफैले प्रयत्न साथ सिकाई वा विद्या स्थलहरूमा पुऱ्याएर अवसर दिलाई ठूलो योगदान गर्नुभयो । हामी तीनै भाइले उहाँकै प्रेरणामा संस्कृत मध्यमा सम्मको पढाई पुरा गऱ्यौं । गाउँमा अरू बालकहरूलाई बोलाईबोलाई पढाउने कार्यक्रम चालु राखेर निःस्वार्थ सामाजिक सेवाको सुत्रपात गर्नुभयो । उहाँको दैनिक, कृषिमा आधारित गृहस्थी जीवनमा पनि स्वावलम्बीपनको ठूलो छाप थियो । उहाँले छोडेको विद्याको नासो यसै अर्थमा स्मरणीय छ । यही नासोलाई आत्मसात् गरी सं. २०३६ तिर म

चीनमा रहँदा कोरेको एक संस्कृत पद्य उतारी पिताजीतर्फको स्वावलम्ब पाठ टुंग्याउछु ।

*भूमिंलब्ध्या ऽनुभवति सुखं कश्चिदंशे पितुर्वा हर्म्यं कश्चित्*
*सुललित कलापूर्ण भागान्वितं वा कश्चिद्र रत्न विभवनिधनं*
*यत्नलभ्यं परं मे विद्यान्यासो बहुतरमतः पैतृको दायरुप : ।*

अर्थात् कोही छोरा बाबुको अंशमा जग्गा जमीन पाएर सुखी हुन्छ, कोही राम्रो कलाले पूर्ण भागहरूले भरिएको महल पाएर सुखी हुन्छ, कोही ऐश्वर्यको खानी स्वरुप, परिश्रमले पाइने हिरारत्न पाएर सुखी हुन्छ तर मेरो लागि पैतृक अंशको रूपमा आएको मात्र विद्याको नासो ती सबैभन्दा ठूलो छ ।

मैले स्वावलम्बको दोस्रो पाठ मेरा जेठा हरिनाथबाट पाएको हुँ । उहाँले संस्कृत शिक्षा पिताजीको प्रेरणा र निर्देशनमा प्राप्त गर्नु भएको हो तापनि अंग्रेजी शिक्षा पिताजीले जस्तै ठूलो आत्मबल र अध्यवसायका साथ आर्जन गर्नु भएको । उहाँका आत्मबल अध्यवसाय र सहिष्णुता परिवारको निमित्त ठूलो प्रेरणाका स्रोत भएका छन् । यसैलाई लिएर म दिल्लीमा रहँदा रचेको खण्ड रचनाको एक पद्य यस प्रकार छ :-

*दीप्तोत्साहो यदि मतिधनच्छात्रसिहो नस स्यात् दुःख मतु*
*यदि तृणसमं नाऽस्य दैवी मक्षा स्यात् धैयाधाराऽस्य*
*कठिनतमा नो तपस्या यदि स्यात् विन्धव्याप्त*
*ग्रगति सरणैं प्रेरणा काऽपिन स्यात् ॥*

आर्थात् उत्साहले लाज्वल्यवान्, बुद्धि मात्र धन भएका विद्यार्थीका सिंह उनी नहुँदा हुन त, दुःखलाई तृण समान मान्ने उनको देवी सहिष्णुता नुहँदो हो त, धैर्य ने आधार भएको अत्यन्त कठीन उनको तपस्या नहुँदो हो त बिध्नले भरिएको प्रगतिको बाटोमा कुनै प्रेरणा पनि हुँदैनथ्यो ।

दाजु नरहरिनाथबाट धेरै कुरा सिकेको छु, खास गरेर अंग्रेजी शिक्षाको आधार । मेरी जीवन यात्रमा यो शिक्षा विभिन्न रुपमा सन्तोषजनक भएको छ । मेरो अंग्रेजी विद्याप्रतिको तिर्खा र उहाँको मेघ वर्षालाई मैले यसरी उतार्न खोजेको छु -

*आस बाल्येडबुध इव हठादाँल्ग विद्या मृतषी वर्षायाची*
*तपनसमये चातकोडतृषार्त : । मेघो भूत्वा सरस बिपुलोडवर्षयद्*
*वारिधारा शेक्स्पेरादि प्रणणमधुरा सिवनजोगति बीजाम् ॥*

अर्थात् म बालककालमा, ग्रीष्म समयमा वर्षा डाक्ने तिर्खाएको चंखेवा जस्तै अवुझ झैं हठैले अँग्रजी विद्यारुपी अमृत इच्चा गर्ने थिएँ । उनले रसले चमच मिएको मेघ भएर शेक्सपिएर आदिको रचनाले मधुर, जागृति रुप बीउलाई भजाउने पानीको धारा वर्षाए ।

उहाँले त्रि-चन्द्र कलेजमा धेरै वर्ष अध्यापन गरेर र समय-समयमा नेपाली भाषामा विभिन्न रचनाहरू रचेर आफ्नो शक्तिले भ्याएसम्म देशको सेवा गर्नुभयो । यी सबै कुरा मैले उहाँबाट सिकें तर मैले उहाँबाट सिकेका कुराहरू मध्ये सबभन्दा महत्त्वपूर्ण कुरा स्वावलम्बको शिक्षालाई लिएको छु । स्वावलम्बीको लागि पनि सहायक तत्त्वहरू हुन्छन् । कुनै पनि सहायता कृतज्ञताको विषय हो । तर व्यक्तिको विकासमा वा गाउँको विकासमा वा गाउँको विकासमा वा गाउँको विकासमा वा राष्ट्रको विकासमा सहायता निर्णायक हुन सक्तैन । सहायतामा मात्र उठ्न खोज्ने व्यक्ति, गाउँ वा राष्ट्र सक्कली अर्थमा उठेको मैले देखेको छैन । आफ्ना ओहोदाको जिम्मेवारीको सिलसिलामा मैले धेरै देश देशावर देखे, घुम्ने मौका पाएँ । तथ्य यही भेटे कि स्वावलम्ब नै विकास र सम्मानको निर्णायक वस्तु हो । यो स्वावलम्ब हाम्रो परिवारमा अहिले ती  पिंढीसम्म पुगेको छ । जसको  फलस्वरुप परिवारका केही सदस्यहरू तनहुँबाट बढेर काठमाडौंमा बसोबास गरेका छन् भने केही अमेरिकामा छन् ।

*(गाउँसेवा स्मारिक २०४१-०४२ अङ्क ४)*

## २.३ नारी-जीवन

इतिहास र विज्ञानको आजसम्मको गवेषणाबाट नारी र पुरुषको बीचमा मूल रूपले प्राकृतिक भेद भएको हुनाले उनीहरूको कर्म क्षेत्र पनि सामान्य रूपले फरकै हुनपर्छ कि भन्ने देखिन्छ । अहिले कल्पना गर्न सकिने स्वतन्त्र, सुखी, सामाजिक व्यवस्थामा पनि हरेक पेशामा नर-नारीको समान संख्या हुन आउला भनी निश्चयका साथ भन्न सकिंदैन । भित्र-भित्र शारीरिक क्षमता र चित्तवृत्ति अनुकूल विभिन्न जनाना र मार्दाना पेशाहरूको विकासहुने सम्भावना पनि छ । तर यी सबै कुरा सम्झेर पनि प्रगतिशील विचार भएका सबै नरनारीहरूले आजकालका नारीहरूको अनावश्यक बन्धनबाट छुट्कारा खोज्ने मधुरो गनगनाइलाई दिलो ज्यानले समर्थन गर्नुपर्ने देखिन्छ । सामाजिक जीवन सुसंपन्न बनाउनाको निमित्त चाहिंदा सामाजिक अनुशासनभित्र नचाहिंदा बन्धनहरू जति सबै तोड्नु नै हाम्रो पहिलो समस्या छ, उद्दण्डता हाम्रो अहिलेको समस्या होइन ।

अतएव 'न स्त्री स्वातन्यमर्हति' भन्ने वाक्यलाई अझ जोडले व्यवहारमा लगाएर हाम्रो अन्त्यमा कल्याण छ भन्ने विद्वान्हरू हामीमध्ये प्रशस्त छँदाछँदै दुनियाँको प्रवृत्ति नारीहरूको यो गनगनाइमा धैरै सत्य देख्नेतिर भएको छ पथप्रदर्शक विद्वान्हरूमाथि सबको श्रद्धा छँदैछ तापनि ती विद्वान्हरूले समर्थन गरेको सामाजिक व्यवस्थाभित्र हाम्रा दिदि-बहिनीहरूले यापन गरेको ज्यादै संकुचित जीवन देखि साधारण जनता क्रमश : दिलैदेखि असंतुष्ट हुँदै गएको देखिन्छ । पथप्रदर्शकहरू र हाम्रो साधारण जनताको बीचमा जो अन्तर बढ्दै गएको छ , सो अन्तर जनताको उपरको श्रद्धाले भन्दा विद्वान्हरूले समयका प्रगतिहरूका विषयमा बढ्ता ज्ञान बढाएर हटाउन सकिन्छ ।

जनताको अहिलेको प्रवृत्ति देख्ता विद्वान्हरूलाई आफ्नो धर्म र संस्कृतिको ख्याल नगरी, नारी-तत्वको रहस्य बुझ्ने चेष्टासमेत, नगरी, बेसुरसँग पश्चिमी देशको देखासिकी गरेको जस्तो लाग्नु एक किसिमबाट स्वाभाविक छ । किनभने झट्ट हेर्दा

आधुनिक नारीहरूको गनगनले हाम्रो समाजको जगलाई नै उखेल्न खोजेको जस्तो पनि देखिन्छ तथा यसबाट समाजमा निन्दनीय उद्दण्डता ल्याउने पनि भय छ । विद्वान्हरूका यी दुबै आशङ्कामा केही सत्य अवश्य घुसेको छ । जुनसुकै सामाजिक जीवनमा नारी-जीवन एक मुख्य अङ्ग हुनाले हाम्रो समाजमा पनि नारी-जीवनमा आघात पऱ्योभने सम्पुर्ण सामाजिक जीवनमा नै आघात पर्ने देखिन्छ । तर नारी जीवनमा या नारी-जीवनद्वारा तमाम सामाजिक जीवनमा आधात पर्ने उद्देश्य आधुनिक नारीहरूको गनगनको शायद होइन, उद्देश्य हो सुसम्पन नारी-जीवनद्वारा सुसम्पन सामाजिक जीवन विकास गर्ने । प्रचलित समाजमा नारीहरूउपर जो अनावश्यक बन्धन छ, त्यो हाम्रो धर्मको भाग होइन । पश्चिमी समाजले जस्तै हामीले पातिव्रत्य र पत्नीव्रतलाई शायद निरपेक्ष दृष्टिले हेर्न सक्तैनौं तापनि बलैले ठोसिएको पतिव्रत्य र पत्नीव्रत धर्मको भाग होइन कि जस्तो मलाई लाग्छ । यस कारण पत्नीव्रतलाई पातिव्रतयको तहमा बन्धन नतुल्याउँदा पनि पत्नीव्रत पुरुषहरू प्रशस्त पाइएझैं निर्बन्धन समाजमा पनि पत्नीव्रतमा नारीहरू प्रशस्त पाइनेछन् भन्ने उमेद गर्न सकिन्छ । पत्नीव्रतमा दृढ रहन नसक्ने पुरुषहरूलाई ताकिएको सीमाभित्र अहिले समाजका अङ्ग सम्झेझै कल्पित पतिव्रत्यमा दृढ रहन नसक्ने नारीहरू तोकिएको सीमाभित्र समाजका अङ्ग मानिने छन् । पाश्चात्य मुलुकहरूमा नारीउपर कडा बन्धन छैन तापनि पाश्चात्य नारी-समाज जीवनमा सीमित प्रदेशभित्र रहेकोबाट पनि यो अनुमान गर्नु सुसंगत देखिन्छ । हो, पाश्चात्य समाज हाम्रो समाजभन्दा फरक छ, तर जस्तो पाश्चात्य नारी-समाज बन्धनबाट छुटेर पनि आफ्नो समाजभित्र रह्यो, त्यस्तै हाम्रो पूर्वीय नारीसमाज पनि बन्धनबाट छुट्दा आफ्नो समाजभित्र रहोइन भन्ने कसरी शङ्का गर्नु ? तसर्थ अहिले स्वतन्त्र भएर पनि पुरुषको साधारण झुकावट पत्नीव्रततिर भएझैं कल्पित समाजमा पनि नारीहरूको फुकावट  पातिव्रत्यतिर नै हुनेछ ।

फेरि यो गनगनलाई प्रोत्साहन दिंदा समाजमा नचाहिंदो उद्दण्डता आउने भए पनि छ । सनातनको बन्धनबाट भरखर छुटेका अशिक्षित नारीहरूले हिंड्न नजानीकनै उत्ताउलो छाँटले उफ्रन खोज्ने सम्भावना छ । तर वास्तवमा नचाहिँदा बन्धन नहुँदा

पनि अहिले पुरुषहरू सीमित प्रदेशभित्र रहेजस्तै नारीहरू पनि सीमित प्रदेशभित्रै रहेछन् भन्ने आशा गर्न सकिन्छ । यो महत्वपूर्ण कुरा छ, किनभने, आवश्यक आत्मसंयम र आत्मानुशासन आफूभित्रबाट विकास हुने कुरा हो । हामी सबैको लागि केही मात्रामा बाहिरी नियन्त्रण जतिसुकै आवश्यक भए तापनि नारहिरूमा जीवनभरको नियन्त्रणले ठूलो शारीरिक र मानसिक हानि गर्दछ । यसको उदाहरण कैयन् असुखी घरबार छन् । अरू देशमा साहित्य, विज्ञान, राजनीति दर्शन आदि विषयमा देशले गर्व लिन सक्ने वीर नारीहरू उत्पन्न हुँदा हामीले राम्ररी साबा अक्षर चिन्ने नारीहरू उत्पादन गर्न सकेका छैनौं ।

विद्वान्हरूबाट उत्तर आउन सक्छ, 'असुखी घरबारभन्दा सुखी घरबार धेरै छन्; असुखी घरबारहरू आफ्नो उच्च आदर्शबाट च्युत हुनाले मात्र असुखी छन्  यस्तो कुनै सामाजिक व्यवस्था कल्पना गर्न सकिँदैन, जसमा प्रत्येक नागरिक सुखी हुन्छ इत्यादि' तर सुखी घरबार कुन हो ? कालप्रगतिको अध्ययन गरी समाजमा नारीहरू लाई योग्य स्थान दिन सकिनेमा पनि नदिएको देखी घबडाउने बौद्धिक विकास भएका शिक्षित व्यक्तिहरूको परिवार सुखी हो कि अन्धकारमा बसी बन्धनबाट उम्कने उपाय मात्र पनि नदेखी जतिसुकै कठोर भए पनि आफ्नै भाग्यमा रही बौद्धिक विकास गर्ने नभई सन्तोष को  छायामा रहने अशिक्षित व्यक्तिको घरबार सुखी हो ? यो गौड गरेर हेर्ने विषय छ ।

यी सब कुरा विचार गर्दा नारी जीवनमा परिवर्तन ल्याउन खोज्ने विद्वानहरूले नारी-जीवनलाई एक स्वयं सम्पूर्ण जीवन सम्झने सट्टामा हाम्रो सामाजिक जीवनको एक अङ्गको रूपमा सम्झनुपर्छ । हाम्रो सामाजिक जीवन र नैतिक विचार यथास्थित राख्ने हो भने नारी-जीवनमा कुनै किसिमको परिवर्तन ल्याउन खोज्नु व्यर्थ हो , फेरी भूल पनि हो । किनभने अरू सबै कुरासरह नारी-जीवन पनि विभिन्न सामाजिक, धार्मिक र आर्थिक  शक्तिहरूको परिणाम हो । वर्तमान वातावरणभित्र  सामाजिक जीवन अहिलेको जस्तै राखेमा नारी-जीवन पनि परिवर्तनशील संसारमा अनिवार्य अदल-वदल हुनुबाहेक जस्ताको तस्तै रहन्छ । तर  हाम्रो देशभित्रको अनुभव र अरू

देशका उदाहरणबाट हाम्रा नारीहरूको जीवनमा अदल-बदल ल्याउनुपर्ने आवश्यकता देखिन्छ भने त्यो परिवर्तनलाई ल्याउन पद्धत गर्ने र (परिवर्तित समाजलाई परिपोषण गर्ने नयाँ सामाजिक चेतनाको परिशीलन गर्नु नितान्त आवश्यक छ ।) नारीहरूको उन्नतिको लागि आजसम्म गरिएका हाम्रो देशभित्रका भिन्न भिन्न किसिमका प्रयत्न र प्रबन्धहरूबाट नारी-जीवनको विकास चाहनेहरूबाट नारी-जीवनको विकासका लागि नयाँ सामाजिक चेतनाको जरूरत छ भन्ने कुरा नारी-जीवनको विकास चाहनेहरूले समेत ठहऱ्याएको प्रतित हुछ ।

हाम्रो समाजका नारीहरूको मुख्य समस्या हल गर्नालाई वास्तवमा उनै गुणको आवश्यकता छ , जुन गुणको हाम्रो सामाजिक, धार्मिक, आर्थाक राजनैतिक समस्या हल गर्नाको लागि आवश्यक छ । यो गुण हो कुनै किसिमको संकुचिताले नधमिल्याएको, दुबै श्रेणीमा राम्रो परिचय हासिल गरेका, काम तामेल गर्ने उदारता र निरपेक्षता। यही गुणले हाम्रा नारीहरूमा नयाँ जीवनको सञ्चार गरोस् भन्ने सबको प्रार्थना छ । परम्पराको अविश्वास र आशंकाको वातावरणमा हामीले नारी-समस्या मात्र हल गर्नु ता परै जाओस, समस्याको रूपसमेत राम्ररी चिन्दैनौं ।

## २.४ कठोरता

बघिनीमा रहेको कठोररर क्रुरता कुनै गुण जाँच्तैन, दार्शनिक निर्देशनले जेसुकै, जतिसुकै भनून । दुइटा बाघले झम्टन आएमा दुइटा बाहुको बलले दुवै बाघलाई रोक्न सक्ने, बल गुण हो । तर यो अमानुषिक बल आत्म संरक्षणदेखि बाहिर अरू कुरा मा प्रयोग गर्नु सृष्टिको नियमविरूद्ध हो । आत्मसंरक्षणको लागि एकचित्त भएर जोडको आँधीको झण्डै उद्धण्ड वेगजस्तै एक सुरसँग चली आफ्नो आखिरमा कल्याण हुने उद्वेश्यदेखि रौं भर पनि कदापि नहच्कने दृढता गुण हो । तर यो दृढतालाई ढिपीमा परिणत गरी अरू अरूले प्रकट गरेको रायको ख्याल नगर्नाको अरू-अरूलाई आफ्नो-आफ्नो राय प्रकट गर्ने अवसर नदिनाको निहुँ तुल्याउनु हठ हो । मजबूतपना गुण हो , एक -से -एक दार्शनिक, वैज्ञानिक, कविहरूले भरिएको पृथ्वीमा आफूलाई अरूसरह कुनै विलक्षण काम गर्न सक्ने विलक्षण व्यक्ति देख्न सिकाउने आत्म-विश्वास गुण हो । बघिनीमा जो नदब्ने गुण छ , त्यो बल हो; बघिनीमा जो दबाउने शक्ति छ त्यो कठोरता हो ।

नर-नीति प्रधान पाठाको एकमात्र दिक्क भएर मायाका बघिनीहरू भेडीको असफताले पहिले नै सूचित  भई आफ्नो दिलमा प्रचुर मात्रामा कठोरता कायम गर्दछन् । यो कठोरता कायम गर्दछन् । यो कठोरताको आवश्यकता देख्ने नित्शे पनि हुन् । तर यो कठोरता, एक भेडीको नम्रताको प्रतिकर्मस्वरुप हुनाले उचित मात्रामा मात्र परिशीलन हुन नसकी ज्यादा परसम्म पुऱ्याइने सम्भव हुन्छ किनभने न्यूटनको भौतिक कर्म, प्रतिकर्मको समानताको लोकप्रसिद्ध नियम भए तापनि कर्मपछि त्यही कर्मको परिणाम स्वरुप जो प्रतिकर्म आऊछ , सो कम-से-कम चौगुणा बढ्ता हुन्छ भन्ने कुरा संसारको इतिहासको अध्ययनबाट स्पष्ट सिद्ध हुन आउाछ, आत्म -संरक्षणको लागि मूल उपाय सम्झिएको कठोरता पानीको तरङ्गजस्तै फैलिंदै गएर अरु बघिनीहरूले समेत नक्कल गरी चाहिदो भन्दा ज्यादा गरी अभ्यास गरिन आउँछ । दोस्रो, बघिनीको कठोरता स्वभावैले डमरुहरूमा सञ्चालित हुने सम्भव हुन्छ । बघिनीमा दबेको तर प्राकृतिक नरमपना छ , त्यो पनि डमरुहरूमा पाउन मुश्किलन

पर्छ । यसकारण आफ्नो आन्तरिक शक्तिको विशेष परिपोषण र परिवर्तनद्वारा कमजोरीहरू दवाई आत्माको पूर्ण विकास गर्नु मनुष्यमात्रको बल हो , तर उचित पमिाणमा पहिरेको सुन मात्र गहना हुन्छ, उचित पमिाणदेखि बढी गरेर सुन नै पहिऱ्यो भने पनि बोझै हुन्छ ।

बघिनीको जो अरुलाई अकार्थ अकस्मात् हमला गर्ने शक्ति छ, जो शक्ति संसारको सृष्टिप्रपञ्चको नियमप्रतिकूल हुन आउँछ । सृष्टि लगाातारसँग चलोस् सृष्टि हरहमेशा पूर्णतातर्फ झुकोस् - यही सृष्टिको नियम हो । भर्खर जन्मेको बालकले पनि आमाको दूध चुस्न जान्दछ; किनभने यति चुस्न पनि नजानेदेखि सृष्टि चल्न सक्तैन । बाबुआमाको छोराछोरीमाथि जत्तिको प्रेम हुन्छ । त्यत्तिकै छोराछोरीको बाबाुआमामाथी शायद प्रेम नहुनु यही सृष्टिको नियम को पेच पनि हो । आफुलाई बचाउने र अमर तुल्याउने मनुष्य मात्र के प्राणीमात्रको ध्येय हुन्छ । सब चराचरको ध्येय हुन्छ । छोराछोरीहरू बाबुआमालाई बचाउने र अमर तुल्याउने साधन मध्ये मुख्य साधन हुन् । यसै कारण संसारमा सन्तानको यस्तो बढ्दो अभिलाषा छ । गरीबी, दूर्दशा आदि भयङ्कर सम्भावनाहरूले पनि मानिसलाई तर्साउदैन; अत्यन्त कडा सूतिका व्यथाको अवश्यम्भावीपना र मृत्युको समेत सम्भावनाले पनि कुनै आमालाई सृष्टिको नियमको प्रतिकुल चलाउन सक्तैन । म साठी वर्ष मात्र बाँचे भनेर मेरा छोराछोरीलाई अरु साठी वर्ष बाँच्ने तूल्याएँ भने वास्तवम नै एक सय बीस वर्ष बाँचे बराबर हुन्छ जुन कुराले (नैयायिकको जीवनादृष्ट होस् वा पाश्चात्य दार्शनिकको जीवनशक्ति होस्) भर्खर जन्मेको बालकलाई दूध चुस्न सिकाउँछ त्यही कुराले बाबुआमालाई छोराछोरीउपर प्रेम गर्न सिकाउँछ । यो प्रेम सृष्टिको नियमको अनुकूल छ , त्यसैले स्वाभाविक पनि छ । फेरी यही कुराले गर्दा, यही सृष्टिको नियमले गर्दा छोराछोरीको प्रेम बाबुआमातिरभन्दा शायद आफ्नै छोराछोरीतिर विशेष गरेर ढल्किन्छ, किनभने छोराछोरीको निमित्त आफुलाई अमर तुल्याउनलाई सृष्टिप्रञ्चको नियमअनुसार बाबुआमाहरू साक्षात साधन हुन सक्तैनन् । झण्डै सबै बाबु आमाहरू साक्षात साधन हुन सक्तैनन् । झण्डै सबै बाबुआमाहरूलाई आफ्ना छोराछोरी बिग्रेलान भन्ने बडो

त्रास हुन्छ , तर पछाडि फर्केर हेर्ने चलन नभएकाले तिनै बाबुआमाहरू पनि उनीहरूका बाबुआमाको दृष्टिमा बिग्रेकै हुन्छन् भन्ने होश हुँदैन । यसरी प्रेमको सिंढी सधैं ओर्लदै जाने हुनाले विरक्त भएका बाबुआमाको केही कटुता र नैराश्यको उखान हामीमा चलिआएको छ - बाबुआमाको माया छोराछोरीमाथि, छोराछोरीको माया ढुङ्गामुढामाथि ।

यसको मतलब यो होइन कि छोराछोरीको बाबुआमामाथि बिलकुल प्रेम हुँदैन । छोराछोरीको बाबुआमा उपर प्रेम अवश्य हुन्छ शायद कृतज्ञताको भावनाले रोपेको, साहवास र संसर्गले हुर्काएको, समाजले पोसेको, धर्मशिक्षाले बढाएको ।

यसरी विचार गर्दा खालि संसारको अनुकूल चलेर मात्र संसारको निरवच्छिन्न उन्नति हुन सक्छ भन्ने कुरा देखिन आउँछ । जब म मेटिन चाहन्न, मेरो सत्ता उडाउन आउने दुष्मनसँग म हटतिनँ, त्यहाँसम्म म संसारको नियमको अनुकूल चल्दछु । यहाँसम्मको मेरो शक्ति गुण हो । तब म आफैं नमेटिने भए तापनि बघिनीको कठोरता दर्शाउनको निमित्त, अरूलाई निभाउन अकार्थ चाहन्छु, तब म सृष्टिको नियमको विरुद्ध चल्दछु र अरुलाई निभाउनुको सट्टा म आफैं निभ्न आउँछु । नित्शेको सिद्धान्तको प्रयोग गरिएको जर्मनीको स्थायी वा अस्थायी वर्तमान दुर्दशाबाट बाघको आत्म भएको कठोर हृदय वीरपूरुषको आगमनमा संसारको कल्याण सर्वथा छैन भन्ने देखिन्छ , किनभने एउटाले बाघको क्रुरता देखाएपछी अर्कोले पाठोको नम्रता देखाएर सृष्टि चल्दैन । यसकारण संसारमा प्राणी-प्राणीमा परस्परमा रातदिन भइरहने चराचरव्यापी जो महासंग्राम छ, त्यो जीवनको लागि आवश्यक छ र अन्त्यमा श्रेयस्कर हुन आउँछ । तर राष्ट्रिय घोषणाद्वारा गरिने राष्ट्र-राष्ट्रको संग्राम प्राकृतिक होइन, कृतिम हो । यसकारण अनावश्यक पनि हो ।

कठोरता सृष्टिको नियमको प्रतिकूल र नम्रता सो नियमको अनकूल हो भनी देखाउनु लेखकको अभिप्राय हो किनभने बघिनीको कठोरताले बनाउँदैन भत्काउँछ; सपार्दैन विगार्छ । वास्तवमा मेरो मात्र संरक्षण गरेर अन्त्यमा मेरो पनि संरक्षण हुँदैन । शकुन्तलालाई चराचुरुङ्गीले बचाएको होइन, यही जीवनदृष्टि या जीवनशक्तिले

बचाएको हो । सृष्टिको नियमले भन्दछ - तेरो संरक्षण गर् । यसले भन्दैन - अरुको संहार गर । मेरो संरक्षणको निमित्त म जस्तै अर्काको संहार सधै जरूरत छैन । यसैकारण मानवजातिमा कठोर हृदयभन्दा नरम स्वभाव भएका मानिस बढ्ता लोकप्रिय भएका छन् । मेरो संरक्षण निश्चित  रुपमा त्यसबेला हुन्छ जब मेरो संरक्षण हुन्छ तथा मनुष्य मात्रको संरक्षण हुन्छ । अहिलेको विश्वव्यापी नैराश्य र आशङ्काको वीचमा पनी यो कुरा स्पष्टै देखिन्छ । संसार त उन्नतितिरै लागेको छ । महाभारतको लडाँई  धर्मयुद्ध होइन किनभने कुनै मानिस मानिसकको लडाँई संयुक्त हुन सक्तैन । यो जेठाबाबु र कान्छाबाबुका छोराछोरीको लडाँई बाट गोरा भाइ र काल भाइको लडाँई तर्फ  तम्सिदै जानु पनि एक किसिमको उन्नति नै हो; तर यस विश्वकर्मयुद्ध भनेर नफुलौ । जनरल स्मट्सले पनि धर्म-युद्धभन्दा न्याय-युद्ध भन्नु ठीक सम्झे । कठोरता युद्ध-बीज हो । बाघको कठोरता र क्रुरताले कमसेकम बाघमा केही हानि पुऱ्याउन सकेको छैन, किनभने बाघहरूमा शायद परम्परा मार्ने चलन छैन ।

'तेरो संरक्षण गर्' भन्ने सृष्टिको मूलमन्त्र हृदयाकाशमा हरहमेशा झल्किरहने हुनाले अफर्झट भूइचालो आगलागी आदिको त्रास आएमा आफ्नोमा निश्चित संरक्षणका साधनभूत बालबच्चाको पनि ख्याल नगरी, वरपर नहेरी झटपट भाग्ने झुकाहट हुन्छ । यस्तो प्राकृतिक झुकावटको अनुसरण गरी सामेल गरिएको आत्मसंरक्षणमा आत्मविनाशको बीज देखिन्छ यसकारण संरक्षण नगरी आफ्नो पनि संरक्षणा नहुने र अर्काको संरक्षण नहुने र अर्काको संरक्षण गरेमा आफ्नै  संरक्षण पूर्णतया हुने हुनाले आपाततः अन्योन्याश्रय देखिन्छ । तर भन्न सकिन्छ कि जति मात्रमा अन्तर्मानवी हिंसाको लोप हुँदै गयो, उति मात्रामा मानिसले आत्मसंरक्षण गर्न सक्ने सम्भावना बढ्दै जान्छ ।

*शारदा , वर्ष १२, अङ्क ९*

# विषय सूची

**पहिलो परिच्छेद : शोधपरिचय** १–८
१.१ शोधशीर्षक ४
१.२ शोधप्रयोजन ४
१.३ विषयपरिचय ४
१.४ समस्याकथन ५
१.५ शोधको उद्देश्य ६
१.६ पूर्वकार्यको समीक्षा ६
१.७ अध्ययनको औचित्य र महत्त्व ९
१.८ अध्ययनको सीमाङ्कन ९
१.९ सामग्रीसङ्कलन १०
१.१० शोधविधि १०
१.११ शोधपत्रको रूपरेखा ११

**दोस्रो परिच्छेद : यदुनाथ खनालको जीवनी** ९–३८
२.१ जन्म र जन्मस्थान १२
२.२ पारिवारिक पृष्ठभूमि १२
२.३ बाल्यकाल १६
२.४ शिक्षादीक्षा १७
२.४.१ अक्षरारम्भ र प्रारम्भिक शिक्षा १७
२.४.२ औपचारिक शिक्षा १८
२.५ उपनयन संस्कार २४
२.६ विवाह र सन्तान २४
२.६.१ विवाह २४
२.६.२ सन्तान २४
२.६ आर्थिकअवस्था २६
२.८ कार्यक्षेत्र २७
२.८.१ प्राध्यापन कार्य २७
२.८.२ प्रशासनिक कार्य २७

२.८.३ सामाजिक कार्य २८
२.८.४ कूटनीतिक कार्य २९
२.९ रुचि, स्वभाव तथा आनिबानी ३०
२.९.१ रुचि ३०
२.९.२ स्वभाव तथा आनिबानी ३१
२.१० लेखन ३२
२.१०.१ लेखनका लागि प्रेरणा र प्रभाव ३२
२.१०.२ लेखनको आरम्भ र प्रकाशनको थालनी ३३
२.११ यदुनाथ खनाललाई शोक ३४
२.१२ भ्रमण ३४
२.१३ सम्मान तथा पुरस्कार ३५
२.१४ यदुनाथ खनालको निधन ३६
२.१५ यदुनाथ खनालका प्रकाशित साहित्यिक कृतिहरू ३५

**तेस्रो परिच्छेद : यदुनाथ खनालको व्यक्तित्व ३८–५०**

३.१ पृष्ठभूमि ४१
३.२ शारीरिक सामान्य व्यक्तित्व ४१
३.३ आन्तरिक व्यक्तित्व ४२
३.३.१ साहित्यिक व्यक्तित्व ४२
३.३.१.१ समालोचक व्यक्तित्व ४२
३.३.१.२ निबन्धकार व्यक्तित्व ४४
३.३.१.३ कवि व्यक्तित्व ४५
३.३.१.४ अङ्ग्रेजी भाषाका लेखक व्यक्तित्व ४५
३.३.१.५ अनुवादक व्यक्तित्व ४६
३.३.२ साहित्येतर व्याक्तित्व ४७
३.३.२.१ राजनीतिक व्यक्तित्व ४७
३.३.२.२ प्राध्यापक व्यक्तित्व ४७
३.३.२.३ कूटनीतिक व्यक्तित्व ४८
३.३.२.४ प्रशासनिक व्यक्तित्व ५०
३.३.२.५ समाजसेवी व्यक्तित्व ५१

३.४ धार्मिक व्यक्तित्व ५२
३.५ जीवनी, व्यक्तित्व र लेखनका बीच अन्तः सम्बन्ध ५३

**चौंथो परिच्छेद : यदुनाथ खनालको साहित्ययात्रा र तिनका चरणगत प्रवृत्ति ५१-५७**

४.१ यदुनाथ खनालको साहित्यिक यात्रा ५४
४.२ चरण विभाजनका आधार ५४
४.३ चरण विभाजन ५५
४.३.१ प्रथम चरण : (प्रारम्भदेखि २००२ सम्म) ५६
४.३.२ द्वितीय चरण: (२००३-२०३४) ५७
४.३.३ तृतीय चरण: (२०३४–२०६१) ५८

**पाँचौं परिच्छेद : यदुनाथ खनालका कृतित्वको अध्ययन ५७-८४**

५.१ पृष्ठभूमि ६०
५.२ समालोचनाको सैद्धान्तिक परिचय ६०
५.३ नेपाली समालोचनामा यदुनाथ खनालको आगमन ६२
५.४ यदुनाथ खनालका समालोचनात्मक कृतिको अध्ययन ६४
५.४.१ समालोचनाको सिद्धान्त (२००३) को विवेचना ६४
५.४.१.१ समालोचनाको ऐतिहासिक दिग्दर्शन ६५
५.४.१.२ तुलनात्मक समालोचना ६६
५.४.१.३ काव्यका लक्षण ६६
५.४.१.४ काव्यको गुण ६६
५.४.१.५ कला कलाका लागि ६७
५.४.१.६ छन्द ६७
५.४.१.७ साहित्य र समाज ६७
५.४.१.८ काव्यका भेद (महाकाव्य, खण्डकाव्य, अरू पाठय-कविता) ६८
५.४.१.९ काव्यका भेद (नाटक काव्य) ६८
५.४.१.१० काव्यका भेद (उपन्यास) ६८
५.४.१.११ चरित्र वर्णन ६९

५.४.१.१२ हास्य-रस ६९
५.४.१.१३ कविको नबुझिने हक कति छ ? ६९
५.४.१.१४ कल्पना ७०
५.४.१.१५ कविताको स्वरूप र कविको विचारमा सम्बन्ध ७०
५.४.१.१६ उपसंहार ७०
५.४.२. साहित्यिक चर्चा (२०३४) को अध्ययन ६८
५.४.२.१. नेपाली साहित्य एव  सिंहावलोकन ६८
५.४.२.२. नेपाली साहित्यमा आलोचनाको अवस्था
५.४.२.३ नेपाली साहित्यका केही समस्या ७२
५.४.२.४ नेपाली साहित्यमा प्रयोग र परम्परा आगो र पानी ७२
५.४.२.५. उमर खैथ्यामका विशेषताहरु ७०
५.४.२.६. सूक्तिसिन्धुको मूल्याङ्कनको खोजमा ७१
५.४.२.७ कवितामा बौद्धिकताको प्रयोग : हिउँ ७४
५.४.२.८ तरुणतपसी - एक दृष्टिकोण ७५
५.४.२.९ पण्डितराज सोमनाथलाई फर्केर हेर्दा ७५
५.४.२.१० हरिनाथ खनाल- एक परिचय ७६
५.४.२.११ बौद्धिकताको प्रयोग आगो र पानी ७६
५.४.२.१२ लक्ष्मीप्रसाद देवकोटा : एक अधुरो संस्मरण ७७
५.४.२.१३ लक्ष्मीप्रसाद देवकोटा र हाम्रो परम्पराको मूलधारा ७७
५.४.२.१४ एउटा सत्य कथा म भन्छु ७८
५.४.२.१५ सिद्धिचरण श्रेष्ठ एक चित्रण ७९
५.४.२.१६ कवि भूपि शेरचन र उनका कविता ७९
५.४.२.१७ कवि म वी.वि. शाह ८०
५.४.२.१८ नेपाली साहित्यमा चिन्तनको बटुलबाटुल ८०
५.५ यदुनाथ खनालका अन्य फुटकर समालोचनात्मक लेखहरूको अध्ययन ८१
५.५.१. भानुभक्त र नेपाली भाषा ७८
५.५.२. काव्यको अध्ययन ७८
५.५.३. काव्य र काव्यशास्त्र ७८
५.५.४. सिर्जना, सम्प्रेषण र समालोचना ७९
५.५.५. देवकोटा र शाकुन्तल : एक विचरण ७९
५.५.६ माधव घिमिरेका कविताको सानो परिक्रमा ८३

५.५.७ उपमा, रूपक, प्रतीक र सामाधिक सपना ८३
५.५.८ जनताले आगाध माया र ममता देखाए ८३
५.६ यदुनाथ खनालद्वारा लेखिएका मन्तव्यको अध्ययन ८४
५.६.१ मृगस्थली निबन्ध सङ्ग्रहबारे ८४
५.६.२ त्यस बखतको नेपालबारे ८४
५.७ यदुनाथ खनालको निबन्धको अध्ययन ८४
५.७.१ बाटो बिलायो ८५
५.७.२ कठोरता ८५
५.७.३ नारी जीवन ८६
५.७.४ स्वावालम्ब एक अनुभव ८६

**छैटौं परिच्छेद : उपसंहार** **८५-८८**

**सन्दर्भग्रन्थसूची**

**परिशिष्ट खण्ड**

**परिशिष्ट -१**

**यदुनाथ खनालको जन्मकुण्डली**

**परिशिष्ट -२**

**निबन्धहरू**

२.१ बाटो बिलायो
२.२ स्वावालम्ब एक अनुभव
२.३ नारी-जीवन
२.४ कठोरता

**परिशिष्ट - ३**

**हस्तलिखित नमुनाहरू**

३.१.मन्तव्य
३.२.कविता